# नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन

## २०७६



केन्द्रीय बाल न्याय समितिको सचिवालय

श्रीमहल, पुल्चोक, ललितपुर, नेपाल

# नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन–२०७६

केन्द्रीय बाल न्याय समितिको सचिवालय
श्रीमहल, पुल्चोक, ललितपुर, नेपाल

| | | |
|---|---|---|
| **सम्पादन** | : | अनुपमा पन्त, विधान खनिया, पुष्कर थापा, जेनी श्रेष्ठ |
| **प्रकाशक** | : | केन्द्रीय बाल न्याय समितिको सचिवालय |
| | | श्रीमहल, पुल्चोक, ललितपुर |
| **प्रति** | : | १००० |
| **सहयोग** | : | unicef |


| | | |
|---|---|---|
| **सर्वाधिकार** | : | केन्द्रीय बाल न्याय समितिको सचिवालयमा |


| | | |
|---|---|---|
| **प्रकाशन मिति** | : | २०७६ |
| **लेआउट/डिजाइन** | : | "क्यू ग्राफीक्स" ललितपुर |
| **मुद्रण** | : | के.एम.प्रिण्टर्स, लिंकरोड, काठमाडौं |

# केन्द्रीय बाल न्याय समितिको सचिवालय

श्रीमहल, पुल्चोक, ललितपुर
फोन नं. ०१-५५४२५६८, ०१-५५४२४५७
फ्याक्सः ०१-५५४२४५७
Website: www.cjcc.gov.np
www.supremecourt.gov.np

केन्द्रीय बाल न्याय समिति सचिवालय श्रीमहल, पुल्चोक, ललितपुर २०७५

पत्र संख्याः २०७६/०७८
प्राप्त पत्र संख्या र मितिः
चलानी नं: ६



**मन्तव्य**

संयुक्त राष्ट्र संघको महासभाबाट पारित बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ ले बाल अधिकारहरूको संरक्षण तथा कानूनको विवादमा परेका बालबालिकाहरूका लागि फरक व्यवहार गर्ने सम्बन्धमा व्यवस्थाहरू गर्नुका साथै पक्ष राष्ट्रहरूलाई आफ्नो राष्ट्रिय कानूनमा सोसम्बन्धी व्यवस्था मिलाउनुपर्ने दायित्व सुम्पेको छ । नेपालले बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ लाई सन् १९९०, सेप्टेम्बर १४ मा अनुमोदन गरी अन्तर्राष्ट्रिय जगतसँग बाल अधिकारप्रति आधिकारिक प्रतिवद्धता जनाएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले बालबालिकासम्बन्धी हकलाई पहिलो पटक मौलिक हकको रूपमा व्यवस्था गरेको थियो । वर्तमान नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ भनी धारा (३९(८)) ले प्रत्याभूत गरेको छ। बालबालिकाको सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ मा समेत कानूनी व्यवस्था गरी कार्यान्वयनमा रहेको देखिन्छन् ।

अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले बाध्यात्मक बनाएका अधिकारहरू र बाल न्यायका विषयलाई समाहित गर्दै समयानुकूल व्यावहारिक र बालमैत्री बनाउँदै २०४८ सालको बालबालिकासम्बन्धी ऐन र २०६३ सालको बाल न्याय (कार्यविधि) नियमावलीलाई प्रतिस्थापन गरी क्रमशः बालबालिकासम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ जारी भई लागु भइसकेका छन् । उक्त ऐन तथा नियमावलीमा कानूनको विवादमा परेका बालबालिकाहरूले बेहोर्नुपर्ने दायित्वसम्बन्धी व्यवस्था, बाल न्याय प्रक्रियामा संलग्न निकायहरूले अवलम्बन गर्नुपर्ने भूमिका, कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाहरूको अनुसन्धान, अभियोजन, न्याय सम्पादनलगायत समग्र न्यायिक प्रक्रिया बालमैत्री वातावरणमा हुनुपर्ने व्यवस्था रहनुका साथै ऐनले दिशान्तर र पुनर्स्थापकीय न्यायको नविनतम अवधारणासमेत ल्याएको देखिन्छ ।

तत्कालीन बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ६(१) मा प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोबैज्ञानिकलाई समावेश गरी बाल इजलास गठन गर्ने व्यवस्था भएकोमा हाल बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३०(४) मा सोही व्यवस्था रही बाल इजलासलाई मान्यता दिनुका साथै बालबालिका संलग्न कसुरको अनुसन्धान तहकिकातदेखि दिशान्तर र पुर्पक्षसमेतका बाल न्याय प्रशासनका प्रत्येक कारबाही र चरणमा बाल मनोविज्ञ वा बाल विशेषज्ञ र समाजसेवीको भूमिकालाई महत्व दिएको पाइन्छ ।

बालबालिकासम्बन्धी ऐन, २०७५ ले थप गरेको नविनतम अवधारणा तथा बालबालिकाको उमेर १८ वर्ष कायम गरेको सन्दर्भमा बाल इजलास, अनुसन्धान र अभियोजनमा संलग्न निकाय तथा बालबालिकाहरूको सुधार प्रक्रियामा संलग्न व्यक्ति तथा निकायहरूको कार्य तथा जिम्मेवारी समेत वृद्धि हुन गएको छ । बाल न्याय प्रशासनसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न हुने सम्पूर्ण निकायहरूको हौसला वृद्धि गरी उनीहरूलाई आफ्नो दायित्व र जिम्मेवारीप्रति सजग गराई बाल न्याय प्रणालीलाई प्रभावकारी बनाउन सम्बन्धित निकायहरूको सहयोग र सहकार्य जरुरी हुन्छ ।

अध्यक्ष

# केन्द्रीय बाल न्याय समितिको सचिवालय

पत्र संख्याः २०७७।०७८
प्राप्त पत्र संख्या र मितिः
चलानी नं: ७

श्रीमहल, पुल्चोक, ललितपुर
फोन नं. ०१-५५४२५६८, ०१-५५४२४५७
फ्याक्सः ०१-५५४२४५७
Website: www.cjcc.gov.np
www.supremecourt.gov.np


विशेषतः बाल न्याय प्रणालीको मान्यतालाई यथार्थपरक बनाई कार्यान्वयन गर्नको लागि राज्यका संयन्त्रहरूलाई बालमैत्री बनाउँदै अगाडि बढ्नुपर्ने हुन्छ । साथै कानूनको विवादमा परेका बालबालिकाहरूको संस्थागत सुधार तथा सर्वोत्तम हितलाई सुनिश्चित गर्न बाल सुधार गृहमा रहेका बालबालिकाहरुको शिक्षा र स्वास्थ्यमा पहुँच र जीवन यापन गर्ने सीपसम्बन्धी व्यवस्था मिलाउन अन्तर्राष्ट्रिय स्तरको मापदण्ड कायम गरी आवश्यक संख्यामा थप बाल सुधार गृहहरूको निर्माण र सञ्चालन गर्नुपर्ने देखिन्छ ।

केन्द्रीय बाल न्याय समितिले आफ्नो स्थापनाकालदेखि नै बाल न्यायको क्षेत्रमा कार्यरत निकायहरूबिच सहकार्य गर्दै समन्वयकारी भूमिका निर्वाह गर्दै आइरहेको छ । समितिको सचिवालयले कसुरजन्य कार्यमा संलग्न रहेका बालबालिकाको संख्या, मुद्दाको प्रकृति, सजायको प्रकार, फैसला गर्न लागेको अवधि, संस्थागत सुधारमा रहेका बालबालिकाहरूको विवरणको व्यवस्थापनमा जोड दिँदै आएको छ । यसै सन्दर्भमा हाल बाल न्याय प्रशासनसँग सम्बन्धित तथ्याङ्कलाई विश्लेषण गरी **"नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०७६"** प्रकाशन गर्न लागेकोमा खुशी महसुस गरेको छु । यो प्रकाशनले कसुरजन्य कार्यमा संलग्न भएका बालबालिकाहरू र उनीहरूको न्यायमा पहुँचको अवस्था तथा बाल न्याय प्रक्रियाको वास्तविकतालाई उजागर गरी सरोकारवालाहरूलाई सम्बन्धित विषयमा थप अनुसन्धान गर्न प्रेरित गर्नेछ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत प्रतिवेदन तयार गर्न आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराई प्रतिवेदनलाई यस रूपमा ल्याउन सहयोग पुऱ्याउनु हुने सबै जिल्ला अदालतमा कार्यरत न्यायाधीश तथा कर्मचारीहरू, बाल सुधार गृहहरूमा कार्यरत कर्मचारीहरू एवं प्राप्त तथ्याङ्क तथा विवरणहरूलाई सङ्कलन, प्रस्तुति तथा प्रतिवेदन तयारीमा संलग्न सचिवालयका कर्मचारीहरूका साथै यो स्थिति प्रतिवेदन प्रकाशन गर्न सहयोग गर्ने Unicef Nepal लाई धन्यवाद दिन चाहन्छु ।

प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश, सर्वोच्च अदालत
तथा
अध्यक्ष केन्द्रीय बाल न्याय समिति

मितिः २०७७।०४।१५

अध्यक्ष

# केन्द्रीय बाल न्याय समितिको सचिवालय

श्रीमहल, पुल्चोक, ललितपुर
फोन नं. ०१-५५४२५६८, ०१-५५४२४५७
फ्याक्सः ०१-५५४२४५७
Website: www.cjcc.gov.np
www.supremecourt.gov.np


केन्द्रीय बाल न्याय समिति सचिवालय श्रीमहल, पुल्चोक, ललितपुर २०७५

पत्र संख्याः २०७६।०७८
प्राप्त पत्र संख्या र मितिः
चलानी नंः ६



## मन्तव्य

आजका बालबालिका भोलिका लागि राष्ट्रका कर्णधार हुन् । उनीहरू स्वभावले नै हरेक कुरामा जिज्ञासु, उत्साही र निर्दोष हुन्छन् तथापि जानी नजानी कानूनको विवादमा पर्न जान्छन् । देशको विद्यमान फौजदारी कानून उल्लङ्घन गरी कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाहरूलाई बयस्क व्यक्तिसरह नभई छुट्टै बाल न्याय प्रणालीका मान्यताअनुसार भिन्न व्यवहार गर्नु पर्दछ भन्ने विश्व मान्यतालाई सन् १९९० को राजनीतिक परिवर्तनपछि नेपालले पनि बालबालिकाको संरक्षण र संवर्द्धनतर्फ महत्वपूर्ण कदम चालेको छ ।

नेपालको वर्तमान संविधानको धारा ३९ ले प्रत्येक बालबालिकालाई बालअनुकूल न्यायको हक, असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकसमेते मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । मौलिक हकको रूपमा रहेको उक्त संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि बालबालिकासम्बन्धी ऐन, २०७५ जारी भएको छ । वर्तमान संविधानको मूल मर्म र नेपालको समग्र यथार्थतालाई मध्यनजर गर्दै उक्त ऐनले बालबालिकाको अधिकारसम्बन्धी व्यवस्थालाई थप विस्तृत गरेको छ । अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले बाध्यात्मक बनाएका अधिकारहरूसमेत समावेश गरी बालबालिका मैत्री कानूनका रूपमा जारी भएको उक्त ऐनले नेपालको बालन्याय प्रणालीमा सुधारात्मक कदम चालेको छ । बालबालिकाको अधिकारमा उल्लेख्य परिवर्तन ल्याएको नयाँ ऐनबमोजिम नयाँ बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ जारी भई कार्यान्वयनमा आइसकेको अवस्था छ ।

नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन, २०७५ र नेपाल पक्ष रहेको बाल अधिकारसम्बन्धी महासन्धिले सुम्पेको दायित्व निर्वाह गर्नको लागि योजनाबद्ध प्रयास, स्रोत साधन, संघ, प्रदेश र स्थानीय तह सहित राज्यका सम्वद्द निकायहरू र नागरिक समाज, अन्तर्राष्ट्रिय संस्थाहरूसहितको व्यापक दायराको सहयोग र सहकार्य जरूरत पर्दछ । यसको लागि केन्द्रीय बाल न्याय समिति सदैव प्रयासरत रहेको छ ।

समितिको सचिवालयले **"नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०७६"** प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । प्रतिवेदन तयार गर्न आवश्यक तथ्याङ्कहरू उपलब्ध गराइदिनु भएकोमा सम्पूर्ण निकायहरूलाई धन्यवाद दिन चाहन्छु । यस प्रकाशन कार्यमा सक्रिय रूपमा संलग्न हुनुभएका यस सचिवालयका उपसचिव अनुपमा पन्त, कार्यक्रम व्यवस्थापक विधान खनिया, शाखा अधिकृत पुष्कर थापा र कार्यक्रम अधिकृत जेनी श्रेष्ठलाई हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

नारायणप्रसाद पन्थी
रजिस्ट्रार, सर्वोच्च अदालत
तथा
सदस्य सचिव, केन्द्रीय बाल न्याय समिति

मितिः २०७७।०४।१५

सदस्य सचिव

# प्रकाशकीय

बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ४६ बमोजिम बाल न्यायसम्बन्धी काम गर्ने विभिन्न निकायहरू बिच समन्वय गर्ने कामसमेतको लागि एक विशिष्ठीकृत निकायको रूपमा केन्द्रीय बाल न्याय समिति गठन भएको छ। तत्कालीन बाल न्याय (कार्यविधि) नियमावली, २०६३ अन्तर्गत गठित बाल न्याय समन्वय समितिले गर्दै आइरहेको बाल न्याय प्रणालीको सुदृढीकरण तथा विकाससम्बन्धी कार्यहरू हाल केन्द्रीय बाल न्याय समितिले गर्दै आइरहको छ। सरोकारवालाहरू बिच सूचनाको आदान प्रदान, सहयोग, सद्भाव र साझा प्रतिबद्धताको विकास गर्दै संविधान, ऐन र नियमावलीले सुम्पेको जिम्मेवारी निर्वाहको लागि सकारात्मक वातावरण निर्माण गर्न केन्द्रीय बाल न्याय समिति सदैव प्रयत्नशील रहेको छ।

यस सचिवालयमा प्रत्येक जिल्ला अदालतबाट मासिक रूपमा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाको विवरण प्राप्त हुने गरेको छ र सो विवरणलाई सचिवालयले व्यवस्थित ढंगबाट अध्यावधिक गर्दै आएको छ। आर्थिक वर्ष २०६२/०६३ देखि आर्थिक वर्ष २०७०/०७१ सम्म अदालतमा दायर भएका सोसम्बन्धी मुद्दाहरूको विवरण तयार गरी यस समितिको सचिवालयबाट नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०७१ प्रकाशन गरिएको थियो।

प्रचलित बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकाको उमेर हद १६ वर्षबाट बढाएर १८ वर्ष कायम गरेको सन्दर्भमा विभिन्न जिल्ला अदालतहरूमा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाहरू के कति रहेका छन् र विगतको तुलनामा हाल के कति प्रतिशतले सोसम्बन्धी मुद्दाहरू वृद्धि हुन गएको छ भनी अध्ययन गर्न आवश्यक देखिन्छ। साथै, बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ ले यस समितिलाई बाल अधिकार र बाल न्यायसम्बन्धी अध्ययन, अनुसन्धान, प्रकाशन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने दायित्वसमेत दिएको हुँदा यस समितिको सचिवालयले आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ मा जिल्ला अदालतहरूमा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाहरू के कस्तो अवस्थामा रहेका छन् सोसम्बन्धी विवरण सङ्कलन गर्नुका साथै नेपालमा सञ्चालनमा रहेका ८ वटा बाल सुधार गृहहरूमा संस्थागत सुधारका लागि रहेका बालबालिकाहरूको विवरणसमेत सङ्कलन गरी उक्त निकायहरूबाट यस सचिवालयलाई

प्राप्त भएका तथ्याङ्क तथा विवरणहरूको विश्लेषण गरी "नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०७६" प्रकाशन गरिएको छ । यस प्रतिवेदनमा सर्वोच्च अदालतबाट आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ मा बाल न्यायको सम्बन्धमा प्रतिपादन भएका केही महत्वपूर्ण नजिरहरूको संक्षिप्त विवरणसमेत समावेश छ ।

यस प्रतिवेदनको मुख्य उद्देश्य बाल न्यायसम्बन्धी कानूनी प्रावधानको बारेमा उल्लेख गर्नुका साथै कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाहरूको मुद्दाको प्रकृति, प्रतिवादी बालबालिकाहरूको विवरण, अदालतमा दायर भएका मुद्दाको विवरण तथा बाल सुधार गृहमा रहेका बालबालिकाहरूको अवस्था विश्लेषण गरी बाल न्याय प्रणालीसँग सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरूसमक्ष पुऱ्याउनु रहेको छ ।

यस प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्याङ्कको आधारमा बाल न्यायसम्बन्धी नेपालले गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू र कार्यान्वयनको मापन गर्न सकिनुका साथै यस प्रतिवेदनले विभिन्न अनुसन्धानकर्ताहरूलाई थप विषयगत अनुसन्धान गर्नतर्फ प्रेरित गर्नेछ भन्ने विश्वास लिएको छु । यद्यपि फौजदारी कानून प्रणालीको महत्वपूर्ण अवयवको रूपमा रहेको पीडित बालबालिकाहरूको तथ्याङ्क यस प्रतिवेदनमा समेट्न नसकिएको हुँदा आगामी दिनहरूमा सोतर्फ सचिवालय प्रयत्नशिल रहनेछ।

प्रस्तुत प्रतिवेदन तयारीको लागि बालबालिकासम्बन्धी मुद्दाहरूको विवरण उपलब्ध गराई सहयोग गरिदिने जिल्ला अदालत तथा बाल सुधार गृहप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रतिवेदन लेखन कार्यमा सक्रिय रूपमा संलग्न हुनुभएका यस सचिवालयका कर्मचारीहरू कार्यक्रम व्यवस्थापक श्री विधान खनिया, शाखा अधिकृत श्री पुष्कर थापा, कार्यक्रम अधिकृत श्री जेनी श्रेष्ठ, कम्पुटर अप्रेटर श्री नारायणी रेग्मी, तथा तथ्याङ्क तालिकिकरणमा सहयोग गर्नुहुने श्री विवेककुमार ठाकुर र अनुपम विष्टलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, सहयोगको लागि Unicef Nepal प्रति आभार व्यक्त गर्दछु । आगामी वर्षहरूमा थप विवरणसहित यस प्रतिवेदनको प्रकाशनलाई निरन्तरता दिने प्रतिवद्धतासमेत व्यक्त गर्दछु ।

**अनुपमा पन्त**
उप सचिव
केन्द्रीय बाल न्याय समिति सचिवालय

# सारसंक्षेप

बालबालिकासम्बन्धी ऐन, २०७५ मिति २०७५।६।२ बाट लागु भइसकेको अवस्था छ । प्रचलित ऐनले बालबालिकाको उमेर हद १६ वर्षबाट बढाएर १८ वर्ष कायम गरेको परिप्रेच्छमा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाहरूको संख्यामा गत वर्षको अनुपातमा हाल के कति संख्यामा वृद्धि हुन गएको छ भनी तुलनात्मक अध्ययन गर्नको लागि केन्द्रीय बाल न्याय समितिको सचिवालयले आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ मा विभिन्न जिल्ला अदालतमा दर्ता भएका मुद्दाहरूको संख्या, मुद्दाका प्रकृति तथा कसुरहरूमा प्रतिवादी बालबालिकाहरूको संलग्नता र निजहरूको संख्याको विवरण सङ्कलन गर्नुका साथै नेपालमा हालसम्म सञ्चालनमा रहेका ८ वटा बाल सुधार गृहहरूमा रहेका बालबालिकाहरूको विवरणसमेत सङ्कलन गरी उक्त निकायहरूबाट यस सचिवालयलाई प्राप्त भएका तथ्याङ्क तथा विवरणहरूको विश्लेषण गरी "**नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०७६**" प्रकाशनमा ल्याएको छ । यस अध्ययनको सारसंक्षेप देहायका हरफहरूमा प्रस्तुत गरिएको छ ।

आर्थिक वर्ष २०७४/०७५ मा विभिन्न जिल्ला अदालतहरूमा जम्मा २६१ थान कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाहरू दर्ता भएकोमा जम्मा २३० थान अर्थात् ८८.१२ प्रतिशत मुद्दाहरू फैसला भइसकेको र ३१ थान अर्थात् ११.८८ प्रतिशत मुद्दाहरू फैसला हुन बाँकी रहेको देखिन्छ । फैसला गर्न लागेको अवधिलाई हेर्दा, ७८ थान मुद्दाहरू चार महिना (१२० दिन) भित्र, ३४ थान मुद्दाहरू ६ महिनाभित्र, ७६ थान मुद्दाहरू १ वर्षभित्र, २४ थान मुद्दाहरू २ वर्षभित्र, ९ थान मुद्दाहरू २ वर्षभन्दा बढी अवधिमा फैसला भएको छ भने ९ थान मुद्दाहरूहरूको फैसला अवधि खुल्न नसकेको र ३१ थान मुद्दाहरू फैसला हुन बाँकी रहेको देखिन्छ ।

विषयगत रूपमा गत आ.व. २०७४/०७५ मा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी २२ प्रकृतिका मुद्दाहरू दर्ता भएका देखिन्छन् । जसमध्ये सबैभन्दा बढी जबरजस्ती करणी ११८, क्रमशः नकबजनी चोरी २५, लागू औषध २४, साधारण चोरी १७, जबरजस्ती करणी उद्योग १०, कर्तब्य ज्यान १०, ज्यान मार्ने उद्योग ९, बाल यौन दुराचार ८, सवारी ज्यान ६, हाडनाता जबरजस्ती करणी ४, केही सार्वजनिक अपराध ३, जबरजस्ती करणी अप्राकृतिक मैथुन ३, मानव बेचबिखन २, परीक्षामा अमर्यादा २, बाल विवाह २, रहजनी  चोरी १, खोटा चलन १, अपरण तथा शरीर बन्धक १, कुटपिट अंगभंग १, गोबध १, प्राचीन स्मारक १ र अन्य १२ थान रहेका छन् । यी मुद्दाहरूमा प्रतिवादी बालबालिकाहरूको संख्या जम्मा ३३० रहेको देखिन्छ । निजहरूलाई विभिन्न उमेर समूहका विभाजन गर्दा १४ वर्षमुनिका ७२ जना, १४ देखि १५ वर्षका १२० जना, १६ देखि १८ वर्षका ३५ जना र उमेर समूह खुल्न नसकेका १०३ जना रहेका छन् ।

प्रदेश तथा जिल्लागत आधारमा गत आ.व. मा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दा सबैभन्दा बढी प्रदेश नं.३ को काठमाडौं जिल्ला अदालतमा जम्मा १६ थान दर्ता भएको र सबैभन्दा

कम प्रदेश नं.१ को ┌धनकुटा, ओखलढुंगा, प्रदेश नं.२ को महोत्तरी, प्रदेश नं.३ को ┌रसुवा, धादिङ्ग, काभ्रेपलाञ्चोक, रामेछाप, ललितपुर, प्रदेश नं.४ को मुस्ताङ्ग, पर्वत, गोरखा, स्याङ्जा, प्रदेश नं.५ को पाल्पा, प्रदेश नं.६ को कालिकोट, दैलेख, प्रदेश नं.७ को बैतडी जिल्ला अदालतहरूमा जम्मा १/१ थान मात्र दर्ता भएको देखिन्छ । ताप्लेजुङ्ग, सोलुखुम्बु, मनाङ्ग, लम्जुङ्ग, नवलपुर, कपिलबस्तु, रूकुमकोट (पश्चिम), हुम्ला, डोल्पा, जाजरकोट, डोटी, डडेल्धुरा र बझाङ जिल्ला अदालतहरुमा सोसम्बन्धी कुनै पनि मुद्दा दर्ता हुन नआएको अवस्था देखिन्छ । धनुषा र सुर्खेत जिल्ला अदालतबाट विवरण उपलब्ध हुन नसकेको हुँदा यस प्रतिवेदनमा यी जिल्ला अदालतहरूको तथ्याङ्क समावेश गरिएको छैन ।

यस्तै आ.व. २०७५/०७६ मा विभिन्न जिल्ला अदालतहरूमा जम्मा ७७२ थान कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाहरू दर्ता भएका छन् । जसमध्ये जम्मा ४०९ थान अर्थात् ५३ प्रतिशत मुद्दाहरू फैसला भइसकेको र ३५९ थान अर्थात् ४६.५ प्रतिशत मुद्दाहरू फैसला हुन बाँकी रहेको देखिन्छ भने ४ थान अर्थात् ०.५ प्रतिशत मुद्दाहरूको विवरण खुल्न सकेको छैन । जम्मा दर्ता भएका मुद्दाहरूमध्ये २०१ थान मुद्दाहरू चार महिना (१२० दिन) भित्र, ७४ थान मुद्दाहरू ६ महिनाभित्र, ९० थान मुद्दाहरू १ वर्षभित्र, ७ थान मुद्दाहरू २ वर्षभित्रको अवधिमा फैसला भएको छ भने ३७ थान मुद्दाहरूहरूको फैसला अवधि खुल्न नसकेको अवस्था छ ।

विषयगत रूपमा आ.व. २०७५/०७६ मा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी ४२ प्रकृतिका मुद्दाहरू दर्ता भएका देखिन्छन् । जसमध्ये सबैभन्दा बढी जबरजस्ती करणी २०३, क्रमशः लागू औषध ११९, चोरी ९७, नकबजनी चोरी ५९, ज्यान मार्ने उद्योग ४७, जबरजस्ती करणी उद्योग ३१, कर्तव्य ज्यान २६, डाँका चोरी २०, सवारी ज्यान १७, बाल विवाह १५, अभद्र व्यवहार १३, अन्य १२, बाल यौन दुराचार १०, बहुविवाह १०, डाँका ९, हाडनाता जबरजस्ती करणी ९, केही सार्वजनिक अपराध ८, कुटपिट अंगभंग/सवारी अंगभंग ७, अपहरण ६, अपहरण तथा शरीरिक बन्धक ६, वनसम्बन्धी ६, आपराधिक उपद्रव ५, हातहतियार खरखजाना ४, विद्युतीय कारोबार ४, मानव बेचबिखन ३, आगलागी ३, किर्ते ३, चोरी उद्योग ३, पशुपंक्षीसम्बन्धी कसुर २, सँगठित अपराध २, चितुवाको छाला ओसारपसार २, जबरजस्ती करणी अप्राकृतिक मैथुन १, जबरजस्ती चोरी १, गोरू काटी मारेको १, अवैध औषधी बिक्री वितरण १, चोरीमा हुने औजार लिई हिँडेको १, खोटा चलन १, सामुहिक जबरजस्ती करणी १, विद्युतीय धरापमा पारी बाघ मारेको १, प्राचीन स्मारक १, बाघको खप्पर ओसारपसार १, सार्वजनिक हित विरूद्धको कसुर १ थान रहेका छन् । यी मुद्दाहरूमा प्रतिवादी बालबालिकाहरूको संख्या जम्मा ९९५ रहेको देखिन्छ । निजहरूलाई विभिन्न उमेर समूहमा विभाजन गर्दा, १४ वर्षमुनिका ८९ जना, १४ देखि १५ वर्षभित्रका २१४ जना र १६ देखि १८ वर्षका ४५६ र उमेर समूह नखुलेका २२७ जना रहेका छन् । साथै लिङ्गगत आधारमा हेर्दा प्रतिवादी बालकहरूको संख्या जम्मा ८५२, प्रतिवादी बालिकाहरूको संख्या २७ र लिङ्ग नखुलेको प्रतिवादीहरूको संख्या ११६ रहेको छ ।

प्रदेश तथा जिल्लागत आधारमा आ.व. २०७५/०७६ मा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दा सबैभन्दा बढी प्रदेश नं. ३. को काठमाडौं जिल्ला अदालतमा जम्मा १५९ थान दर्ता भएको र सबैभन्दा कम ओखलढुङ्गा, रसुवा, मुस्ताङ, डोल्पा र बैतडी जिल्ला अदालतमा १/१ थान मुद्दा मात्र दर्ता भएको छ । मनाङ्ग, लम्जुङ्ग र कालिकोट जिल्ला अदालतमा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी कुनै पनि मुद्दा दर्ता हुन नआएको अवस्था छ भने धनुषा, सिन्धुली, सिराहा, नवलपुर, दाङ, सुर्खेत र कैलाली जिल्ला अदालतबाट विवरण उपलब्ध हुन नसकेको हुँदा यस प्रतिवेदनमा यी जिल्ला अदालतहरूको तथ्याङ्क समावेश गरिएको छैन ।

समष्ठिगत रूपमा हेर्दा, आर्थिक वर्ष २०७४/०७५ मा विभिन्न जिल्ला अदालतहरूमा २२ प्रकृतिका कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाहरू जम्मा २६१ थान दर्ता भएकोमा आर्थिक वर्ष २०७५/०७६ मा विभिन्न जिल्ला अदालतहरूमा ४२ प्रकृतिका जम्मा ७७२ थान मुद्दाहरु दर्ता भएको देखिन्छ । यस्तै आर्थिक वर्ष २०७४/०७५ मा प्रतिवादी बालबालिकाहरूको संख्या जम्मा ३२१ रहेको देखिन्छ भने आर्थिक वर्ष २०७५/०७६ मा प्रतिवादी बालबालिकाहरू ९९५ (८५२ प्रतिवादी बालकहरू, २७ प्रतिवादी बालिकाहरू र ११६ लिङ्ग नखुलेको प्रतिवादीहरू) रहेको देखिन्छ । यसर्थ गत आ.व. भन्दा यस आ.व. मा मुद्दाको संख्या तथा कसुरजन्य कार्यम संलग्न प्रतिवादी बालबालिकाहरूको संख्यामा लगभग ३ गुणाले वृद्धि हुन गएको देखिन्छ ।

यसैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ लागु भएसँगै साबिकमा सञ्चालित सानोठिमी (भक्तपुर), मोरङ र सराङकोट (कास्की) का अतिरिक्त बाँके, रूपन्देही, पर्सा, मकवानपुर र डोटीसमेत ५ स्थान थप भई कूल ८ स्थानमा कानूनको विवादमा परेका बालबालिका राख्ने प्रयोजनको लागि बाल सुधार गृहहरू सञ्चालनमा आएका छन् । जसमध्ये सानोठिमी (भक्तपुर), मोरङ, सराङकोट (कास्की) र बाँके गरी जम्मा ४ वटा बाल सुधार गृहहरू युसेप नेपाल नामक गैरसरकारी संस्थाद्वारा सञ्चालित छन् भने रूपन्देही, पर्सा, मकवानपुर र डोटी गरी जम्मा ४ वटा बाल सुधार गृहहरू नेपाल सरकारद्वारा सञ्चालित छन् । यसरी सञ्चालित बाल सुधार गृहहरूमध्ये बाल सुधार गृह सानो ठिमी भक्तपुरमा बालक र बालिकाहरू राख्नको लागि छुट्टाछुट्टै भवन निर्माण गरी बालिकाहरूसमेत राख्न मिल्ने व्यवस्था गरिएको छ भने अन्यत्र रहेका बाल सुधार गृहहरूमा केवल बालकहरू मात्र राख्ने व्यवस्था रहेको हुँदा मुलुकभरीका बालिकाहरूलाई राख्नको लागि सानोठिमी भक्तपुरसम्म ल्याउनुपर्ने बाध्यता रहेको छ ।

यस प्रतिवेदनमा आर्थिक वर्ष २०७५/०७६ असार मसान्तसम्म विभिन्न बाल सुधार गृहहरूमा रहेका बालबालिकाहरूको विवरण समावेश गरिएको छ । जसअनुसार बाल सुधार गृह सानोठिमी भक्तपुरमा १८४ जना बालकहरू र २२ जना बालिकाहरू गरी जम्मा २१५ जना बालबालिकाहरू रहेका छन् । १९३ जना बालकहरूलाई विभिन्न उमेर समूहमा विभाजन गर्दा १४ वर्षमुनिका ३, १४ देखि १५ वर्षभित्रका ८४ र १६ देखि १८ वर्षका ९७ जना रहेका छन् भने २२ जना बालिकाहरूलाई विभिन्न उमेर समूहमा विभाजन गर्दा

१४ वर्षमुनिका ०, १४ देखि १५ वर्षभित्रका ९ जना र १६ देखि १८ वर्षका १३ जना रहेका छन् । बाल सुधार गृह सराङ्कोट कास्कीमा १४ वर्षमुनिका १ जना, १४ देखि १५ वर्षभित्रका ३३ जना र १६ देखि १८ वर्षका ३३ जना गरी जम्मा ६७ जना बालकहरू रहेका छन् । बाल सुधार गृह मोरङमा १४ वर्षमुनिका १ जना, १४ देखि १५ वर्षभित्रका ७७ जना र १६ देखि १८ वर्षका ५४ जना गरी जम्मा १३२ जना बालकहरू रहेका छन् । बाल सुधार गृह बाँकेमा १४ वर्षमुनिका ०, १४ देखि १५ वर्षभित्रका १९ जना र १६ देखि १८ वर्षका ६२ जना गरी जम्मा ८१ जना बालकहरू रहेका छन् ।

यस्तै बाल सुधार गृह डोटीमा १४ वर्षमुनिका ३, १४ देखि १५ वर्षभित्रका ६ जना र १६ देखि १८ वर्षका २७ जना गरी जम्मा ३६ जना बालकहरू रहेका छन् । बाल सुधार गृह पर्सामा १४ वर्षमुनिका २, १४ देखि १५ वर्षभित्रका २२ जना र १६ देखि १८ वर्षका ४८ जना गरी जम्मा ७२ जना बालकहरू रहेका छन् । बाल सुधार गृह रूपन्देहीमा १४ वर्षमुनिका २, १४ देखि १५ वर्षभित्रका २६ जना र १६ देखि १८ वर्षका ४२ जना र वर्ष नखुलेका २ जना गरी जम्मा ७२ जना बालकहरू रहेका छन् । बाल सुधार गृह मकवानपुरमा जम्मा १४ वर्षमुनिका १, १४ देखि १५ वर्षभित्रका २७ जना र १६ देखि १८ वर्षका ३१ जना गरी ५९ जना बालकहरू रहेका छन् ।

अतः आर्थिक वर्ष २०७५/०७६ असार मसान्तसम्म हाल सञ्चालनमा रहेका विभिन्न ८ वटा बाल सुधार गृहहरूमा जम्मा ७२५ जना बालबालिकाहरू रहेका छन् । निजहरूलाई विभिन्न उमेर समुहमा विभाजन गर्दा १४ वर्षमुनिका १३, १४ देखि १५ वर्षभित्रका ३०३ जना, १६ देखि १८ वर्षका ४०७ र उमेर समूह नखुलेको २ जना रहेको देखिन्छ ।

त्यसैगरी यस प्रतिवेदनमा बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितताको सम्बन्धमा सर्वोच्च अदालतबाट आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ मा बाल न्यायको संरक्षणको लागि प्रतिपादन भएका केही महत्वपूर्ण नजिरहरूसमावेश गरिएको छ ।

# विषयसूची

**परिच्छेद १ परिचय**

१.१. परिचय ........ १

१.२. केन्द्रीय बाल न्याय समितिको गठन ........ ३

१.३. केन्द्रीय बाल न्याय समितिको काम, कर्तव्य र अधिकार ........ ४

१.४. केन्द्रीय बाल न्याय समिति सचिवालयबाट आ.व. २०७४/२०७५ र आ.व. २०७५/२०७६ मा भएका कार्यक्रम ........ ५

**परिच्छेद २ बाल न्यायसम्बन्धी राष्ट्रिय कानून** ........ ११

२.१. बाल न्यायसम्बन्धी संवैधानिक व्यवस्था ........ ११

२.१.१. नेपालको अन्तरिम संविधान, २०६३ ........ ११

२.१.२. नेपालको संविधान ........ १२

२.२. कानूनी व्यवस्था ........ १२

२.२.१. मुलुकी ऐन ........ १२

२.२.२. मुलुकी संहिता ........ १३

२.२.३. बालबालिकासम्बन्धी ऐन, २०४८ ........ १७

२.२.४. बालबालिकासम्बन्धी ऐन, २०७५ ........ १८

२.३ बाल न्यायसम्बन्धी नियमावलीमा भएका व्यवस्था ........ २७

२.३.१ बाल न्याय (कार्यविधि) नियमावली, २०६३ ........ २७

२.३.२. बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ ........ २९

**परिच्छेद ३ बालबालिकासम्बन्धी आ.व. २०७४/२०७५ को मुद्दाको विवरण** ........ ३६

**परिच्छेद ४ बालबालिकासम्बन्धी आ.व. २०७५/२०७६ को मुद्दाको विवरण** ........ ४३

**परिच्छेद ५ बाल सुधारगृहमा रहेका बालबालिकाहरूको विवरण** ........ ७१
**परिच्छेद ६ बाल न्यायको क्षेत्रमा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर** ........ ८२
**अनुसूची**
अनुसूची १ फारमको ढाँचा
अनुसूची २ बालबालिकासम्बन्धी ऐन, २०७५
अनुसूची ३ बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६
अनुसूची ४ कसुरदार बालबालिकाको सजाय निर्धारणसम्बन्धी मार्गदर्शन (२०७५)

# परिच्छेद १

# परिचय

## १.१. परिचय

बाल न्याय बालबालिकाको सर्वोत्तम हितबाट निर्देशित र विकसित नविन मान्यता हो, जसले बालबालिकाको अधिकार र हितलाई प्रवर्द्धन गर्दछ । सुरूमा फौजदारी न्याय प्रणालीकै एक विधाको रूपमा बाल अपराधलाई समावेश गरी बालबालिकालाई बयस्कसरह फौजदारी कानूनको उल्लंघनबापत निकै कठोर व्यवहार गर्ने गरिन्थ्यो । समयको अन्तरालसँगै बालबालिकाहरूको हकमा केही नरम दृष्टिकोण लिइनुपर्ने अवधारणाको विकास हुँदै गयो र बालबालिकाले गरेको कसुरलाई बिज्याइँको रूपमा हेरी कानूनको विवादमा परेको व्यक्ति (Person in conflict with law) भनिन थालियो । विभिन्न काल खण्डमा फौजदारी कार्यमा संलग्न बालबालिकाहरूमाथि गरिएका अध्ययनहरूबाट बालबालिकाले गर्ने कसुरजन्य कार्यमा उनीहरूको कुनै मनसाय तत्व नरहने, बालिकाहरूमा गलत र सही कार्यबिचको अन्तर छुट्टयाउन सक्ने क्षमता नहुने र उनीहरूमा परिणामको बोधसमेत नहुने हुँदा समाजले अपराधको रूपमा परिभाषित गरेको कार्य गर्नको लागि उनीहरू असक्षम हुन्छन् भन्ने (Doli Incapex) मान्यताको जगबाट बाल न्यायको अवधारणाको सुरूवात भयो । बालबालिकाले गरेका यस्ता कार्यको उत्तरदायित्व अन्य फौजदारी कसुरको दायित्वसरह निजहरूमाथि थोपर्नु हुँदैन बरू बाबुआमा नभएका वा संरक्षकत्व प्राप्त गर्न नसक्ने अवस्थामा रहेका र विशेषतः कानूनसँगको विवादमा परेका बालबालिकाको राज्य स्वयंले संरक्षकत्व ग्रहण गर्नुपर्दछ (Doctrine of Parens Patriae) र उनीहरूलाई सुधार गरी सामान्य नागरिकसरह समाजमा पुनर्स्थापित गरिनु पर्दछ भन्ने मान्यताको विकाससँगै सामान्य फौजदारी न्याय प्रशासनको विकल्प स्वरूप बाल न्याय प्रणालीको खोजी हुन थाल्यो । बाल न्याय प्रणालीले कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाहरूको अनुसन्धान, अभियोजन, न्याय सम्पादनलगायतका समग्र न्यायिक प्रक्रिया बालमैत्री वातावरणमा हुनुपर्छ भन्नेबारेमा वकालत गर्दछ ।

विभिन्न अध्ययनहरूबाट बालबालिकाहरू सामाजिक वा मनोवैज्ञानिक कारणले गर्दा कानूनसँगको विवादमा पर्न जाने गर्दछन् भन्ने पुष्टि भएसँगै बाल न्याय प्रशासनलाई फौजदारी न्याय प्रशासनबाट

पृथक राखी दण्डलाई भन्दा बालबालिकाको सुधार र सामाजिक पुनर्स्थापनालाई प्रमुख लक्ष्यको रूपमा लिनु पर्दछ भन्ने अवधारणाले विश्वव्यापी रूपमा समर्थन प्राप्त गऱ्यो । फलस्वरूप बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ ले कानूनको विवादमा परेका बालबालिकाहरूका लागि फरक व्यवहार गर्ने सम्बन्धमा केही व्यवस्थाहरू गरेको छ।

नेपालले १४ सेप्टेम्बर १९९० मा बाल अधिकारसम्बन्धी महासन्धिको अनुमोदन गरी अन्तर्राष्ट्रिय जगतसँग बाल अधिकारप्रति आधिकारिक प्रतिवद्धता जनाएको छ । यस प्रतिवद्धताको कार्यान्वयन गर्ने क्रममा नेपालमा बालबालिकासम्बन्धी ऐन, २०४८, बाल न्यायसम्बन्धी नियमावली, २०५० र बाल न्याय (कार्यविधि) नियमावली, २०६३ निर्माण भई लागु भयो । हाल नेपालको संविधानले बालबालिकासम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरी धारा ३९(८) मा बालअनुकूल न्यायसम्बन्धी व्यवस्था गरेको छ । संविधानको सो व्यवस्थाको कार्यान्वयन गर्नको लागि विशेष ऐनको रूपमा बालबालिकासम्बन्धी ऐन, २०७५ लागु भएको छ। ऐ. ऐनले बाल न्यायका सम्बन्धमा विशिष्ट व्यवस्थाहरू गरेको छ ।

बालबालिकासम्बन्धी ऐन, २०७५ को परिच्छेद ४ मा बाल न्यायसम्बन्धी व्यवस्था रहेको छ। यस परिच्छेदअन्तर्गत बाल न्याय सम्पादन गर्दा विचार गर्नुपर्ने कुराहरूको बारेमा उल्लेख गर्दै कसुरजन्य कार्यको आरोप लागेको बालबालिकाहरूलाई अनुसन्धानको लागि नियन्त्रणमा लिँदा परिवारका सदस्यलाई जानकारी दिनुपर्ने, नियन्त्रणमा लिँदा बल प्रयोग गर्न नपाउने, नेल वा हतकडी लगाउन वा एकान्त कारावास वा थुना वा कैदमा राख्न नहुने, नियन्त्रणमा लिइएका बालबालिकालाई सम्भव भएमा बाल मनोविज्ञ वा बाल हितसम्बन्धी काम गर्ने व्यक्तिसँग सम्पर्क गराई आवश्यक परामर्श सेवा उपलब्ध गराउने, बाल अदालतको अनुमतिले एकपटकमा ५ दिनमा नबढ्ने गरी बढीमा २१ दिनसम्म निगरानी कक्षमा राख्न सक्नेलगायतका अनुसन्धान, अभियोजन तथा सुनुवाइसम्बन्धी व्यवस्थाहरूका बारेमा उल्लेख गर्दै सम्पूर्ण बाल न्याय प्रक्रिया बालमैत्री वातावरणमा हुनुपर्ने भन्ने व्यवस्था गरेको छ ।

साबिक बाल न्याय समन्वय समितिको सचिवालयले कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाहरूको एकीकृत तथ्याङ्कलाई व्यवस्थित बनाउन आर्थिक वर्ष २०६२/०६३ बाट जिल्लागत रूपमा सोसम्बन्धी मुद्दाहरूको तथ्याङ्क सङ्कलन गर्न शुरूवात गरेको थियो । प्रत्येक जिल्ला अदालतहरूबाट मासिक रूपमा प्राप्त हुने कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाको विवरणको आधारमा पहिलो पटक "**नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन**, २०७१" प्रकाशनमा ल्याइएको थियो ।

२०७५ साल भाद्र १ गतेदेखि लागु भएको संहिता कानून तथा २०७५ साल असोज २ गतेदेखि लागु भएको बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकाको उमेर १६ वर्षबाट बढाएर १८ वर्ष कायम गरेबाट कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दासमेत वृद्धि हुन गएको सन्दर्भमा विभिन्न जिल्ला अदालतहरूमा उक्त मुद्दाहरू के कति रहेका छन् र विगतको तुलनामा हाल के कति प्रतिशतले वृद्धि हुन गएको छ भनी अध्ययन गर्न अति आवश्यक भएकोले सोही उद्देश्यको लागि यस सचिवालयले ७७ वटै जिल्ला अदालतहरूबाट आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ को कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाहरूको विवरण उपलब्ध गराउनको लागि अनुसूची-१ बमोजिमको ढाँचामा फाराम बनाई माग गरी पठाएकोमा धेरैजसो जिल्ला अदालतहरूबाट विवरण उपलब्ध भएको छ भने केही जिल्ला अदालतबाट विवरण प्राप्त हुन नसकेको हुँदा यस सचिवालयमा प्राप्त हुन आएको तथ्याङ्कहरू तथा नेपालमा सञ्चालनमा रहेका ८ वटा बाल सुधार गृहहरूमा रहेका बालबालिकाहरूको विवरणसमेत सङ्कलन गरी उक्त तथ्याङ्कहरूलाई विश्लेषण गरी “**नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०७६**” प्रकाशन गरिएको छ ।

यस प्रतिवेदनलाई छ परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद एकमा परिचय, परिच्छेद दुईमा बाल न्यायसम्बन्धी राष्ट्रिय कानून, परिच्छेद तीनमा आर्थिक वर्ष २०७४/०७५ को कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाहरूको विवरण, परिच्छेद चारमा आर्थिक वर्ष २०७५/०७६ को कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाको विवरण, परिच्छेद पाँचमा बाल सुधार गृहमा रहेका बालबालिकाहरूको विवरण र परिच्छेद छ मा सर्वोच्च अदालतबाट बाल न्यायको क्षेत्रमा आ.व २०७४/०७५ र आ.व २०७५/०७६ मा प्रकाशित केही नजिरहरू समावेश गरिएको छ ।

### १.२. **केन्द्रीय बाल न्याय समितिको गठन**

नेपालको बाल न्याय प्रणालीलाई सुदृढ गर्न समन्वयकारी भूमिका खेल्ने उद्देश्यका साथ बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम २२ बमोजिम पहिलो पटक बाल न्याय समन्वय समितिको स्थापना भएको थियो । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४६ (१) मा बाल न्यायसम्बन्धी काम गर्ने विभिन्न निकायबिच समन्वय गर्न समेतको लागि विशिष्टीकृत निकायको रूपमा केन्द्रीय स्तरमा तोकिएबमोजिमको एक केन्द्रीय बाल न्याय समिति रहनेछ भन्ने व्यवस्था रहेको छ । साथै दफा ४६ (२) मा केन्द्रीय बाल न्याय समितिको बैठक तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ भनी उल्लेख गर्नुका साथै दफा ४७ मा प्रत्येक जिल्लामा एक बाल न्याय समिति रहनेछ र त्यस्तो बाल न्याय समितिको गठन, काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८५ को प्रतिबन्धात्मक वाक्यांशले प्रदान गरेको अधिकारको प्रयोग गरी सर्वोच्च अदालतको मिति २०७५।१२।२७ गतेको पूर्ण बैठकले पारित गरी बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मिति २०७६।०२।२० गतेको नेपाल राजपत्रमा प्रकाशनभई कार्यान्वयनमा आईसकेको छ । ऐ. नियमावलीको नियम ३० मा केन्द्रीय बाल न्याय समितिको पदाधिकारीहरूको संख्या ११ कायम भएको छ, जसअनुसार देहायबमोजिमका पदाधिकारी रहने व्यवस्था रहेको छः

| | | |
|---|---|---|
| क. | प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश | (अध्यक्ष) |
| ख. | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | (सदस्य) |
| ग. | सचिव, गृह मन्त्रालय | (सदस्य) |
| घ. | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | (सदस्य) |
| ङ. | नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | (सदस्य) |
| च. | प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी प्रधान कार्यालय | (सदस्य) |
| छ. | राष्ट्रिय बाल अधिकार परिषद्को प्रशासकीय प्रमुखको रूपमा काम गर्ने पदाधिकारी | (सदस्य) |
| ज. | समितिका अध्यक्षले मनोनयन गरेको कम्तीमा एक महिलासहित तीन जना | (सदस्य) |
| झ. | मुख्य रजिस्ट्रारले तोकेको सर्वोच्च अदालतको रजिस्ट्रार | (सदस्य सचिव) |

खण्ड (ज) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ भन्ने व्यवस्था नियमावलीले गरेको छ । साथै यस नियमावलीमा समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैँले निर्धारण गरेबमोजिम हुने र समितिले आवश्यकताअनुसार बाल न्यायसँग सम्बन्धित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेलगायतका व्यवस्थाहरू रहेका छन् ।

### १.३. केन्द्रीय बाल न्याय समितिको काम, कर्तव्य र अधिकार

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३१ मा केन्द्रीय बाल न्याय समितिको काम, कर्तव्य र अधिकारबारे उल्लेख गरिएको छ । जसअनुसार समितिको काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम रहेका छन्ः

क) बाल न्याय प्रणालीको सुदृढीकरण र विकासका लागि आवश्यक पर्ने कानूनी तथा नीतिगत व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यक सुझाव तथा परामर्श दिने,

ख) बाल अधिकार र बाल न्यायको विषयलाई नेपालका विश्वविद्यालय, विद्यालय तथा शैक्षिक संस्थाका पाठ्यक्रममा समावेश गर्न विश्वविद्यालय, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई अनुरोध गर्ने,

ग) बाल अधिकार र बाल न्यायको क्षेत्रमा नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट गर्नु पर्ने कार्यक्रमहरूको सम्बन्धमा आवश्यकताअनुरूप मार्गनिर्देश तथा समन्वय र सहकार्य गर्ने,

घ) बाल न्याय सम्पादनलाई छिटोछरितो प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि बाल न्यायको क्षेत्रमा संलग्न हुने निकायमा कार्यरत सरकारी तथा गैरसरकारी व्यक्ति तथा संस्थालाई बाल न्यायका सन्दर्भमा विकसित नवीन दृष्टिकोण र कार्यक्रमबारे जानकारी गराउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

ङ) बाल न्याय सम्पादनमा संलग्न हुने निकाय वा अधिकारीबाट सम्पादन भएका सेवा र कार्यहरूको स्तरसम्बन्धी रेखदेख तथा व्यवस्थापनसम्बन्धी कामकारबाही गर्ने, गराउने,

च) जिल्ला बाल न्याय समिति, बाल सुधार गृह वा बाल न्यायको क्षेत्रमा काम गर्ने अन्य निकायहरूको अनुगमन, सुपरिवेक्षण गर्ने तथा उपयुक्त निर्देशन दिने,

छ) बाल अधिकार तथा बाल न्यायको सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने तथा पुस्तक, स्रोत सामाग्री, जर्नल आदि प्रकाशन गर्ने,

ज) बाल अधिकार र बाल न्यायसम्बन्धी विभिन्न तालिम तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने,

झ) बाल न्याय सम्पादनको सन्दर्भमा रहेका समस्या समाधानको लागि सम्बन्धित निकायलाई आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,

ञ) बाल सुधार गृह तथा निगरानी कक्षको सञ्चालनसम्बन्धी मापदण्ड निर्धारण गर्ने र कार्यान्वयनको लागि मार्गदर्शन गर्ने,

ट) ऐनको प्रभावकारी कार्यान्वयनमा आवश्यक निर्देशन दिने ।

## १.४. केन्द्रीय बाल न्याय समितिको सचिवालयबाट भएका कार्यक्रम

बालबालिकासम्बन्धी ऐन तथा नियमावलीले दिएको अधिकार र दायित्वको परिधिभित्र रही समितिको बैठकहरूबाट भएका निर्णयहरूको कार्यान्वयन गर्दै यस सचिवालयले बाल न्यायको क्षेत्रमा विगतदेखि हालसम्म विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । युनिसेफ नेपालको सहयोगमा आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ मा यस सचिवालयबाट देहायबमोजिमका कार्यक्रमहरू सम्पन्न भएका छन्ः

**१.४.१. आ.व. २०७४/०७५ मा भएका कार्यक्रम**

**क. जिल्ला अदालतहरूको फैसलाको संगालो**

यस सचिवालयले विभिन्न जिल्ला अदालतहरूबाट मिति २०७३/१/३० देखि २०७४/११/३० गतेसम्म बाल बिज्याईसम्बन्धी मुद्दाहरूमा भएको फैसलाहरूको संकलन गरी प्रकाशनको लागि पठाएको छ ।

**ख. बाल न्यायसम्बन्धी शब्दावलीहरूको प्रकाशन**

बाल न्यायको क्षेत्रमा क्रियाशील सरोकारवालाहरू तथा विद्यार्थीहरूको सहजताको लागि यस सचिवालयले बाल न्यायसँग सम्बन्धित विभिन्न शब्दहरूलाई सङ्कलन गरी अंग्रेजी र नेपाली भाषामा व्याख्यात्मक विवरणसहितको पुस्तक तयार गरी प्रकाशनको लागि पठाएको छ ।

**ग. बाल न्याय प्रशासनसम्बन्धी अभिमुखीकरण**

विभिन्न जिल्ला अदालतका स्रेस्तेदारहरूलाई लक्षित गरी मिति २०७३/४/१४, १५ र १६ गते बाल न्याय प्रशासनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । जसअन्तर्गत २५ जना स्रेस्तेदारहरूलाई बाल न्याय प्रशासनसम्बन्धी अभिमुखीकरण गरियो ।

**घ. मिसिल अध्ययन**

यस कार्यक्रम अर्न्तगत कानूनको विवादमा परेका बालबालिका संलग्न मुद्दाहरूको मिसिल अध्ययन गरियो ।

**ङ. अभिमुखीकरण कार्यक्रम**

त्रिभुवन विश्वविद्यालय, मनोविज्ञान केन्द्रीय विभागका प्राध्यापकहरूलाई लक्षित गरी मिति २०७४।१२।४ देखि २०७४।१२।५ गतेसम्म नयाँ पाठ्यक्रम सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । जसअन्तर्गत २५ जना प्राध्यापकहरूलाई अभिमुखीकरण गरियो ।

**च. सचिवालयको वेबसाइट निर्माण तथा सञ्चालन**

सचिवालयको वेबसाइट निर्माण गरी यस सचिवालयका गतिविधिहरूको विवरण अध्यावधिक गर्ने प्रक्रियाको थालनी गरिएको ।

**छ. प्रशिक्षक प्रशिक्षण तालिम**

बाल सुधार गृह सानोठिमी (भक्तपुर), कास्की (सराङकोट) तथा पूर्वाञ्चल (मोरङ) का कर्मचारीहरूलाई लक्षित गरी मिति २०७४।६।४ देखि मिति २०७४।६।५ सम्म जीवन कला, स्वः सचेतना, यौनिकता तथा प्रजनन स्वास्थ्य, लैंगिक हिंसा तथा आवेश व्यवस्थापनसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिएको थियो । जसअन्तर्गत २५ जना बाल सुधार गृहका कर्मचारीहरूलाई तालिम प्रदान गरियो ।

**ज. अनुगमन भ्रमण**

आ.व. २०७४/०७५ मा यस सचिवालयबाट बाल सुधार गृह कास्की (सराङकोट), बालसुधार गृह जयन्दु (बाँके) र बाल सुधार गृह पूर्वाञ्चल (मोरङ) का साथै कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, सुर्खेत र दैलेख जिल्ला अदालतहरूको अनुगमन तथा निरीक्षण भ्रमण गरिएयो ।

**१.४.२ आ.व. २०७५/०७६ मा भएका कार्यक्रम**

सन् २०१८ मा युनिसेफ नेपालसँगको सहकार्यमा केन्द्रीय बाल न्याय समितिको सचिवालबाट सम्पादन गरिएका मुख्य कार्यक्रमहरूः

**क. बाल न्याय प्रशासनसम्बन्धी अभिमुखीकरण कार्यक्रम**

बाल न्यायलाई सुदृढीकरण गर्ने उद्देश्यले केन्द्रीय बाल न्याय समितिको सचिवालयले सन् (२०१८) मा २५ जना जिल्ला अदालतका स्रेस्तेदारहरूलाई मिति २०७५।०८।०६ देखि २०७५।०८।०८ सम्म "**बाल न्यायसम्बन्धी अभिमुखीकरण कार्यक्रम**", कृषि विभाग हरिहरभवनको सभाकक्षमा सञ्चालन गरिएको थियो । जसअन्तर्गत २५ जिल्ला (इलाम, ओखलढुङ्गा, संखुवासभा, तेह्रथुम, पाँचथर, सिन्धुली, दोलखा, नुवाकोट, मकवानपुर, धादिङ, गोर्खा, बागलुङ, लम्जुङ्ग, पर्वत, अर्घाखाँची, प्युठान, रूकुमकोट, रूकुम, दैलेख, डोल्पा, जाजरकोट, अछाम, बाजुरा, डडेल्धुरा, बैतडी) अदालतका स्रेस्तेदारहरू सहभागी हुनुभएको थियो ।

**ख. बाल सुधार गृहका बालबालिकाहरूलाई परिवारमा पुनर्मिलन गराउने कार्य**

कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाहरूलाई अदालतको आदेश तथा फैसलाबाट बाल सुधार गृहमा रहेका बालकहरूलाई सजाय भुक्तान भएपश्चात् परिवारमा पुनर्मिलन गराउनु नै बाल न्यायको परिकल्पना हो भन्ने कुरालाई मध्यनजर गर्दै केन्द्रीय बाल न्याय समितिको सचिवालयले

सन् २०१८ मा, २५ जना बालबालिकाहरूलाई पुनर्मिलन गराउने उद्देश्य भए तापनि बाल सुधार गृह पूर्वाञ्चल (मोरङ) बाट ९ जना, बाल सुधार गृह सानोठिमी (भक्तपुर) बाट २ जना, बाल सुधार गृह कास्की (सराङकोट) बाट ३ जना गरी जम्मा १४ जना बालबालिकाहरूलाई युसेप नेपालको सहकार्यमा निजहरूलाई परिवारमा पुनर्मिलन गराउन सफल भएको थियो ।

**ग. कानूनका विद्यार्थीहरूको लागि प्रशिक्षक प्रशिक्षण तालिम**

कानून संकायतर्फको स्नातक तहका चौंथो र पाँचौं तहका "नेपाल ल क्याम्पस", "नेस┌नल ल कलेज", "काठमाडौं स्कुल अफ ल", "काठमाडौं युनिभर्सिटी स्कुल अफ ल", "चक्रवर्ती हवी एजुकेशन एकेडेमी कलेज अफ ल" गरी पाँच वटा कलेजबाट जम्मा ३० जना विद्यार्थीहरूलाई लक्षित गरी "बाल न्यायसम्बन्धी सामुदायिक सचेतना कार्यक्रम" सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम मिति २०७५।३।१५ गते देखि २०७५।३।१६ गतेसम्म सञ्चालन गरिएको थियो ।

**घ. बाल न्यायसम्बन्धी राष्ट्रिय स्तरीय निबन्ध लेखन प्रतियोगिता**

बाल न्यायको क्षेत्रमा बालबालिकाहरूको पहुँचलाई सुनिश्चित गर्न तथा बाल न्यायका सम्बन्धमा बालबालिकाहरूको सकारात्मक सोचको अभिवृद्धि गरी बालबालिकामा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित "**बाल न्यायसम्बन्धी राष्ट्रिय स्तरीय निबन्ध लेखन प्रतियोगित**" सञ्चालन गर्न यस सचिवालयबाट मिति २०७५/०५/२० गते कान्तिपुर पत्रिका मार्फत कक्षा ८, ९ र १० मा अध्ययनरत विद्यार्थीहरूबाट निबन्ध आह्वान गरिएकोमा विभिन्न विद्यार्थीहरूबाट सोसम्बन्धी २० थान निबन्धहरू प्राप्त भएको थियो । यस सचिवालयले यसरी प्राप्त भएको निबन्धहरूलाई तीन जना विज्ञहरूबाट मूल्याङ्कन गराई प्राप्त भएको नम्बरको आधारमा मिति २०७५/०८/२० गते कान्तिपुर पत्रिकाको विज्ञापनमार्फत प्रथम, दोस्रो र तृतीय भएका विद्यार्थीहरूको नाम प्रकाशन गरी सर्वोत्कृष्ट ३ जना विद्यार्थीहरूलाई केन्द्रीय बाल न्याय समितिका सदस्य सचिवज्यूबाट मिति २०७५/०९/१३ गते राष्ट्रिय न्यायिक प्रतिष्ठान, हरिहरभवनमा पुरस्कार वितरण गरिएको थियो ।

**ङ. बाल इजलासको भौतिक पूर्वाधार निर्माण तथा सि.सि. टि.भि. जडान**

कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाहरूलाई सोधपुछ तथा बयान बालमैत्री वातावरणमा गर्नुपर्ने व्यवस्था भएबमोजिम बालबालिकाको मुद्दाको सुनुवाइको लागि जिल्ला अदालतहरूमा बाल इजलास र बालमैत्री कक्ष व्यवस्थापन सहजीकरणको लागि यस सचिवालयबाट सन् २०१८ मा दोलखा र दाङ देउखुरी जिल्ला अदालतमा युनिसेफ नेपालको सहयोगमा सि.सि.टि.भि क्यामरा जडान गर्नुका साथै कैलाली र रूकुम जिल्ला अदालतमा बाल इजलास र बालमैत्री कक्षको लागि आवश्यक फर्निचर तथा अन्य सामाग्रीसमेत उपलब्ध गरिएको थियो ।

**च. जिल्ला अदालतमा बाल इजलास र बालमैत्री कक्षको अनुगमन**

बाल न्यायको क्षेत्रमा कार्य गर्ने विभिन्न निकायहरूबाट भइरहेका कार्यको वस्तुस्थितिको बारेमा जानकारी प्राप्त गर्न तथा बाल न्याय सम्पादनको सन्दर्भमा रहेका समस्या पहिचान गरी समाधानको लागि सम्बन्धित निकायलाई आवश्यक सुझाव दिन वा सिफारिश गर्ने उद्देश्यले समितिका माननीय अध्यक्ष, सदस्य सचिव तथा सचिवालयका कर्मचारीहरूबाट झापा, मोरङ, सुनसरी, धादिङ, चितवन, मकवानपुर, बारा, पर्सा, नवलपुर, नवलपरासी र बाँके जिल्ला अदालतमा रहेका बाल इजलास तथा बाल सुधार गृह सानोठिमी (भक्तपुर), कास्की (सराङकोट), पूर्वाञ्चल (मोरङ) तथा जयन्दु (बाँके) को निरीक्षण तथा अनुगमन गरिएको थियो । निरीक्षण र अनुगमनपश्चात् ती निकायहरूलाई माननीय अध्यक्षज्यू तथा सदस्य सचिवज्यूबाट आवश्यक परामर्श र सुझाव प्रदान गरिएको थियो ।

**छ. सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको समन्वय बैठक**

बालबालिकासम्बन्धी ऐन, २०७५ लागु भइसकेपछि बालबालिकाको उमेर १६ वर्षबाट बढाएर १८ वर्ष कायम गरिएको कारणबाट बाल सुधार गृहमा बालबालिकाको चाप अत्यन्तै बढ्न गएको अवस्थालाई मध्यनजर गरी यस्ता बालबालिकाहरूको तत्काल कसरी व्यवस्थापन गर्ने तथा बाल अधिकार र बाल न्यायको क्षेत्रमा नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सचिवालयले सहकार्य गर्न सक्ने क्षेत्रहरूको पहिचान गरी तदअनुरूप अगाडि बढ्ने उद्देश्यले सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँगको छलफल र अन्तरक्रिया कार्यक्रम मिति २०७४।१२।१५, २०७५।३।७, २०७५।९।९ र २०७५।९।१५ गते गरी चार पटक समन्वय बैठक सम्पन्न गरिएको थियो ।

**ज. जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम**

केन्द्रीय बाल न्याय समिति सचिवालयको सहकार्यमा जिल्ला बाल न्याय समन्वय समितिको आयोजनामा जिल्ला स्तरीय सरोकारवालाहरू बिच बाल न्यायसम्बन्धी नवीनतम अवधारणाका बारेमा छलफल तथा बाल न्यायसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था, बालबालिकासम्बन्धी ऐन, २०७५ मा भएका नयाँ व्यवस्थाबारे जानकारी गराउन, बालमैत्री अनुसन्धान, अभियोजन तथा सुनुवाइसम्बन्धी प्रत्यक्ष सरोकार राख्ने निकायहरूको भूमिकाको बारेमा जानकारी गराउन बालबालिकासम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजनको क्रममा देखिएका समस्या पहिचान गरी समाधानका उपायहरू सुझाउने र कानूनको विवादमा परेका बालबालिकाहरूको सम्बन्धमा आवश्यक सेवाहरू (कानूनी सहायता, मनोसामाजिक परामर्श आदि) उपलब्ध गराउने सम्बन्धमा समन्वय तथा सहकार्य गराउने र समाजमा बाल न्यायसम्बन्धी चेतना अभिवृद्धि गराउने उद्देश्यअनुरूप रामेछाप,

रूकुम, बाँके, ताप्लेजुङ्ग, सप्तरी, सर्लाही, दाङ, नुवाकोट, दोलखा र ओखलढुङ्गा गरी १० वटा जिल्लाहरूमा जिल्ला स्तरीय बाल न्यायसम्बन्धी अन्तरक्रिया कार्यक्रमहरू विभिन्न मितिमा सम्पन्न गरिएको थियो ।

**झ. काठमाडौं उपत्यकाका अदालतका कर्मचारीहरूलाई अन्तरक्रिया कार्यक्रम**

बालबालिकासम्बन्धी ऐन, २०७५ मा व्यवस्था भएको पीडित बालबालिकाको अधिकार दिशान्तर, पुनर्स्थापकीय न्याय, बालबालिकाको अधिकार प्रचलन गराउने व्यवस्था आदि महत्वपूर्ण बिषयवस्तुलाई समावेश गरी जानकारी गराउने उद्देश्य अनुरूप काठमाडौं उपत्यकाका अदालतहरूका कर्मचारीहरूलाई लक्षित गरी २ दिने आवासीय अन्तरक्रिया कार्यक्रम मिति २०७५।९।२७ र २८ गते होटल भ्यू भृकुटीमा सम्पन्न गरिएको थियो ।

♦

# परिच्छेद २ बाल न्याय सम्बन्धी राष्ट्रिय कानून

बालबालिकाहरूले देशको विद्यमान फौजदारी कानूनको उल्लंघन गरी कानूनको विवादमा परेका वा कसुरजन्य कार्यको आरोप लागेको बालबालिकाहरू विरूद्धको उजुरी दर्ता गर्नेदेखि लिएर अनुसन्धान, अभियोजन तथा सुनुवाइका साथै सुधारसम्मका चरणहरूमा उनीहरूप्रति गरिनु पर्ने व्यवहारका सन्दर्भमा नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाहरूबारे यस परिच्छेदमा उल्लेख गरिएको छ ।

## २.१. **बाल न्यायसम्बन्धी संवैधानिक व्यवस्था**

### २.१.१. **नेपालको अन्तरिम संविधान,** २०६३

नेपालको संवैधानिक इतिहासमा पहिलो पटक नेपालको अन्तरिम संविधान, २०६३ ले बालबालिकाको हकलाई मौलिक हकअन्तर्गत समावेश गरी बालबालिकाका हकहरू संवैधानिक रूपमा सुनिश्चित गरेको थियो । उक्त संविधानले बालबालिकालाई आफ्नो पहिचान र नामको हक, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरूद्धको हक प्रदान गर्नुका साथै शोषणजन्य कार्यलाई दण्डनीय बनाई शोषणबाट पीडितलाई क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरेको थियो । यस्तै असहाय, अनाथ, सुस्तमनस्थिति, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा परेका सडकबालबालिकाहरूको सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हकसमेत प्रदान गरेको थियो ।

यसैगरी बाल न्यायको सन्दर्भमा धारा २४ मा उल्लेख भएका न्यायसम्बन्धी हकहरू सान्दर्भिक रहेका थिए । जसअन्तर्गत कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा नराखिने, पक्राउ परेका व्यक्तिलाई पक्राउ परे लगत्तै तत्काल आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह वा परामर्श लिन पाउने, त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने, त्यस्तो व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित

नगरिने, पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्यादबाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा नराखिने, तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागीदार नहुने र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय नदिइने, कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने, कुनै पनि व्यक्ति विरूद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा नचलाइने र सजाय नदिइने, कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन कर नलगाइने, प्रत्येक व्यक्तिलाई निज विरूद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुने, कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने र असमर्थ पक्षलाई कानूनमा व्यवस्था भएबमोजिम निःशुल्क कानूनी सेवा पाउने हक हुने व्यवस्था गरिएको थियो । न्यायसम्बन्धी यी हकहरू सबैलाई समान रूपमा प्राप्त हुने हुँदा बालबालिकाको हकमा समेत लागु हुने नै हुन्छ ।

### २.१.२. **नेपालको संविधान**

प्रचलित नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी प्रत्येक बालबालिकालाई बालअनुकूल न्यायको हक हुने छ भनी धारा (३९(८)) ले प्रत्याभूत गरेको छ । यसको अलावा धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा २० मा न्यायसम्बन्धी हकहरूसमेत बालबालिकाले बयस्कहरूसरह नै प्राप्त गर्दछन् । साथै धारा १८ ले समानताको हक र यसअन्तर्गत बालबालिकाको लागि कानूनबमोजिम विशेष व्यवस्था वा संरक्षण प्रदान गर्न सकिने कुराको प्रत्याभूति गरेको छ । धारा ५१(ञ)(५) ले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने भन्ने विषयलाई राज्यको सामाजिक न्याय तथा समावेशीकरण नीतिअन्तर्गत राखी बालबालिकाको सर्वोत्तम हितलाई यस संविधानले महत्वपूर्ण स्थान प्रदान गरेको छ ।

## २.२. **बाल न्यायसम्बन्धी कानूनी व्यवस्था**

### २.२.१. **मुलुकी ऐन**, २०२०

सामान्य कानूनको रूपमा रहेको तत्कालीन मुलुकी ऐन, २०२० को दण्ड सजायको महलको १ नं. ले बालबालिकाको आपराधिक दायित्व सम्बन्धमा व्यवस्था गरेको थियो जसअन्तर्गत नाबालकले खत वात तक्सीर लाग्ने कुरा गरे गराएमा आठ वर्षमुनिको रहेछ भने खत वात लाग्दैन, बाह्र वर्षमुनिको रहेछ भने जरिवानासम्म हुने मुद्दा भए हप्काई र कैदको सजाय हुनेमा कसुर हेरी दुई महिनासम्म कैद

हुने र सोह्र वर्षमुनिको रहेछ भने सोह्र वर्ष पुगेकालाई हुने सजायको आधा सजाय हुने । सोह्र वर्ष पुगेका कसैले सिकाई गरेको रहेछ भने सो सिकाउनेलाई ऐनबमोजिम पूरा सजाय गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ ।

### २.२.२. **मुलुकी संहिताहरू**

नेपालको न्याय प्रशासन सञ्चालन गर्ने मूल दस्तावेजको रूपमा रहेको तत्कालीन मुलुकी ऐन, २०२० लाई प्रतिस्थापन गर्दै मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४, मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ निर्माण भई २०७५ भाद्र १ गतेबाट लागु भएको छ । यी कानूनहरूका साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ समेत आएको सन्दर्भमा यस ऐनले मुलुकी ऐन, २०२० लगायत विभिन्न ऐनहरू खारेज गरेको छ । सामान्य कानूनको रूपमा सहिंताहरूमा बाल न्यायसम्बन्धी देहायबमोजिमका व्यवस्थाहरू रहेका छन्ः

**मुलुकी अपराध संहिता, २०७४**

मुलुकी अपराध संहिता, २०७४ का विभिन्न दफाहरूमा बाल न्यायसम्बन्धी देहायबमोजिमका व्यवस्थाहरू रहेका छन् ः

- दफा ३ (च) र (छ) मा गम्भीर कसुर (३ वर्षभन्दा बढी १० वर्षसम्म सजाय हुने) र जघन्य कसुर (जन्मकैद वा १० वर्षभन्दा बढी सजाय हुने) को परिभाषा गरिएको,
- दफा १३ मा बालबालिकाले गरेको काम कसुर नहुने (१० वर्ष उमेर नपुगेका बालबालिकाले गरेको कुनै काम कसुर मानिने छैन),
- दफा २८ मा बालबालिकाबाट गराएको कसुरमा उमेर पुगेकालाई सजाय हुने (कसुर गर्न लगाउने व्यक्तिलाई निज आफैँले त्यस्तो कसुर गरेसरह सजाय हुनेछ),
- दफा ३८ (ब) मा कसुरको गम्भीरता बढाउने अवस्थामध्येको एक अवस्था बालबालिकाको विरूद्ध कसुर गरेकोलाई मानिएको,
- दफा ३९ (क) मा कसुरको गम्भीरता घटाउने अवस्थामध्येको एक अवस्था कसुरदारको उमेर १८ वर्षभन्दा कमलाई मानिएको,
- दफा ४५ मा बालबालिकालाई हुने सजायको सम्बन्धमा उल्लेख गरिएको छ, जसअनुसार १० वर्षमुनिकालाई कुनै सजाय नहुने, १० वर्ष वा सोभन्दा माथि १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई कैदको साजय गर्दा बढीमा छ महिनासम्म कैदको सजाय वा बढीमा १ वर्षसम्म सुधार गृहमा राख्न सकिने, १४ वर्ष वा सोभन्दा माथि १६ वर्षभन्दा कम उमेरका

बालबालिकालाई कैदको सजाय गर्दा उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने, १६ वर्ष वा सोभन्दा माथि १८ वर्षभन्दा कम उमेरका बालबालिकाले कैदको सजाय गर्दा उमेर पुगेका व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने भन्ने व्यवस्था रहेको छ ।

- दफा ४६ को उपदफा (३)(क) मा बालबालिकाको हकमा जरिवानाबापत कैदसम्बन्धी व्यवस्था जरिवाना मात्र हुने वा कैद वा जरिवाना मध्ये कुनै एक सजाय हुने कसुरमा जरिवाना नतिरेकोमा कैद नगरी जरिवाना मिनाहा गर्नुपर्ने । (ख) मा कैद वा जरिवाना वा दुबै सजाय हुने कसुरमा जरिवाना मात्र सजाय भएकोमा त्यस्तो जरिवाना नतिरेबापत कैद सजाय निर्धारण गर्नु पर्दा तीन महिनाभन्दा बढी नहुने गरी कैद गर्नु पर्नेछ । (ग) मा १४ वर्ष वा सोभन्दा माथि १८ वर्षभन्दा कम उमेरको बालबालिकाको हकमा दफा ४६ (२) बमोजिम बयस्कलाई हुने सजायको आधाभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ ।
- दफा १७३ मा बाल विवाह गर्न नहुने (२० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन।) ३ वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुने भन्ने व्यवस्था रहेको छ ।

**मुलुकी फौजदारी कार्यविधि (संहिता), २०७४**

मुलुकी फौजदारी कार्यविधि (संहिता), २०७४ का विभिन्न दफाहरूमा बाल न्यायसम्बन्धी देहायबमोजिमका व्यवस्थाहरू रहेका छन् :

- बालबालिकाको हकमा मुद्दाको प्रकृति हेरी अनुसन्धान अधिकारीले थुनामा नराखी अनुसन्धान गर्न मनासिब देखेमा सोको कारण खुलाई पर्चा खडा गरी तारिखमा राखी अनुसन्धान गर्न सक्ने। (दफा १४ को उपदफा १०)
- हिरासतमा रहेको व्यक्तिलाई अनुसन्धान अधिकारीले छाड्न सक्नेः सरकारी वकिलको सहमति लिई वा तत्काल त्यस्तो सहमति लिन सकिने अवस्था नभएमा कारण सहितको पर्चा खडा गरी त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारिखमा राख्न सक्नेछ । (दफा १५ को उपदफा १)
- बयान लिने र सोधपुछ गर्नेः अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसुरको सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा भएको व्यक्तिसँग अनुसन्धान अधिकारीले आवश्यक सोधपुछ गर्न सक्नेछ । तर बालबालिका वा शारीरिक रूपमा असमर्थ भएको व्यक्तिसँग सोधपुछ गर्नु परेमा निज रहे बसेकै ठाउँमा नै गई सोधपुछ गर्न सकिनेछ । (दफा १६ को उपदफा ३ र उपदफा ३ को प्रतिबन्धात्मक वाक्यांश)

- त्यस्तो बालबालिका वा शारीरिक रूपमा असमर्थ व्यक्तिबाट कुनै कागज गराउनु पर्ने भएमा निजको संरक्षक वा उपलब्ध अन्य व्यक्तिको रोहवरमा गराउनु पर्नेछ। (दफा १६ को उपदफा ५)
- विशेष अवस्थामा भिडियो कन्फरेन्सको माध्यमबाट बयान लिन वा सोधपुछ गर्न सकिने। (दफा १६ को उपदफा ६)
- खास किसिमका सानातिना कसुरमा मुद्दा दायर गर्न आवश्यक नहुने। (दफा ३४) जस्तैः पहिलो पटक गरेको १ हजार रूपैयाँसम्म बिगो भएको बगलीमारासम्बन्धी कसुर, पहिलो पटक गरेको भिक्षा माग्ने कसुर, ३ हजार रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुबै सजाय हुने पहिलो पटक गरेको अन्य कुनै कसुर।
- दफा ३१ (३) बमोजिम मुद्दा नचलाउने निर्णय भएमा अनुसन्धान अधिकारीले त्यसको कारणसहितको सूचना जाहेरवाला वा पीडितलाई यथाशिघ्र दिनु पर्नेछ। (दफा ४१)
- बालबालिकाको हकमा निजको एकाघरको हकवाला र त्यस्तो हकवाला नभए अन्य कुनै हकवाला वा संरक्षकले उजुरी गर्न सक्ने। (दफा ५३ (१) (घ))
- खास अवधिभित्र मुद्दा फैसला नभएमा थुनाबाट छोड्न सकिनेः पहिलो पटक तारिख तोकिएको मितिले एक वर्षभित्र मुद्दाको किनारा हुन नसकेमा त्यस्तो अभियुक्तलाई थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कारबाही र किनारा गर्न सकिनेछ। (१० वर्ष वा सोभन्दा बढी कैदको सजाय वा जन्मैद हुने कुनै कसुरको अभियोग लागेकामा यो दफा लागु हुने छैन।) दफा ७७
- अभियुक्तलाई निजउपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखिने छैन। दफा ७८
- श्रव्य दृश्य संवादमार्फत साक्षी बुझ्न सकिने (अदालतको आदेशले)। दफा १०९
- साक्षीलाई दैनिक तथा भ्रमण भत्ता तथा सुरक्षा दिनु पर्ने। दफा ११३
- साक्षी वा पीडितलाई संरक्षण दिने। दफा ११४
- नेपाल राज्यबाहिर पनि साक्षी प्रमाण बुझ्न सकिने। दफा ११५
- बालबालिका अभियुक्त वा पीडित भएको मुद्दा बन्द इजलासमा हुन सक्नेछ। दफा १२९ को प्रतिबन्धात्मक वाक्यांश
- १८ वर्ष उमेर नपुगेको बालबालिका कसुरदार ठहरिएकोमा निजलाई नेपाल सरकारले व्यवस्था गरेको छुट्टै बाल सुधार गृह वा यस्तै अन्य गृहमा राख्नु पर्नेछ। (दफा १५४ को प्रतिबन्धात्मक वाक्यांश)
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने। दफा १८३

**फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४**

मुलुकी फौजदारी कार्यविधि (संहिता), २०७४ का विभिन्न दफाहरूमा बाल न्यायसम्बन्धी देहायबमोजिमका व्यवस्थाहरू रहेका छन् :

- बालबालिकालाई सजाय गर्दा विचार गर्नु पर्ने कुराहरूः (दफा १६ को उपदफा १)
  - (क) निजको सर्वोत्तम हित,
  - (ख) कसुरको गम्भीरता र दोषको मात्रा,
  - (ग) निजको व्यक्तिगत परिस्थिति (उमेर, शिक्षा, सामाजिक अवस्था आदि)
  - (घ) पीडितलाई दिन प्रस्ताव गरिएको क्षतिपूर्ति,
  - (ङ) अपराधप्रतिको पश्चाताप,
  - (च) असल र उपयोगी जीवन जिउने चाहना ।
- १६ वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके रूपमा कसुर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन । (दफा १६ को उपदफा २)
- एक वर्षभन्दा कम कैद निर्धारण भएको बालबालिकाले पहिलो पटक कसुर गरेकोमा कुनै पनि कसुरमा कसुरदार ठहरिएको भए पनि कैद सजाय निलम्बन गर्न सकिने । दफा २४ बमोजिम
- बालबालिकाको हकमा सजाय निलम्बन गर्दा निजको उमेर तथा कसुर गर्दाको परि स्थितिसमेतलाई विचार गरी सर्त तोकी वा नतोकी देहायबमोजिम निर्णय गर्न सकिनेछः (दफा २४ को उपदफा ५)

  - (क) परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा सम्झाउन तथा बुझाउन लगाउने,
  - (ख) सेवा प्रदान गर्ने संघसंस्था वा व्यक्तिहरूबाट बालबालिकालाई अभिमुखीकरण गर्न लगाउने,
  - (ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन लगाउने,
  - (घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित सर्तहरू पालना गर्ने गरी निश्चित अवधिका लागि निजहरूको संरक्षकत्वमा राख्न लगाउने ।
- कसुरबाट पीडितलाई राहत उपलब्ध गराउन पीडित राहत कोष खडा गरिनेछ । दफा ४८
- नेपाल सरकारले सामुदायिक सेवा वा पुनर्स्थापना कार्यमा काम गरेका व्यक्तिलाई प्रोवेशन अधिकृत वा प्यारोल अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेछ । दफा ४९

### २.२.३. **बालबालिकासम्बन्धी ऐन,** २०४८

नेपालले बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ लाई १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरेपश्चात् सिर्जित दायित्वलाई अक्षरसः पालना गर्न बाल न्यायको क्षेत्रमा बालबालिकासम्बन्धी ऐन, २०४८ र बाल न्याय (कार्यविधि) नियमावली, २०६३ निर्माण भई लागु भएको थियो ।

बालबालिकासम्बन्धी ऐन, २०४८ ले बालबालिकाको हक हितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासलाई विशेष जोड दिएको देखिन्छ । ऐ. ऐनले बाल न्यायका सन्दर्भमा केही विशेष व्यवस्थाहरू गरेको थियो । बाल अधिकारसम्बन्धी महासन्धिले १८ वर्ष उमेर नपुगेकोलाई बालक मानेको भए तापनि बालबालिकासम्बन्धी ऐन, २०४८[१] ले १६ वर्ष उमेर पूरा नगरेकालाई बालबालिकाको रूपमा परिभाषित गरी बाल न्यायका सन्दर्भमा बालबालिकालाई छुट्टै व्यवहार गर्नु पर्ने भनी उल्लेख गरेको देखिन्छ । बाल्य अवस्थामा गरेको अपराधको पटक कायम नहुन, सोको कारण कुनै अयोग्यता सिर्जना नहुने र एक पटकभन्दा बढी अपराध गरेकोमा अपराधको पटकको आधारमा थप सजाय नहुने[२] र बालकलाई नेल, हतकडी लगाउन तथा एकान्त कारावासमा राख्न निषेध गर्नुका साथै कैदको सजाय पाएका बालबालिकालाई उमेर पुगेका कैदीको साथमा राख्न नपाइने[३] जस्ता व्यवस्थाहरू गरेको थियो।

ऐ. ऐनले कुनै कसुरको अभियोग लागी मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानूनबमोजिम थुनामा बस्नु पर्ने बालक, प्रचलित कानूनबमोजिम कैदको सजाय पाएकोमा सोबमोजिम कैदमा जानुपर्ने बालकसमेतलाई राख्नको लागि बाल सुधार गृहको स्थापना गर्ने व्यवस्था गरेको थियो । बाल सुधार गृह स्थापना नभएको अवस्थामा अन्य व्यक्ति वा निकायद्वारा सञ्चालन गरेको बाल कल्याण गृह, अनाथालय वा केन्द्रलाई नेपाल सरकारले त्यस्तो व्यक्ति वा निकायको स्वीकृति लिई अस्थायी रूपमा बाल सुधार गृहको रूपमा उपयोग गर्न सक्ने व्यवस्था पनि ऐनमा रहेको थियो ।

यसैगरी बालबालिकासम्बन्धी मुद्दाको सुनुवाइको लागि आवश्यकताअनुसार बाल अदालत गठन गर्न सक्ने व्यवस्था गरिएको थियो । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा २ मा ऐ. ऐनको दफा २० को अवस्था (बालबालिकाको हक प्रचलन गराउने विषय) मा बाहेक बालक वादी वा प्रतिवादी भएको मुद्दाको शुरू कारबाही र किनारा बाल अदालतले गर्ने साथै बाल अदालत स्थापना नभएसम्म सम्बन्धित जिल्ला अदालतको बाल इजलासद्वारा गर्ने व्यवस्था रहेको थियो ।

---

१ बालबालिकासम्बन्धी ऐन, २०४८, दफा २(क)
२ ऐ. दफा ११ र १२
३ ऐ. दफा १५

तर, बालकको साथै उमेर पुगेका व्यक्तिसमेत संलग्न भएको मुद्दाको सम्बन्धमा भने बाल अदालतले कारबाही वा किनारा गर्न सक्ने क्षेत्राधिकार प्रदान गरिएको थिएन ।

बाल इजलासमा न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक रहन सक्ने व्यवस्था रहेको थियो । बाल अदालत वा जिल्ला अदालतमा कायम हुने बाल इजलासलाई केवल बालबालिका पक्ष वा विपक्ष रहेको मुद्दामा मात्र शुरू कारबाही र किनारा गर्ने क्षेत्राधिकार रहने, बालबालिकाको साथै उमेर पुगेका अन्य व्यक्तिसमेत संलग्न रहेको मुद्दाको कारबाही र किनारा गर्ने अधिकार भने त्यस्तो अदालत वा इजलासलाई नभई जिल्ला अदालतलाई नै रहने भनी उल्लेख भएको थियो । यस्तै ऐनमा बालक विरूद्धको मुद्दा दर्ता भएपछि अदालतले त्यस्तो मुद्दालाई प्राथमिकता दिई कारबाही र किनारा गर्नु पर्ने व्यवस्था रहेको थियो ।  बालबालिकाको मुद्दाको कारबाहीका सम्बन्धमा कुनै निश्चित कार्यविधि तोकिएकोमा बाल अदालत वा जिल्ला अदालतले सोहीबमोजिम र सो नभएमा संक्षिप्त कार्यविधि, २०२८ अन्तर्गतको कार्यविधि अनुशरण गर्नुपर्ने[४] कुरासमेत उल्लेख गरिएको थियो ।

### २.२.४. **बालबालिकासम्बन्धी ऐन**, २०७५

तत्कालीन बालबालिकासम्बन्धी ऐन र नियमावलीहरूमा भएका व्यवस्थाहरूलाई अझ परिस्कृत एवं परिमार्जन गरी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले बाध्यात्मक बनाएका अधिकारहरू र बाल न्यायका विषयलाई समाहित गरी समयअनुकूल व्यावहारिक र बालमैत्री कानूनका रूपमा हाल बालबालिकासम्बन्धी ऐन, २०७५ जारी भएको छ र ऐ. ऐनबमोजिम सर्वोच्च अदालतबाट बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ निर्माण भई लागु भइसकेको छ । प्रस्तुत ऐनले बाल न्यायको क्षेत्रमा देहायबमोजिमका उल्लेखनीय व्यवस्थाहरू गरेको छः-

**क. बालबालिकाको परिभाषा**[५] :

ऐनले बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ भनी बालबालिकाको उमेर हद तोकिदिएको छ । यस्तै बालबालिकाको उमेर कायम गर्ने आधारहरूमा प्राथमिकताक्रमका आधारमा अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्म मिति, स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति, विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति, प्रमाणपत्र वा जन्म मिति नभएमा अस्पतालबाट प्रमाणित उमेरसम्बन्धी

४ बालबालिकासम्बन्धी ऐन, २०४८, दफा ५५ (६)

५ बालबालिकासम्बन्धी ऐन, २०७५, दफा २(ज)

प्रमाणपत्रमा उल्लिखित मिति, प्रमाणपत्र पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबु आमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाणलाई प्राथमिकताक्रमका आधारमा मानिने[६] लगायतका व्यवस्थाहरू रहेका छन् ।

**ख. बाल न्यायसम्बन्धी व्यवस्था[७]:**

बाल न्याय सम्पादन कार्यमा संलग्न व्यक्ति, पदाधिकारी र बाल अदालतले न्याय सम्पादनको सिलसिलामा यस ऐनमा अन्यत्र उल्लिखित कुराका अतिरिक्त बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नुअघि निजको धारणा बुझ्ने, बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नुअघि निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाइ राख्ने अवसर दिने, बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र साँस्कृतिक मूल्य मान्यताअनुरूपको बोली, बचन र व्यवहार गर्ने साथै बालबालिकासँग संवाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकतानुसार दोभाषेको सहयोग लिने जस्ता कुराहरू समावेश गरी बाल न्याय सम्पादन कार्यमा संलग्न व्यक्ति, पदाधिकारी र बाल अदालतले विचार गर्नुपर्ने कुराहरू स्पष्ट रूपमा ऐनमा उल्लेख गरिएको छ ।

**ग. बालबालिकालाई नियन्त्रणमा लिने सम्बन्धी व्यवस्था[८]:**

कसुरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले यथाशीघ्र सो कसुरको सम्बन्धमा अनुसन्धान प्रारम्भ गरी कसुरजन्य कार्यको आरोप लागेको बालबालिकाहरूलाई अनुसन्धानको लागि नियन्त्रणमा नलिई नहुने देखेमा अनुसन्धान अधिकारीले त्यस्ता बालबालिकालाई अनुसन्धानको लागि नियन्त्रणमा लिन सक्नेछ । तर नियन्त्रणमा लिइरहन आवश्यक नदेखिएमा निजको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउनु पर्नेछ, बालबालिकालाई नियन्त्रणमा लिएमा अनुसन्धान अधिकारीले सो कुराको जानकारी निजको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई दिनुपर्नेछ, नियन्त्रणमा लिँदा बल प्रयोग गर्न पाउने छैन । तर बालबालिकालाई नियन्त्रणमा लिन आवश ्यक पर्ने न्यूनतम बल प्रयोग गर्न सकिने र नियन्त्रणमा लिइएका बालबालिकालाई सम्भव भएमा बाल मनोविज्ञ वा बाल हितसम्बन्धी काम गर्ने व्यक्तिसँग सम्पर्क गराई आवश्यक परामर्श सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था ऐनमा रहेको छ ।

---

६ ऐ., दफा ८३

७ ऐ.,दफा २०

८ ऐ.,दफा २१

नियन्त्रणमा लिइएको बालबालीकालाई आफैंले दिशान्तर गर्न सक्ने भएमा अनसुन्धान अधिकारीले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो बालबालीकासँग आफैंले बयान लिन सक्नेछ।[९] अनुसन्धानको लागि नियन्त्रणमा लिइएको बालबालिकालाई बाल अदालतको अनुमतिले एकपटकमा ५ दिनमा नबढ्ने गरी बढीमा २१ दिनसम्म निगरानी कक्षमा राख्न सकिनेछ । तर कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाको शारीरिक अवस्था, उमेर, कसुरजन्य कार्य गर्दाको परिस्थिति वा निगरानी कक्षको अवस्थालाई ध्यानमा राख्दा निजलाई निगरानी कक्षमा राख्न उपयुक्त छैन भन्ने लागेमा बाल अदालतले खोजेका बखत उपस्थित गराउने सर्तमा त्यस्तो बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको अनुसन्धान गर्ने आदेश दिन सक्ने व्यवस्थासमेत ऐनले गरेको छ ।

**घ. निगरानी कक्षको स्थापना सम्बन्धी व्यवस्था**[१०]:

कसुरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धान अवधिभर राख्ने प्रयोजनको लागि नेपाल सरकारले निगरानी कक्ष स्थापना गर्न सक्नेछ । निगरानी कक्ष स्थापना नभएसम्मको लागि प्रत्येक जिल्ला प्रहरी कार्यालयमा अलग्गै कक्षको व्यवस्था गरिनेछ । यसरी अनुसन्धानका लागि नियन्त्रणमा लिइएका बालबालिकाहरूलाई आवश्यकताअनुसार बालमनोविज्ञको परामर्श तथा मनोसामाजिक सहयोग उपलब्ध गराउनु पर्नेछ। निगरानी कक्षमा राखिने बालबालिकाको सहयोगका लागि त्यस्तो बालबालिकाको परिवारका कुनै सदस्य सँगै बस्न चाहेमा अनुसन्धान अधिकारीले आवश्यकताअनुसार समय र सर्त तोकी सँगै बस्ने अनुमति दिन सक्नेछ भन्ने व्यवस्था ऐनले गरेको छ ।

**ङ. अनुसन्धान तथा अभियोजनसम्बन्धी विशेष व्यवस्था**[११]:

नेपाल सरकारले बालबालिकाउपर आरोप लागेको कसुरजन्य कार्यको अनुसन्धान गर्न छुट्टै एकाई गठन गर्ने तर यस्तो छुट्टै एकाई गठन नभएसम्म नेपाल सरकारले जिल्ला प्रहरी कार्यालयमा कार्यरत बाल न्यायसम्बन्धी तालिम प्राप्त कर्मचारीलाई सो कार्य गर्न तोक्न सक्नेछ भन्ने व्यवस्था ऐनमा गरेको छ ।

---

९ ऐ.,दफा २७

१० ऐ.,दफा २२

११ ऐ.,दफा २२

**च. पुर्पक्ष सम्बन्धी व्यवस्था**[१२]:

कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन र निजसँग धरौटी वा जमानत मागिने छैन तर बालबालिकाको जिउज्यान जोखिममा पर्ने, निजद्वारा कसैलाई हानि नोक्सानी पुऱ्याउने, त्यस्तो बालबालिका भागी जाने वा अन्य कुनै कारणले अन्यत्र राख्न उपयुक्त नहुने पर्याप्त आधार भएमा र तीन वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नुपर्ने कसुरजन्य कार्यको अभियोग लागेका बालबालिका तत्काल प्राप्त प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा बाल अदालतले कसुरजन्य कार्यको अभियोग लागेको बालबालिकालाई कारण खुलाई पुर्पक्षको लागि बाल सुधार गृहमा राख्न सक्नेछ भन्ने व्यवस्था ऐनले गरेको छ ।

तर उल्लिखित अवस्था भए पनि बालबालिकाको शारीरिक तथा मानसिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थितिलाई ध्यानमा राख्दा निजलाई बाल सुधार गृहमा राख्न उपयुक्त नहुने भन्ने कुरा बाल अदालतलाई लागेमा सर्तहरू तोकी यस उपदफाबमोजिम निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन बाधा पर्ने छैन र जिम्मा लगाइएका बालबालिकाको बाल अदालतद्वारा तोकिएको सर्तको पालना नगरेमा निजलाई बाल सुधार गृहमा राखी मुद्दाको पुर्पक्ष गर्न सकिने व्यवस्था छ ।

उल्लिखित अवस्थामा बाहेक कसुरजन्य कार्यको अभियोग लागेका अन्य बालबालिकालाई चाहिएको बखत उपस्थित गराउने सर्तमा बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिलाई सर्तहरू तोकी जिम्मा लगाउन सकिनेछ भनी ऐनमा उल्लेख गरिएको छ ।

**छ. पीडित बालबालिकाका अधिकार**[१३]:

पीडित बालबालिकालाई अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियाको हरेक चरणमा बालअनुकूल न्यायको हक हुनेछ भन्ने व्यवस्था गरेको छ । जसअन्तर्गत आफूले बुझ्ने भाषामा जानकारी पाउने, व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने, पीडकबाट मनासिव माफिकको क्षतिपूर्ति भराई पाउने, निःशुल्क कानूनी सहायता तथा आवश्यकताअनुसार मनोसामाजिक परामर्श सेवा र चाहेमा अलग्गै कानून व्यवसायी राख्न पाउने, अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा निःशुल्क दोभाषे, साङ्केतिक भाषाविज्ञ वा अनुवादकको सुविधा पाउने, अनुसन्धान गर्ने निकाय वा बाल अदालतले गरेका निर्णय तथा आदेशलगायतका कागजातहरूको

१२ ऐ.,दफा २४
१३ ऐ., दफा २५

प्रतिलिपि निःशुल्क पाउने, पीडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने, बन्द इजलासबाट आफ्नो मुद्दाको सुनुवाइ हुने, कारबाहीका बखत प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन पाउने अधिकारहरू ऐनमा प्रत्याभूत गरिएको छ ।

**ज. सुनुवाइको सिलसिलामा बालबालिकालाई प्राप्त अधिकार**[१४]:

बालबालिकालाई कसुरजन्य कार्यको अनुसन्धान, अभियोजन र मुद्दाको सुनुवाइको सिलसिलामा प्रचलित कानून र यस ऐनमा अन्यत्र उल्लिखित अधिकारका अतिरिक्त आफू विरूद्ध लागेको आरोप, सोउपरको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधै वा परिवार वा संरक्षकमार्फत प्राप्त गर्ने, आफू विरूद्ध लागेको आरोपको प्रतिरक्षाको लागि तत्काल निःशुल्क कानूनी सहायता र अन्य आवश्यक सहयोग प्राप्त गर्ने, सक्षम न्यायिक निकायबाट मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने, बाल न्याय सम्पादनको सबै प्रक्रियामा आवश्यकतानुसार परिवार र संरक्षकको उपस्थिति माग गर्ने, बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने, बाल न्याय सम्पादनको प्रक्रियामा गोपनीयता प्राप्त गर्ने, संवैधानिक वा कानूनी हकको बारेमा जानकारी प्राप्त गर्ने, बालमैत्री वातावरणमा अनुसन्धान, अभियोजन तथा सुनुवाइ हुने, न्यायिक प्रक्रियाका हरेक चरणमा सहभागी हुने र आफ्नो भनाइ स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने, मुद्दाको सुनुवाइमा बालबालिकाले चाहेमा आफूसँगै निजका बाबु आमा संरक्षकलाई सहभागी गराउने, पीडित बालबालिकाको बाबु, आमा, अभिभावक वा संरक्षक नै पीडक भएमा बालबालिकाले चाहेमा पीडकबाट अलग रहन पाउने जस्ता अधिकारहरू प्रत्याभूत गरिएको छ ।

**झ. दिशान्तर सम्बन्धी व्यवस्था**[१५]:

बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न मनासिब देखिएमा पाँच हजार रूपैयाँसम्म बिगो भएको वा दुई हजार रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले, दश हजार रूपैयाँसम्म बिगो भएको वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकिलले, जतिसुकै बिगो भएको वा जतिसुकै जरिवाना वा कैद हुन सक्नेमा बाल अदालतले कसुरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई दिशान्तर गर्न सक्ने । तर तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने मुद्दामा बालबालिकालाई दिशान्तर गर्न नसकिने भन्ने व्यवस्था गरेको छ । दिशान्तरको आदेशमा चित्त नबुझेमा अनुसन्धान अधिकारी र सरकारी वकिलको आदेशउपर बाल अदालतमा र बाल अदालतको आदेशउपर उच्च अदालतमा निवेदन दिन सक्ने भन्ने व्यवस्था ऐनमा छ ।

१४ ऐ., दफा २६
१५ ऐ., दफा २७

त्यस्तै दिशान्तर गर्दा बालबालिकाले कसुरजन्य कार्य गरेको स्वीकार गरेको, सम्बन्धित बालबालिका, निजको बाबु, आमा र बाबु, आमा नभए परिवारका अन्य सदस्य वा संरक्षकको सहमति, पीडित पक्षको यथासम्भव पुनर्स्थापना हुने गरी निजको सहमति प्राप्त भएको, कसुरजन्य कार्यको प्रकृति र सो कार्य गर्दाको परिस्थिति, घटनाको गाम्भीर्य, बालबालिकाको उमेर, परिपक्वता र बौद्धिक स्तर, पारिवारिक वातावरण तथा पीडितलाई पुगेको क्षति र निजको पुनर्स्थापनालाई आधार लिनु पर्नेछ[१६] भन्ने व्यवस्था गरेको छ ।

त्यसैगरी दिशान्तर गर्दा बालबालिकाको इच्छासमेतलाई विचार गरी बालबालिकालाई पीडितसँग मेलमिलाप वा समझदारी कायम गराउने, बालबालिकालाई गल्ती महसुस गर्न लगाउने, बालबालिका र निजको परिवारलाई आवश्यक परामर्श दिने, बालबालिकालाई कुनै सामुदायिक सेवामा पठाउने, बालबालिकाको हेरचाह र संरक्षण गर्न कुनै संस्थामा पठाउने, बाल कल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी बालबालिकालाई छाड्ने, बालबालिकालाई बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउने, बालबालिकालाई कुनै तालिम वा शैक्षिक कार्यक्रममा सहभागी गराउनेमध्ये कुनै उपयुक्त प्रक्रिया अवलम्बन गर्न सक्ने[१७] व्यवस्था रहेको छ ।

यसरी दिशान्तर गर्दा पीडितलाई भएको हानि नोक्सानीबापत पीडितलाई क्षतिपूर्ति दिने वा वास्तविक हानि नोक्सानी भराइदिने र कसुरजन्य कार्यबाट प्राप्त सम्पत्ति, मुनाफा वा सामाग्री सम्बन्धित धनीलाई फिर्ता गर्न लगाउने कार्यसमेत गर्न सकिने छ । दिशान्तर गर्दा अवधि तोकिने र कसुरजन्य कार्य गरेबापत बालबालिकालाई हुन सक्ने अधिकतम सजायभन्दा बढी अवधि हुने गरी दिशान्तर गरिने छैन । अनुसन्धान अधिकारी वा सरकारी वकिलले बालबालिकालाई दिशान्तर गर्नुअघि बाल मनोविज्ञ र बाल विशेषज्ञबाट बालबालिकाको शारीरिक तथा मानसिक अवस्था र समाजसेवीबाट बालबालिकाको आर्थिक, सामाजिक अवस्था तथा परिवेशको अध्ययन र विश्लेषण गर्न लगाई प्रतिवेदन लिनु पर्नेछ । अनुसन्धान अधिकारी, सरकारी वकिल वा बाल अदालतले बालबालिकालाई दिशान्तर गरेको जानकारी आफ्नो माथिल्लो निकाय र बाल अदालतलाई दिनु पर्नेछ । कसुरजन्य कार्यको आरोप लागेका बालबालिकालाई दिशान्तर गरिएमा त्यस्तो विवादको अन्त्य हुनेछ र सोको औपचारिक न्यायिक प्रक्रिया समाप्त भएको मानिने छ भनी बालबालिकासम्बन्धी ऐनमा कसुरजन्य कार्य गरेका बालबालिकालाई दिशान्तर गर्नेसम्बन्धी व्यवस्था र सोको प्रक्रिया बारेमा स्पष्ट व्यवस्था भएको देखिन्छ ।

---

१६ ऐ., दफा २८
१७ ऐ., दफा २९

**ञ. बाल अदालत/इजलाससम्बन्धी व्यवस्था[१८]:**

बालबालिकाले कसुरजन्य कार्यको सुरू कारबाही, सुनुवाइ र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा आवश्यक संख्यामा बाल अदालतको गठन गर्न सक्नेछ। बाल अदालत गठन नभएसम्मको लागि बाल अदालतबाट हेरिने कसुरजन्य कार्यको कारबाही, सुनुवाइ र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा बाल इजलासको गठन गरिनेछ र बाल इजलासको सदस्यको रूपमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी र बालमनोविज्ञ वा बाल विशेषज्ञ रहने व्यवस्था गरेकोछ। यस्तै कानूनको विवादमा परेका बालबालिकाउपर लागेको आरोपको अनुसन्धान, अभियोजन, कारबाही, सुनुवाइ वा किनारा गर्ने प्रयोजनका लागि छुट्टाछुट्टै मनोसामाजिक तथा मनोवैज्ञानिक अध्ययन प्रतिवेदन तयार गरिनु पर्ने[१९] व्यवस्था ऐनमा रहेको छ।

कुनै कसुरजन्य कार्यमा बालबालिकासहित उमेर पुगेका व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा बाल अदालतबाट कारबाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ र उमेर पुगेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानूनबमोजिम मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ। बाल अदालतको अधिकारक्षेत्र तोकिएबमोजिम हुने र मुद्दाको कारबाहीको क्रममा बालबालिकाको उमेर अठार वर्ष पूरा भए पनि त्यस्तो मुद्दा बाल अदालतबाटै कारबाही, सुनुवाइ र किनारा गर्ने,[२०] बालमैत्री वातावरणमा मुद्दाको सुनुवाइ गर्नुपर्ने तथा बाल अदालतले मुद्दाको सुनुवाइ गर्दा निजलाई आफ्नो भनाई स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्रदान गरी बालबालिकालाई सहभागी बनाउनु पर्ने व्यवस्थासमेत गरेको छ।

यसरी कसुरजन्य कार्यको आरोप लागेको बालबालिकाउपरको मुद्दाको सुनुवाइ तथा कारबाही बाल अदालतले अन्यथा आदेश दिएकोमा बाहेक बन्द इजलासमा गरिनेछ। मुद्दाको सुनुवाइ तथा कारबाही हुँदा सम्बन्धित बालबालिका, निजका परिवारका सदस्य वा संरक्षक, पीडित, सरकारी वकिल, सम्बन्धित कानून व्यवसायी र बाल अदालतले अनुमति दिएका व्यक्ति मात्र प्रवेश गर्न सक्नेछन्[२१] भने बाल अदालतले मुद्दा दायर भएको मितिले सामान्यतया एक सय बीस दिनभित्र मुद्दा किनारा गर्नुपर्नेछ[२२] र यस्ता मुद्दाको कारबाही र किनारा गर्दा निरन्तर सुनुवाइको आधारमा गर्नुपर्ने भन्नेसमेत व्यवस्था रहेको छ। तथापि कुनै बालबालिका विरूद्ध लगाइएको कसुरजन्य कार्यको अभियोगमा

१८ ऐ., दफा ३०
१९ ऐ., दफा ४५
२० ऐ., दफा ३२
२१ ऐ., दफा ३५
२२ ऐ., दफा ३७

निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नियुक्त नभएसम्म बाल अदालतले त्यस्तो मुद्दाको कारबाही र किनारा गर्ने छैन । कसुरजन्य कार्यको आरोप लागेको बालबालिकाको तर्फबाट कानून व्यवसायी नियुक्ति नभएको अवस्थामा सम्बन्धित बाल अदालतले वैतनिक कानून व्यवसायी वा अन्य कुनै इच्छुक कानून व्यवसायीको सेवा उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने[२३] भन्ने व्यवस्था रहेको छ ।

यसैगरी बाल अदालतले गरेको निर्णयमा चित्त नबुझेमा त्यस्तो निर्णय भएको पैंतिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सकिनेछ । तर बाल अदालतबाट बालबालिकाले सफाइ पाउने गरी भएको फैसलाउपर कानूनको व्याख्यासम्बन्धी त्रुटि भएको, नजिरको गलत प्रयोग भएको वा बुझ्नुपर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको कारणबाट इन्साफमा फरक परेको अवस्थामा बाहेक अन्य अवस्थामा पुनरावेदन लाग्ने छैन[२४] भन्ने व्यवस्था गरिएको छ ।

**ट. सजायसम्बन्धी व्यवस्था**[२५]**:**

कसुरजन्य कार्य गर्दा बालबालिकाको उमेर दश वर्षभन्दा कम भए निजउपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै किसिमको सजाय नहुने, दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम उमेरको बालबालिकाले जरिवाना हुने कसुरजन्य कार्य गरेको भए निजलाई सम्झाई बुझाई छाडिने र कैद हुने कसुरजन्य कार्य गरेको भए कसुरको प्रकृति हेरी ६ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म बालसुधार गृहमा राखिने, चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुने र सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने व्यवस्था ऐनमा रहेको छ ।

बाल अदालतले सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसुरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिसमेतलाई विचार गरी सर्त तोकी वा नतोकी सजाय स्थगन गर्न वा सजाय स्वरूप परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने, सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने, एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सर्वा प्रदान गर्ने व्यक्ति वा

---

२३ ऐ., दफा ८०

२४ ऐ., दफा ८१

२५ ऐ., दफा ३६

संस्थाको निगरानीमा निर्धारित सर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने, सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने, निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने जस्ता कुनै उपयुक्त निर्णय गर्न सक्नेछ । कसैले बालबालिकालाई सिकाई, दबाब दिई, अह्राइ, प्रलोभनमा पारी वा जुनसुकै तरिकाले कसुरजन्य कार्य गर्न लगाएको भए त्यस्तो व्यक्तिलाई निजले आफैँले कसुर गरेसरह कानूनबमोजिम सजाय हुने र सोह्र वर्ष उमेर पूरा नभएको बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके कसुर गरेकोमा बाहेक कैदको सजाय गरिने छैन भनी ऐ. ऐनमा स्पष्ट रूपमा उल्लेख गरेको पाइन्छ ।

यसैगरी कुनै कसुरजन्य कार्य गरेको कारणबाट कुनै पद वा सुविधा प्राप्त गर्न कुनै व्यक्ति कानूनबमोजिम अयोग्य हुने रहेछ भने बालबालिका हुँदाको अवस्थामा निजले गरेको कसुरजन्य कार्यको आधारमा निज सो पद वा सुविधा प्राप्त गर्न अयोग्न नमानिने,[२६] सजाय गर्ने प्रयोजनको लागि पटके कायम गर्दा नाबालिग अवस्थामा गरेको कसुरजन्य कार्यको गणना नगरिने र पटकेको आधारमा निजलाई थप सजाय नगरिने[२७] तथा बालबालिकालाई नेल वा हतकडी लगाउन वा एकान्त कारावास वा थुना वा कैदमा राख्न नहुने[२८] जस्ता व्यवस्थाहरू गरिएको छ ।

**ठ. पुर्नस्थापकीय न्यायसम्बन्धी व्यवस्था**[२९]:

बाल न्याय सम्पादन गर्दा पुनर्स्थापकीय न्यायको मान्यताअनुकूल हुने गरी गर्नुपर्ने र पुनर्स्थापकीय न्यायसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने भनी बाल न्यायसम्बन्धी नवीनतम अवधारणालाई समेत ऐनले मान्यता दिएको छ ।

**ड. बाल सुधार गृहसम्बन्धी व्यवस्था**[३०]:

प्रचलित बालबालिकासम्बन्धी ऐनमा नेपाल सरकारले कानूनको विवादमा परेका बालबालिकाको सुधार र पुनर्स्थापना नभएसम्मको बालबालिका राख्ने प्रयोजनको लागि आवश्यकताअनुसार बाल सुधार गृहको स्थापना गर्नेछ । कुनै संस्थाले नेपाल सरकारबाट स्वीकृति लिई बाल सुधार गृहको स्थापना गर्न सक्नेछ । बाल सुधार गृहमा रहेका बालबालिकाको सो गृहमा रहनुपर्ने अवधि बाँकी

२६ ऐ., दफा ४०
२७ ऐ., दफा ४१
२८ ऐ., दफा ४२
२९ ऐ., दफा ३९
३० ऐ., दफा ४३

हुँदाको अवस्थामा निजको उमेर अठार वर्ष पुगेमा निजको बानी बेहोरामा आएको सुधार, आर्जन गरेको सीप तथा शिक्षाको निरन्तरतालगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बाल सुधार गृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नु पर्नेसम्बन्धी व्यवस्था गरेको छ। हालसम्म नेपालमा कानूनको विवादमा परेका बालबालिकाहरूको संस्थागत सुधारका लागि भक्तपुर, मोरङ, कास्की, बाँके, रूपन्देही, पर्सा र मकवानपुर गरी आठ वटा बाल सुधार गृहहरू सञ्चालनमा रहेका छन् ।

**ढ. बाल न्याय समितिसम्बन्धी व्यवस्था**[३१]:

बाल न्यायसँग सम्बन्धित काम गर्ने विभिन्न निकायहरूबिच समन्वय गर्ने कामसमेतका लागि केन्द्रीयस्तरमा तोकिएबमोजिमको एक केन्द्रीय बाल न्याय समिति र प्रत्येक जिल्लामा एक बाल न्याय समिति रहने व्यवस्था ऐनमा रहेको छ।

**ण. प्रोवेशन अधिकारीसम्बन्धी व्यवस्था**[३२]:

कसुरजन्य आरोप लागेका बालबालिकाको निकट सम्पर्कमा रही निजसँग सम्बन्धित मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, बाल अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गर्नेसमेतका कार्य गर्ने गरी नेपाल सरकारले प्रत्येक जिल्लामा एक प्रोवेशन अधिकारी नियुक्ति गर्नेछ भन्ने व्यवस्था ऐनमा रहेको छ।

## २.३. बाल न्यायसम्बन्धी नियमावलीमा भएका व्यवस्था

### २.३.१. बाल न्याय (कार्यविधि) नियमावली, २०६३

बालबालिकासम्बन्धी ऐन जारी भएपछि सो ऐनको बाल न्यायसम्बन्धी उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले बाल न्याय (कार्यविधि) नियमावली, २०६३ जारी भई नेपाल राजपत्रमा २०६३ साल भाद्र २० गते प्रकाशित भई सोही मितिबाट नै लागु भएको थियो। ऐ. नियमावलीमा बाल न्यायको विषयमा बालबालिकासम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात, मुद्दाको पुर्पक्ष र सुनुवाइ एवं फैसला हुँदाको अवस्थासम्मका विभिन्न चरणमा गर्नु पर्ने कार्यविधिका बारेमा उल्लेख गरिएको थियो। ऐ. नियमावलीमा बालबालिकाले गरेको कसुरको अनुसन्धान र तहकिकात गर्न प्रत्येक प्रहरी कार्यालयमा प्रचलित कानूनबमोजिम योग्यता पुगेका प्रहरी कर्मचारी रहेको छुट्टै इकाई

३१ ऐ., दफा ४६, ४७
३२ ऐ., दफा ७९

रहने र त्यस्तो इकाई नभएसम्म प्रहरी प्रधान कार्यालयले अनुसन्धान तहकिकातको लागि कुनै प्रहरी कर्मचारीलाई तोक्न सक्ने व्यवस्था रहेको थियो ।

बालबालिकासम्बन्धी मुद्दाहरूको अनुसन्धान तथा तहकिकात गर्दा प्रहरी कर्मचारीहरूले सादा पोसाक लगाउनु पर्ने, बालकलाई प्रक्राउ गर्नु पर्दा आफ्नो परिचय दिई परिचय खुल्ने कागजात देखाउनु पर्ने, बालकलाई पक्राउ गर्नु परेको कारण खुलाउनु पर्ने, पक्रिएको बालकलाई निजको संवैधानिक तथा कानूनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउनु पर्ने, सम्भव भएसम्म बालकको आमाबाबु भए दुबैलाई वा कम्तीमा एक जनालाई र बाबुआमा नभए निजको संरक्षकलाई गरेको कसुर सम्बन्धमा सूचना दिनु पर्ने, नजिकैको सरकारी अस्पताल वा चिकित्सकबाट तुरून्तै बालकको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने, सर्जमिन गर्दा बालकको बाबुआमा भएसम्म दुबै जना वा कम्तीमा एक जना र बाबुआमा नभए निजको संरक्षकलाई रोहवरमा राख्नु पर्ने, बालकसँग सोधपुछ गर्दा बालकले निजलाई सोधिएको कुराको उत्तर व्यक्त गर्न सक्ने बालमैत्री वातावरण बनाई सहज ढङ्गमा सोध्नु पर्ने, सोधपुछ गर्दा बालकको बाबु, आमा, संरक्षक, कानून व्यवसायी वा त्यस्तो बालक बालकल्याण गृह वा अनाथालयमा बसेको भए सोको प्रतिनिधिको उपस्थितिमा गर्न सकिने, बालकलाई एक पटकमा एक घण्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ गर्न नहुने, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा अनुसूचीबमोजिमको ढाँचामा “सामाजिक अध्ययन प्रतिवेदन” तयार गरी दिन अनुरोध गर्ने, सोधपुछ गर्दा सम्बन्धित कसुर, बालकको सामाजिक तथा पारिवारिक पृष्ठभूमि तथा अन्य आवश्यक कुरामा सोधपुछ गर्न सकिने व्यवस्था नियमावली को नियम ४ र ५ मा उल्लेख गरिएको थियो ।

नियम ११ र १७ ले जिल्ला अदालतमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकसमेत समावेश गरी तीन सदस्यीय बाल इजलास गठन गर्ने, बाल अदालत वा बाल इजलासमा मुद्दाको सुनुवाइ गर्दा न्यायाधीश, समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले अधिकार क्षेत्रको प्रयोग सामूहिक रूपमा गर्ने, सो गर्दा न्यायाधीशबाहेकका अन्य दुई सदस्यले मुद्दाको सुनुवाइपछि आफ्नो लिखित राय न्यायाधीशसमक्ष पेस गर्ने र तिनीहरूको राय प्राप्त भएपछि न्यायाधीशले फैसला गर्ने व्यवस्था गरिएको थियो । समाजसेवीको राय प्रतिवेदन बालबिज्याइँकर्ताको सामाजिक पक्षसँग सम्बन्धित हुन्छ भने बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको राय बालमनोविज्ञान तथा मनोसामाजिक पक्षसँग सम्बन्धित हुन्छ र न्यायाधीशले कानूनी विषयमा निर्णय दिने, समाजसेवी तथा बालमनोवैज्ञानिक उपस्थित नभएमा मुद्दाको कामकारबाही अमान्य नहुने भनी उल्लेख गरिएको थियो ।

नियम १२ मा बाल अदालत वा इजलासले मुद्दाको सुनुवाइ गर्दा बालमैत्री वातावरणमा गर्नु पर्ने, बालबालिकाले बुझ्ने भाषा प्रयोग गर्नु पर्ने, बालबालिकाउपर लागेको कसुरको प्रकृति र प्राप्त साक्षी प्रमाणबारेमा जानकारी दिनु पर्ने, सोधपुछ गर्दा "छुट्टै कोठामा क्यामरा जडान गरी बालकलाई सोही कोठामा सोधपुछ गरी र यसरी सोधिएको कुरा इजलासको पर्दामा देखिने गर्न सकिने", सोधपुछ गर्दा आमा, बुबा, संरक्षक वा कानून व्यवसायीको उपस्थितिमा गर्न सकिने र सोधपुछ गर्न बालकसँग सहज रूपमा सञ्चार वा संवाद गर्न सक्ने व्यक्ति तोक्न सकिने व्यवस्था यस नियमावलीमा गरिएको थियो ।

यसैगरी बालबालिकाउपर कुनै अभियोग लागी सो अभियोग प्रमाणित भएमा निजहरूलाई उमेरअनुसार सजाय हुने व्यवस्था रहेको र नियम १५ मा बालबालिकाको उमेर निर्धारण गर्दा क्रमशः अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति, सो नभएमा स्थानीय पदाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति, सो नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालय भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति र सो नभएमा सरकारी अस्पतालबाट प्रमाणितलाई आधार लिनु पर्ने भनी उल्लेख भएको थियो ।

नियम १६ मा बालबालिका विरूद्धको मुद्दामा मुद्दा दायर भएको १२० दिनभित्र फैसला गरिसक्नु पर्ने व्यवस्था रहेको र नियम १७ मा बाल अदालत वा इजलासले फैसला गर्दा अन्य प्रचलित कानूनमा उल्लेख भएका कुराका अतिरिक्त अभियोगपत्रको संक्षिप्त बेहोरा, पेस भएको र बुझेको प्रमाण, बाल अदालत वा बाल इजलासमा सहभागी समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले प्रस्तुत गरेको रायको संक्षिप्त बेहोरा, कानून व्यवसायीको जिकिर, सान्दर्भिक जिकिर, कसुर प्रमाणित भए वा नभएकोमा सोको आधार, निर्णय गर्दा लिइएको आधार र कारणहरू, बालकलाई सुधार गर्ने सम्बन्धमा अवलम्बन गर्नु पर्ने उपाय, क्षतिपूर्ति वा जरिवाना तिर्नु बुझाउनु पर्ने भए सोसम्बन्धी बेहोरा आदि कुराहरू फैसलामा खुलाउनु पर्ने, नियम १८ मा फैसलाको कार्यान्वयन सम्बन्धमा छुट्टै विशेष व्यवस्था नभई प्रचलित कानूनबमोजिम नै हुने साथै नियम १९ मा फैसला भइसकेपछि फैसलाको प्रतिलिपि सम्बन्धित बालकलाई निःशुल्क उपलब्ध गराई दिनुपर्ने जस्ता व्यवस्थाहरू बाल न्याय (कार्यविधि) नियमावली, २०६३ मा रहेको थियो ।

### २.३.२. **बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६**

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८५ को प्रतिबन्धात्मक वाक्यांशले प्रदान गरेको अधिकारको प्रयोग गरी सर्वोच्च अदालतले बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६

बनाई नेपाल सरकारले राजपत्रमा मिति २०७६।२।१५ मा प्रकाशित गरी सोही मितिबाट लागु भएको छ। ऐ. नियमावलीमा बाल न्यायको विषयमा बालबालिकासम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन, मुद्दाको पुर्पक्ष र सुनुवाइ एवं फैसला हुँदाको अवस्थासम्मका विभिन्न चरणमा गर्नुपर्ने कार्यविधिका बारेमा महत्वपूर्ण व्यवस्थाहरूबारे स्पष्ट रूपमा उल्लेख गरेको पाइन्छ। साथै यस नियमावलीमा निगरानी कक्षमा हुनुपर्ने सुविधाहरू, बाल अदालतमा सदस्यको रूपमा उपस्थित हुने समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता, नियुक्ति तथा सेवाको सर्त, बाल अदालतको क्षेत्राधिकार, मुद्दाको सुनुवाइ, पुनर्स्थापकीय न्याय, प्रोवेशन अधिकारीको काम, कर्तव्य, अधिकार, केन्द्रीय बाल न्याय समिति र जिल्ला बाल न्याय समितिको गठन, काम कर्तव्य, अधिकारहरूलगायतका व्यवस्थाहरू सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरेको पाइन्छ।

**क. कसुरजन्य कार्यको उजुरी, अनुसन्धान तथा अभियोजनसम्बन्धी व्यवस्था :**

कुनै बालबालिका विरूद्ध कसुरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले त्यस्तो सूचना प्रचलित कानूनबमोजिम खडा गरिएको दायरीमा दर्ता गरी गोप्य तवरले सो कुराको अनुसन्धान प्रारम्भ गर्नुपर्ने साथै बालबालिकाको परिचयात्मक विवरण गोप्य राखी साङ्केतिक नाम दिई कारबाही अगाडि बढाउनु पर्नेछ,[३३] भनी नियमावलीमा उल्लेख गरिएको छ। यस्तै बालबालिकाउपर लागेको कसुरजन्य कार्यको आरोपमा अनुसन्धान गर्दा अनुसन्धान अधिकारीले प्रचलित कानूनमा लेखिएको कार्यविधिको अतिरिक्त प्रहरी कर्मचारीले प्रहरीको पोसाक नलगाई सादा पोसाक लगाउनु पर्ने, बालबालिकालाई नियन्त्रणमा लिनु पर्दा सोको कारण खुलाई आफ्नो परिचय दिई परिचय खुल्ने कागजात देखाउनु पर्ने, नियन्त्रणमा लिएको बालबालिकालाई निजको संवैधानिक तथा कानूनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउने, बालबालिकाको बाबु आमा भए दुबैलाई वा कम्तीमा एकजनालाई र बाबु आमा नभए निजको परिवारको सदस्य वा संरक्षकलाई बालबालिकाउपर लागेको कसुरजन्य कार्यको आरोपको सम्बन्धमा सूचना दिने, नजिकैको सरकारी अस्पताल वा चिकित्सकबाट तुरून्तै बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने, आवश्यकताअनुसार बाल मनोविज्ञको परामर्श वा मनोसामाजिक सहयोग उपलब्ध गराउने, समाजसेवीबाट सम्बन्धित बालबालिकाको सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न लगाउने, कुनै लिखत तयार गर्दा बालबालिकाको बाबु आमा भएसम्म दुबैजना वा कम्तीमा एकजना र बाबु आमा नभए निजको परिवारको सदस्य वा संरक्षक, बाल कल्याण अधिकारी वा कानून व्यवसायीलाई रोहवरमा राख्नु पर्ने, बालबालिकालाई नियन्त्रणमा लिइएको जानकारी तुरून्त सम्बन्धित जिल्ला बाल न्याय समिति वा समितिलाई गराउनु पर्ने, बालबालिका वा निजको अभिभावकले छुट्टै

३३ बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६, नियम ३

कानून व्यवसायीको सेवा लिएकोमा बाहेक बालबालिकालाई निःशुल्क कानूनी सहायता प्रदान गर्ने सम्बन्धमा वैतनिक वकिल वा जिल्ला कानूनी सहायता समिति वा सम्बन्धित बार एकाइ वा अन्य इच्छुक कानून व्यवसायीलाई जानकारी गराउने जस्ता कार्यविधि अवलम्बन गर्नु पर्नेछ[३४] भनी नियमावलीमा उल्लेख गरिएको छ ।

यसैगरी बालबालिकाउपर प्रचलित कानूनबमोजिम मुद्दा चलाउनु पर्ने देखिएमा अनुसन्धान अधिकारीले सम्बन्धित अभियोजनकर्तासमक्ष प्रचलित कानूनबमोजिमको ढाँचामा प्रतिवेदनसहित मिसिल पेस गर्नु पर्नेछ र अभियोजनकर्ताले प्रचलित कानूनबमोजिमको ढाँचामा सम्बन्धित बाल अदालतमा अभियोग पत्र दर्ता गर्नु पर्नेछ । यसरी अभियोग पत्र दर्ता गर्दा सामाजिक अध्ययन प्रतिवेदनसमेत साथै पेस गर्नु पर्नेछ[३५] । कुनै कसुरजन्य कार्यको आरोप लागी अनुसन्धान भइरहेका बालबालिकाको साथमा उक्त कसुरमा उमेर पुगेका व्यक्तिसमेत प्रतिवादी भएमा अभियोजनकर्ताले बालबालिकाको हकमा बाल अदालतमा अभियोगपत्र दर्ता गरी उमेर पुगेका व्यक्तिको हकमा प्रचलित कानूनबमोजिम उक्त मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकारक्षेत्र रहेको अदालतमा अभियोगपत्र दर्ता गर्नु पर्नेछ[३६] भनी नियमावलीमा उल्लेख गरिएको छ ।

**ख. निगरानी कक्षमा हुनुपर्ने न्यूनतम सुविधासम्बन्धी व्यवस्था :**

निगरानी कक्षमा बालबालिकाको लागि स्वच्छ पिउने पानी तथा पोषणयुक्त खाना, बालबालिकालाई बस्न तथा सुत्नको लागि ओढ्ने ओछ्याउने कपडासहितको उपयुक्त व्यवस्था, बालबालिकालाई बस्न तथा सुत्नको लागि आवश्यक कुर्ची, मेच, पलङको सुविधा, कक्षमा पर्याप्त हावा र प्रकाशको लागि उचित व्यवस्था, शौचालय र सरसफाईको उचित व्यवस्था, भौगोलिक अवस्था र मौसमअनुसारको अन्य उपयुक्त व्यवस्था जस्ता न्यूनतम सुविधा र समितिले निर्धारण गरेको मापदण्डबमोजिमको अन्य सुविधाको व्यवस्था गर्नु पर्नेछ र यस्ता सुविधाहरू निगरानी कक्षमा उपलब्ध भए नभएको सम्बन्धमा बाल अदालतले अनुगमन गर्न सक्नेछ[३७] भनी नियमावलीमा उल्लेख गरिएको छ ।

**ग. बाल इजलासमा सहभागी हुने समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता, नियुक्ति तथा सेवाका सर्तसम्बन्धी व्यवस्था :**

नियमावलीको परिच्छेद ३ मा समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता, नियुक्ति तथा सेवाको सर्त बारेमा स्पष्ट रूपमा उल्लेख गरेको छ । जसअनुसार समाजसेवीको रूपमा सहभागी हुने

३४ ऐ., नियम ७
३५ ऐ., नियम १०
३६ ऐ., नियम ११
३७ ऐ., नियम ६

व्यक्ति मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बाल विकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरी बालअधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको हुनुपर्ने । तर हिमाली जिल्लामा स्नातक तह वा सोसरह उत्तीर्ण गरेको व्यक्ति उपलब्ध हुन नसकेमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरी बालअधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको व्यक्तिलाई नियुक्त गर्न बाधा पर्ने छैन भनी उल्लेख गरिएको छ ।

त्यसैगरी बाल मनोविज्ञ वा बाल विशेषज्ञको रूपमा सहभागी हुने व्यक्ति मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरी बालअधिकार वा मनोविज्ञानका सम्बन्धमा कम्तीमा दुई महिनाको तालिम प्राप्त गरेको, फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको हुनुपर्ने । तर हिमाली जिल्लामा स्नातक तह वा सोसरह उत्तीर्ण गरेको व्यक्ति उपलब्ध हुन नसकेमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरी बाल अधिकार वा मनोविज्ञानका सम्बन्धमा कम्तीमा दुई महिनाको तालिम प्राप्त गरेका व्यक्तिलाई नियुक्त गर्न बाधा पर्ने छैन भनी भनी उल्लेख गरिएको छ ।

प्रत्येक बाल इजलासमा रहने समाजसेवी, बाल मनोविज्ञ छनौट गर्ने प्रयोजनको लागि जिल्ला अदालतले तिस दिनको सार्वजनिक सूचना प्रकाशन गरी योग्यता पुगेका ऐनको दफा ६२ बमोजिम समाजसेवी वा बाल मनोविज्ञको रूपमा सूचीकृत भएका व्यक्तिहरूमध्येबाट दरखास्त आह्वान गर्नु पर्नेछ । सोबमोजिम परेका दरखास्तमध्ये जिल्ला अदालतले आवश्यक छानबिन गरी उपयुक्त देखिएका समाजसेवी र बाल मनोविज्ञलाई जिल्ला अदालतले बाल इजलासमा रहने समाजसेवी र बाल मनोविज्ञको रूपमा नियुक्ति दिनेछ र त्यसरी नियुक्ति भएका समाजसेवी तथा बाल मनोविज्ञ वा विशेषज्ञको रूपमा उपस्थित बाल विशेषज्ञलाई नेपाल सरकारले तोके बमोजिमको सुविधा जिल्ला अदालतले उपलब्ध गराउनेछ र निजहरूको पदावधि चार वर्षको हुनेछ र निजहरूको पुनः नियुक्ति हुन सक्नेछ[३८] भनी उल्लेख गरिएको छ ।

**घ. बाल अदालतको अधिकारक्षेत्रको प्रयोग र मुद्दाको सुनुवाइसम्बन्धी व्यवस्था :**

बाल इजलासको क्षेत्राधिकारको प्रयोग न्यायाधीश, समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञले सामूहिक रूपमा गर्नेछन्, समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञले मुद्दाको तथ्यको सम्बन्धमा आफ्नो लिखित राय न्यायाधीशसमक्ष पेस गर्नु पर्नेछ र उक्त रायसमेतलाई दृष्टिगत गरी न्यायाधीशले

३८ ऐ., नियम १५

कानूनी प्रश्नको निरूपण गर्नेछ । बाल इजलासका लागि नियुक्त भएका समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञ आफूले सामाजिक, मनोसामाजिक वा मनोवैज्ञानिक अध्ययन प्रतिवेदन पेस गरेको बालबालिका पक्ष रहेको मुद्दा र प्रचलित कानूनबमोजिम हेर्न नमिल्ने मुद्दाको निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैनन्[३९] भनी नियमावलीमा उल्लेख गरिएको छ । ऐ. नियमावलीमा यदि बाल इजलासमा कुनै कारणले समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञ अनुपस्थित रहेको अवस्थामा पनि न्यायाधीशले मुद्दाको सुनुवाइ, कारबाही र किनारा गर्न बाधा पर्ने छैन भन्ने व्यवस्थासमेत रहेको पाइन्छ । यसैगरी नियमावलीले बाल अदालतले कसुरजन्य कार्यको अभियोग लागेको बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न मनासिब देखेमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा रहेको भए पनि दिशान्तरको निर्णय गर्न सक्नेछ भनी बाल अदालतलाई अधिकार दिएको देखिन्छ ।

ऐ. नियमावलीमा कसुरजन्य कार्यको अभियोग लागेको बालबालिकाको मुद्दामा बन्द इजलासमा सुनुवाइ गरिने र यसरी सुनुवाइ गर्दा बालबालिकासँगै निजको बाबु, आमा, परिवारका सदस्य, संरक्षक वा निजको कानून व्यवसायी, सरकारी वकिल, मुद्दाको पीडित पक्ष र निजको कानून व्यवसायी तथा अदालतले अनुमति दिएका व्यक्तिलाई मात्र प्रवेश अनुमति दिइनेछ । बालिकालाई सोधपुछ गर्दा बाल अदालतको छुट्टै कोठामा क्यामेरा जडान गरी बालबालिकालाई सोही कोठामा सोधपुछ गरी त्यसरी सोधिएको कुरा इजलासको पर्दा (स्क्रिन) मा देखिने व्यवस्था गर्न सकिनेछ र सोबमोजिम सोधपुछ गर्न बाल मनोविज्ञ वा बालबालिकासँग सहज रूपमा सञ्चार वा संवाद गर्न सक्ने व्यक्तिलाई बाल अदालतले तोक्न सक्नेछ । यसरी व्यक्ति तोक्दा उपलब्ध भएसम्म बाल न्यायसम्बन्धी तालिम प्राप्त व्यक्तिलाई तोक्नु पर्नेछ र बालबालिकासँगै निजको बाबु, आमा, संरक्षक वा कानून व्यवसायी बस्न सक्नेछन्[४०] भनी उल्लेख भएको पाइन्छ ।

यसैगरी बाल अदालतले मुद्दाको कारबाही र सुनुवाइको सिलसिलामा पीडित बालबालिकालाई ऐनको दफा २५ बमोजिम प्राप्त अधिकारको कार्यान्वयन गर्न तथा साक्षी बालबालिकाको संरक्षणको लागि उपयुक्त आदेश दिन सक्नेछ र बाल अदालतले मुद्दाको कुनै पनि चरणमा पीडित बालबालिकालाई पुनर्स्थापना गर्न उपयुक्त र आवश्यक आदेश गर्न सक्नेछ । साथै बाल अदालतले मुद्दाको कुनै पनि चरणमा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाको अधिकारको संरक्षणको लागि तथा बालबालिकालाई पुनर्स्थापना गर्न उपयुक्त र आवश्यक आदेश दिन सक्नेछ[४१] भन्ने व्यवस्था बारे नियमावलीमा स्पष्ट रूपमा उल्लेख भएको छ ।

---

३९ ऐ., नियम १८
४० ऐ., नियम २०
४१ ऐ., नियम २१

**ङ. पुनर्स्थापकीय न्यायसम्बन्धी व्यवस्था :**

न्याय सम्पादनको क्रममा दिशान्तर गर्दा, फैसला गर्दा र सजाय कार्यान्वयन गर्दासमेत पुनर्स्थापकीय न्यायका सिद्धान्तलाई बाल न्याय प्रणालीको आधारभूत सिद्धान्तको रूपमा अनुसरण गरी बाल न्याय सम्पादन गर्दा कसुरजन्य कार्यबाट सिर्जित आपराधिक दायित्वको निर्धारण, पीडितको न्याय पाउने हकको सम्मान र कसुरजन्य कार्यबाट प्रभावित पक्षको समाजमा पुनर्स्थापनाको सुनिश्चितताको लागि उपयुक्त उपायको रूपमा पुनर्स्थापकीयन्यायलाई अवलम्बन गरिनेछ[४२] भन्ने व्यवस्था नियमावलीले गरेको छ ।

जसमध्ये पीडित, पीडक, निजहरूको परिवार, घटनापश्चात् उद्धार एवं उपचारमा संलग्न व्यक्ति र सहजकर्तासमेतको सहभागितामा कसुर गर्दाको परिस्थिति, कारण, हुन गएको क्षति, उपचार गर्दा लागेको खर्चसमेतको विषयमा छलफल गराउने, पीडित र प्रभावित पक्षलाई पुगेको क्षतिलाई मूल्याङ्कन गरी क्षतिको रकम यकिन गर्न सम्भव भएमा त्यस्तो रकम भराइदिने, पेसागत काम कारबाही गर्न नसक्ने गरी पीडितको क्षमता ह्रास भएको वा निजको हक लाग्ने सम्पत्ति हानिनोक्सानी हुन गएकोमा प्रत्यक्ष हानिनोक्सानी कसुरदारबाट भराइदिने, आवश्यक देखिएका अन्य उपयुक्त उपाय अवलम्बन गराउने जस्ता कुनै वा सबै उपायहरू अवलम्बन गर्ने गरी बाल अदालतले आदेश दिन सक्नेछ र पुनर्स्थापकीय न्यायका अन्य आधार र प्रक्रिया निर्देशिकामा व्यवस्था भएबमोजिम हुनेछ भनी उल्लेख गरेको पाइन्छ ।

**च. फैसला र फैसला कार्यान्वयन :**

बालबालिका विरूद्धको मुद्दामा मुद्दा दायर भएको १२० दिनभित्र फैसला गरी सक्नु पर्ने व्यवस्था रहेको छ । बाल अदालत वा इजलासले फैसला गर्दा अन्य प्रचलित कानूनमा उल्लेख भएका कुराका अतिरिक्त अभियोगपत्रको संक्षिप्त बेहोरा, पेस भएको र बुझेको प्रमाण, बाल अदालत वा बाल इजलासमा सहभागी समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले प्रस्तुत गरेको रायको संक्षिप्त बेहोरा, कानून व्यवसायीको परिचय र बहस जिकिरहरू, आरोप प्रमाणित हुने वा नहुने आधार कारणहरू, ठहर गर्दा लिइएका तथ्यगत एवं कानूनी आधार र कारणहरू, सजाय निर्धारण गर्ने क्रममा सजायपूर्वको प्रतिवेदन, सजाय निर्धारणका आधार, कारण र सोको प्रक्रिया, सजाय तथा क्षतिपूर्ति निर्धारण, सुधार एवं पुनर्स्थापनाका बैकल्पिक उपायसम्बन्धी आदेश आदि कुराहरू फैसलामा खुलाउनु पर्छ । फैसला भइसकेपछि फैसलाको प्रतिलिपि सम्बन्धित बालकलाई निःशुल्क

---

४२ ऐ., नियम २९

उपलव्ध गराई दिनुपर्छ । फैसलाको कार्यान्वयन प्रचलित कानूनबमोजिम हुनेछ[४३] भन्ने व्यवस्था नियमावलीमा रहेको छ ।

**छ. प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकार :**

प्रोवेशन अधिकारीले बाल न्यायसँग सम्बन्धी काम, कर्तव्य र अधिकारको अतिरिक्त बाल न्यायको सन्दर्भमा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाको मुद्दाको अनुसन्धानसम्बन्धी प्रक्रिया अवलोकन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेस गर्ने, निगरानी कक्ष, सुधार गृह तथा अन्य संघ संस्थामा राखिएका बालबालिकाको स्थितिबारे अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेस गर्ने, दिशान्तरको क्रममा अनुसन्धान अधिकारी, अभियोजनकर्ता र बाल अदालतबाट भएको आदेशको पालना भए नभएको सम्बन्धमा अध्ययन गरी उक्त निकायहरूलाई आवश्यक प्रतिवेदन पेस गर्ने, बाल अदालतले दिएको आदेशहरूको कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेस गर्ने, बालबालिकालाई परिवार तथा समुदायमा पुनर्स्थापना गर्न सहयोग गर्ने, बाल अदालतले प्रोवेशनमा रहने गरी तोकेका बालबालिकाहरूको सुपरिवेक्षण गर्ने, बालबालिका संलग्न कसुरजन्य कार्यको अनुसन्धान वा अभियोजनको क्रममा अनुसन्धान अधिकारी वा अभियोजनकर्ताले मागेको कुनै विवरण वा जानकारी उपलब्ध गराउने, बाल अदालतले तोकेको अन्य कार्य गर्ने[४४] भनी स्पष्ट रूपमा नियमावलीमा उल्लेख भएको पाइन्छ ।

४३ ऐ., नियम २६, २७ र २८
४४ ऐ., नियम ४३

# परिच्छेद ३

# कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको विवरण

विभिन्न जिल्ला अदालतहरूबाट यस सचिवालयलाई प्राप्त हुन आएको अनुसूची १ बमोजिमको ढाँचामा तथ्याङ्कहरूको वर्गिकरण र विश्लेषण गरी यस परिच्छेदमा आ.व. २०७४/०७५ मा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाको देहायबमोजिमको विवरण प्रस्तुत गरिएको छः-

### ३.१. प्रदेश र जिल्लागत आधारमा दर्ता भएका जम्मा मुद्दाको विवरण

| प्रदेश १ | क्र.स. | जिल्ला | मुद्दा संख्या | कैफियत |
|---|---|---|---|---|
| | १ | ताप्लेजुङ्ग | ० | मुद्दा दर्ता नभएको |
| | २ | पाँचथर | ५ | |
| | ३ | इलाम | ५ | |
| | ४ | झापा | १४ | |
| | ५ | मोरङ | ६ | |
| | ६ | तेह्रथुम | २ | |
| | ७ | सुनसरी | ११ | |
| | ८ | धनकुटा | १ | |
| | ९ | संखुवासभा | ५ | |
| | १० | भोजपुर | ६ | |
| | ११ | उदयपुर | ६ | |
| | १२ | खोटाङ | ५ | |
| | १३ | ओखलढुँङ्गा | १ | |
| | १४ | सोलुखुम्बु | ० | मुद्दा दर्ता नभएको |
| प्रदेश २ | १५ | पर्सा | ५ | |
| | १६ | बारा | ३ | |
| | १७ | रौतहट | ६ | |
| | १८ | सर्लाही | २ | |
| | १९ | महोत्तरी | १ | |
| | २० | धनुषा | - | विवरण नआएको |
| | २१ | सिराहा | ३ | |
| | २२ | सप्तरी | ८ | |

| | | | | |
|---|---|---|---|---|
| **प्रदेश ३** | २३ | रसुवा | १ | |
| | २४ | सिन्धुपाल्चोक | २ | |
| | २५ | दोलखा | ५ | |
| | २६ | नुवाकोट | ५ | |
| | २७ | धादिङ्ग | १ | |
| | २८ | काभ्रेपलान्चोक | १ | |
| | २९ | रामेछाप | १ | |
| | ३० | चितवन | ४ | |
| | ३१ | मकवानपुर | ६ | |
मुद्दाहरू दर्ता भएकोमा जम्मा प्रतिवादीहरूको संख्या ३५ रहेको छ । दार्चुला जिल्ला अदालतमा बाल यौन दुराचार, जबरजस्ती करणी, कर्तव्य ज्यान र बहु विवाह गरी जम्मा ४ प्रकृतिका मुद्दाहरू दर्ता भएकोमा जम्मा प्रतिवादीहरूको संख्या ८ रहेको छ । बैतडी जिल्ला अदालतमा नकबजनी चोरीसम्बन्धी मुद्दाहरू दर्ता भएकोमा प्रतिवादीहरूको संख्या २ रहेको छ । डडेल्धुरा जिल्ला अदालतमा बाल विवाह र अन्य मुद्दाहरू दर्ता भएकोमा जम्मा प्रतिवादीहरूको संख्या ३ रहेको छ । बझाङ जिल्ला अदालतमा डाँका चोरी, जबरजस्ती करणी, लागु औषध, कर्तव्य ज्यान र वनसम्बन्धी मुद्दाहरू दर्ता भएकोमा जम्मा ५ प्रकृतिका मुद्दाहरू दर्ता भएकोमा जम्मा प्रतिवादीहरूको संख्या ९ रहेको छ । कैलाली जिल्ला अदालतबाट विवरण उपलब्ध नभएको हुँदा यहाँ समावेश गरिएको छैन ।

उपर्युक्तानुसार प्रदेश नं. ७ मा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी विभिन्न प्रकृतिका मुद्दाहरूमा जम्मा प्रतिवादीहरूको संख्या ६९ रहेको देखिन्छ ।

अतः प्रदेश नं. १, २, ३, ४, ५, ६ र ७ का ७७ वटा जिल्ला अदालतहरूमा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी विभिन्न प्रकृतिका मुद्दाहरूमा जम्मा प्रतिवादीह बालबालिकारूको संख्या ९९५ रहेको देखिन्छ ।

**४.६. विभिन्न प्रकृतिका मुद्दाहरूमा प्रतिवादी बालबालिकाको संख्या र उमेर समूह**

| क्र.स. | मुद्दा | जम्मा मुद्दा संख्या | जम्मा प्रतिवादी संख्या | उमेर समूह | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | १४ वर्षमुनि | १४ देखि १५ वर्ष | १६ देखि १८ वर्ष | नखुलेको |
| १ | जबरजस्ती करणी | २०३ | २२४ | ४४ | ५२ | ६९ | ५९ |
| २ | लागु औषध | ११९ | १३७ | ८ | २७ | ७३ | २९ |
| ३ | चोरी | ९७ | १२५ | ४ | ३५ | ६४ | २२ |
| ४ | नकबजनी चोरी | ५९ | ७६ | १७ | १० | ३५ | १४ |
| ५ | ज्यान मार्ने उद्योग | ४७ | ८४ | १ | १२ | ५४ | १७ |
| ६ | जबरजस्ती करणी उद्योग | ३१ | ३३ | २ | १२ | ७ | १२ |
| ७ | कर्तव्य ज्यान | २६ | ३३ | १ | २ | १४ | १६ |
| ८ | डाँका चोरी | २० | ३६ | २ | १० | २२ | २ |
| ९ | सवारी ज्यान | १७ | २१ | ० | ४ | ९ | ८ |
| १० | बाल विवाह | १५ | १८ | ० | ५ | ८ | ५ |
| ११ | अभद्र ब्यवहार | १३ | १८ | ० | ५ | ८ | ५ |
| १२ | बाल यौन दुराचार | १० | १० | १ | १ | ३ | ५ |
| १३ | बहुविवाह | १० | ११ | ० | १ | ७ | ३ |
| १४ | डाँका | ९ | २४ | १ | ५ | १२ | ६ |
| १५ | हाडनाता जबरजस्ती करणी | ९ | ९ | ० | २ | ४ | ३ |
| १६ | केही सार्वजनिक अपराध | ८ | १३ | १ | ३ | ८ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | कुटपिट अंगभंग/सवारी अंगभंग | ७ | १७ | १ | ० | १६ | ० |
| १८ | अपहरण | ६ | ७ | ० | ० | ५ | २ |
| १९ | अपहरण तथा शरीर बन्धक | ६ | ७ | ० | १ | ६ | ० |
| २० | वनसम्बन्धी | ६ | ११ | १ | ६ | ० | ४ |
| २१ | आपराधिक उपद्रव | ५ | १७ | १ | ४ | ४ | ८ |
| २२ | हातहतियार खरखजाना | ४ | ६ | ० | २ | ३ | १ |
| २३ | विद्युतीय कारोबार | ४ | ४ | ० | २ | २ | ० |
| २४ | मानव बेचबिखन | ३ | ४ | १ | १ | १ | १ |
| २५ | आगलागी | ३ | ७ | ० | १ | ५ | १ |
| २६ | किर्ते परीक्षा | ३ | ४ | १ | ० | २ | १ |
| २७ | चोरी उद्योग | ३ | ३ | ० | १ | २ | ० |
| २८ | पशुपंक्षीसम्बन्धी कसुर | २ | ३ | ० | २ | १ | ० |
| २९ | संगठित अपराध | २ | २ | ० | ० | २ | ० |
| ३० | चितुवाको छाला ओसारपसार | २ | २ | १ | ० | १ | ० |
| ३१ | जबरजस्ती करणी अप्राकृतिक मैथुन | १ | १ | ० | १ | ० | ० |
| ३२ | जबरजस्ती चोरी | १ | १ | ० | ० | १ | ० |
| ३३ | गोरू काटी मारेको | १ | १ | ० | १ | ० | ० |
| ३४ | अवैध औषधी बिक्री वितरण | १ | १ | ० | ० | १ | ० |
| ३५ | चोरीमा प्रयोग हुने औजार लिई हिँडेको | १ | २ | ० | १ | १ | ० |
| ३६ | खोटा चलन | १ | १ | ० | ० | १ | ० |
| ३७ | सामूहिक जबरजस्ती करणी | १ | २ | ० | १ | १ | ० |
| ३८ | विद्युतीय धरापमा पारी बाघ मारेको | १ | २ | ० | ० | २ | ० |
| ३९ | प्राचीन स्मारक | १ | १ | ० | ० | १ | ० |
| ४० | बाघको छाला ओसार पसार | १ | २ | ० | ० | २ | ० |
| ४१ | सार्वजनिक हित विरूद्धको कसुर | १ | १ | ० | ० | ० | १ |
| ४२ | अन्य | १२ | १४ | १ | ४ | ८ | १ |
| **जम्मा** | | **७७२** | **९९५** | **८९** | **२१४** | **४५६** | **२२७** |

स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७६

आर्थिक वर्ष २०७५/०७६ मा विभिन्न जिल्ला अदालतहरूमा ४२ प्रकृतिका कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी ७७२ थान मुद्दा दर्ता भएकोमा प्रतिवादी बालबालिकाहरूलाई विभिन्न उमेर समुहमा विभाजन गर्दा १४ वर्ष मुनिका ८९ जना, १४ देखि १५ वर्ष भित्रका २१४ जना र १६ देखि १८  वर्षका ४५६ जना र उमेर समुह खुल्न नसकेका २२७ जना गरी जम्मा ९९५ जना बालबालिकाहरू रहेको देखिन्छ ।

## ४.७. कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाहरूमा प्रतिवादी बालबालिकाहरू

| क्र.सं. | मुद्दा | बालक | बालिका | नखुलेको | जम्मा |
|---|---|---|---|---|---|
| १ | जबरजस्ती करणी | २१६ | ३ | ५ | २२४ |
| २ | लागु औषध | ८८ | ० | ४९ | १३७ |
| ३ | चोरी | ११९ | २ | ४ | १२५ |
| ४ | ज्यान मार्ने उद्योग | ८३ | १ | ० | ८४ |
| ५ | नकबजनी चोरी | ७६ | ० | ० | ७६ |
| ६ | डाँका चोरी | १० | ० | २६ | ३६ |
| ७ | जबरजस्ती करणी उद्योग | २७ | २ | ४ | ३३ |
| ८ | कर्तव्य ज्यान | २७ | ३ | ३ | ३३ |
| ९ | डाँका | २३ | ० | १ | २४ |
| १० | सवारी ज्यान | १८ | ० | ३ | २१ |
| ११ | अभद्र व्यवहार | १६ | ० | २ | १८ |
| १२ | बाल विवाह | १२ | ३ | ३ | १८ |
| १३ | कुटपिट अंगभंग/सवारी अंगभंग | १७ | ० | ० | १७ |
| १४ | आपराधिक उपद्रव | १७ | ० | ० | १७ |
| १५ | केही सार्वजनिक अपराध | १२ | ० | १ | १३ |
| १६ | बहुविवाह | ३ | ८ | ० | ११ |
| १७ | वनसम्बन्धी | ९ | २ | ० | ११ |
| १८ | बाल यौन दुराचार | ६ | १ | ३ | १० |
| १९ | हाडनाता जबरजस्ती करणी | ९ | ० | ० | ९ |
| २० | अपहरण तथा शरीर बन्धक | ७ | ० | ० | ७ |
| २१ | आगलागी | ६ | ० | १ | ७ |
| २२ | अपहरण | ५ | ० | २ | ७ |
| २३ | हातहतियार खरखजाना | ५ | ० | १ | ६ |
| २४ | किर्ते | ४ | ० | ० | ४ |
| २५ | मानव बेचबिखन | २ | २ | ० | ४ |
| २६ | विद्युतीय कारोबार | ० | ० | ४ | ४ |
| २७ | चोरी उद्योग | ३ | ० | ० | ३ |
| २८ | पशुपंक्षीसम्बन्धी कसुर | ३ | ० | ० | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | चोरी हुने औजार लिएको | २ | ० | ० | २ |
| ३० | संगठित अपराध | २ | ० | ० | २ |
| ३१ | सामुहिक जबरजस्ती करणी | २ | ० | ० | २ |
| ३२ | चितुवाको छाला ओसारपसार | २ | ० | ० | २ |
| ३३ | बाघको छाला ओसारपसार | २ | ० | ० | २ |
| ३४ | विद्युतीय धरापमा पारी बाघ मारेको | ० | ० | २ | २ |
| ३५ | खोटा चलन | १ | ० | ० | १ |
| ३६ | जबरजस्ती करणी, अप्राकृतिक मैथुन | १ | ० | ० | १ |
| ३७ | गोरु काटी मारेको | १ | ० | ० | १ |
| ३८ | अवैध औषधी बिक्री वितरण | १ | ० | ० | १ |
| ३९ | सार्वजनीक हित विरुद्धको कसुर | १ | ० | ० | १ |
| ४० | जबरजस्ती चोरी | ० | ० | १ | १ |
| ४१ | प्राचीन स्मारक | ० | ० | १ | १ |
| ४२ | अन्य | १४ | ० | ० | १४ |
| **जम्मा** | | **८५२** | **२७** | **११६** | **९९५** |

*स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७६*

आर्थिक वर्ष २०७५/०७६ मा दर्ता भएका जम्मा ४२ प्रकृतिका मुद्दाहरूमा संलग्न रहेका जम्मा प्रतिवादी बालबालिकाहरू ९९५ रहेकोमध्ये सबैभन्दा बढी क्रमशः जबरजस्ती करणीमा २२४, लागु औषधमा १३७ चोरीमा १२५, ज्यान मार्ने उद्योगमा ८४, नकबजनी चोरीमा ७६, डाँका चोरीमा ३६, जबरजस्ती करणी उद्योगमा ३३, कर्तव्य ज्यानमा ३३, डाँकामा २४, सवारी ज्यानमा २१, अभद्र व्यवहारमा १८, बालविवाहमा १८, कुटपिट अंगभंग/सवारी अंगभंगमा १७, आपराधिक उपद्रवमा १७, केही सार्वजनिक अपराधमा १३, बहुविवाहमा ११, वनसम्बन्धीमा ११, बाल यौन दुराचारमा १०, हाडनाता जबरजस्ती करणीमा ९, अपहण तथा शरीर बन्धकमा ७, आगलागीमा ७, अपहरणमा ७, हातहतियार खरखजानामा ६, किर्तेमा ४, मानव बेचबिखनमा ४, विद्युतीय कारोबारमा ४, चोरी उद्योगमा ३, पशुपंक्षीसम्बन्धी कसूरमा ३, चोरी हुने औजार लिएकोमा २, संगठित अपराधमा २, सामुहिक जबरजस्ती करणीमा २, चितुवाको छाला ओसारपसारमा २, बाघको छाला ओसारपसार मा २, विद्युतीय धरापमा पारी बाघ मारेकोमा २, खोटा चलनमा १, जबरजस्ती करणी अप्राकृतिक मैथुनमा १, गोरु काटी मारेकोमा १, अवैध औषधी बिक्री वितरणमा १, सार्वजनिक हित विरुद्धको कसुरमा १, जबरजस्ती चोरीमा १, प्राचीन स्मारममा १ र अन्यमा १४ जना रहेका छन् ।

### ४.८. आर्थिक वर्ष २०७५र०७६ मा प्रतिवादी बालबालिकाहरूको लिङ्गगत विवरण




*स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७६*

आर्थिक वर्ष २०७५/०७६ मा विभिन्न जिल्ला अदालतहरूमा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी ७७२ थान मुद्दा दर्ता भएकोमा उक्त मुद्दाहरूमा प्रतिवादी बालकहरूको संख्या ८५२, प्रतिवादी बालिकाहरूको संख्या २७ र लिङ्ग नखुलेको प्रतिवादीहरूको संख्या ११६ गरी जम्मा प्रतिवादीहरूको संख्या ९९५ रहेको देखिन्छ ।

# परिच्छेद ५ बाल सुधार गृहमा रहेका बालबालिहरुको विवरण

तत्कालीन बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२ ले कानूनको विवादमा परेका बालबालिकाहरूका लागि संस्थागत सुधारका लागि बाल सुधार गृहको स्थापना र सञ्चालनसम्बन्धी व्यवस्था गरेको थियो भने प्रचलित बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४३ मा नेपाल सरकारले कानूनको विवादमा परेका बालबालिकाको सुधार र पुनर्स्थापना नभएसम्म बालबालिका राख्ने प्रयोजनको लागि आवश्यकताअनुसार बाल सुधार गृहको स्थापना गर्नेछ र कुनै संस्थाले नेपाल सरकारबाट स्वीकृति लिई बाल सुधार गृहको स्थापना गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। यसरी स्थापना भएका बाल सुधार गृहमा पुर्पक्षको क्रममा रहने बालबालिका (दफा २४), सजायको अवधिसम्म रहने बालबालिका (दफा ३६) लाई राख्नु पर्ने व्यवस्था छ।

बालबालिकासम्बन्धी ऐन, २०७५ लागु भएसँगै बाँके, रूपन्देही, पर्सा, मकवानपुर र डोटी गरी ५ स्थानमा थप बाल सुधार गृहहरू सञ्चालनमा आएपश्चात साबिकमा सञ्चालनमा रहेका सानो ठिमी (भक्तपुर), मोरङ र सराङकोट (कास्की) का अतिरिक्त थप ५ वटा बाल सुधार गृहहरू गरी हाल जम्मा ८ स्थानमा बाल सुधार गृहहरू सञ्चालनमा रहेका छन्। जसमध्ये सानोठिमी (भक्तपुर), मोरङ, सराङकोट (कास्की) र बाँके गरी जम्मा ४ वटा बाल सुधार गृहहरू युसेप नेपाल नामक गैरसरकारी संस्थाको व्यवस्थापनमा सञ्चालित छन् भने रूपन्देही, पर्सा मकवानपुर र डोटी गरी जम्मा ४ वटा बाल सुधार गृहहरू नेपाल सरकारको व्यवस्थापनमा नै सञ्चालित छन्।

आर्थिक वर्ष २०७५/०७६ असार मसान्तसम्म यी बाल सुधार गृहहरूमा रहेका प्रतिवादी बालबालिकाहरूको देहाय बमोजिमको विवरण प्रस्तुत गरिएको छ।

### ५.१. बाल सुधार गृह सानोठिमी भक्तपुरमा रहेका बालबालिकाहरूको विवरण

हालसम्म सञ्चालित बाल सुधार गृहहरूमध्ये बाल सुधार गृह सानोठिमी भक्तपुरमा बालक र बालिकाहरूको लागि छुट्टाछुट्टै भवन निर्माण गरी बालिकाहरूसमेत राखिएको छ भने अन्यत्र बाल सुधार गृहहरूमा केवल बालकहरूमात्र राख्ने व्यवस्था रहेको हुँदा मुलुकभरीका बालिकाहरूलाई राख्नको लागि सानोठिमी भक्तपुरसम्म ल्याउनुपर्ने बाध्यता रहेको छ।

### ५.१.१. बाल सुधार गृह सानोठिमी भक्तपुरमा रहेका बालकहरूको विवरण

| क्र.स. | मुद्दाको किसिम | जम्मा प्रतिवादी संख्या | उमेर | | |
|---|---|---|---|---|---|
| | | | १४ वर्ष मुनि | १४ देखि १५ वर्षभित्र | १६ देखि १८ वर्षसम्म |
| १ | जर्बजस्ती करणी | १०४ | ० | ६३ | ४१ |
| २ | लागु औषध | २५ | १ | ५ | १९ |
| ३ | कर्तव्य ज्यान | २२ | १ | ११ | १० |
| ४ | चोरी | ११ | १ | २ | ८ |
| ५ | ज्यान मार्ने उद्योग | ५ | ० | ० | ५ |
| ६ | कुटपिट अंगभंग | ३ | ० | ० | ३ |
| ७ | अभद्र व्यवहार | ३ | ० | ० | ३ |
| ८ | जबरजस्ती करणी उद्योग (ज.क.उ.) | २ | ० | १ | १ |
| ९ | जर्बजस्ती करणी र कर्तव्य ज्यान | १ | ० | १ | ० |
| १० | हातहतियार | १ | ० | १ | ० |
| ११ | चोरी डाँका | १ | ० | ० | १ |
| १२ | नकबजनी चोरी | १ | ० | ० | १ |
| १३ | डाँका | १ | ० | ० | १ |
| १४ | बाल विवाह | १ | ० | ० | १ |
| १५ | सवारी ज्यान | १ | ० | ० | १ |
| १६ | अपहरण ज.क | १ | ० | ० | १ |
| १७ | चोरी | १ | ० | ० | १ |
| | **जम्मा** | **१८४** | **३** | **८४** | **९७** |

*स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७६*

बाल सुधार गृह सानोठिमी भक्तपुरमा जम्मा १८४ जना बालकहरू रहेका छन् । विभिन्न उमेर समूहमा विभाजन गर्दा १४ वर्षमुनिका ३ जना, १४ देखि १५ वर्षभित्रका ८४ जना र १६ देखि १८ वर्षका ९७ जना रहेको देखिन्छ । यस बाल सुधार गृहभित्रका बालकहरू विभिन्न १७ प्रकृतिका मुद्दाहरूमा संलग्न रहेको देखिन्छ । जसमध्ये सबै भन्दा बढी क्रमशः जबरजस्ती करणीमा १०४, लागु औषधमा २५, कर्तव्य ज्यानमा २२, चोरीमा ११, ज्यान मार्ने उद्योगमा ५, कुटपिट अंगभंगमा ३, अभद्र व्यवहार मा ३, जबरजस्ती करणी उद्योगमा २, जबरजस्ती करणी र कर्तव्य ज्यानमा १, हातहतियारमा १, चोरी डाँकामा १, नकबजनी चोरीमा १, डाँकामा १, बाल विवाहमा १, सवारी ज्यानमा १, अपहरण ज.क. मा १ र चोरीमा १ जना संलग्न रहेको देखिन्छ ।

### ५.१.२. बाल सुधार गृह डोटीमा रहेका बालकहरूको विवरण

| क्र.स. | मुद्दाको किसिम | जम्मा प्रतिवादी संख्या | उमेर | | |
|---|---|---|---|---|---|
| | | | १४ वर्ष मुनि | १४ देखि १५ वर्षभित्र | १६ देखि १८ वर्षसम्म |
| १ | जबरजस्ती करणी | १४ | २ | ४ | ८ |
| २ | कर्तब्य ज्यान | ६ | १ | ० | ५ |
| ३ | चोरी | ५ | ० | २ | ३ |
| ४ | कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग | ३ | ० | ० | ३ |
| ५ | आपराधिक प्रवेश तथा आपराधिक उपद्रव | २ | ० | ० | २ |
| ६ | अपहरण र करणीसम्बन्धी कसुर | २ | ० | ० | २ |
| ७ | आपराधिक उपद्रव आगजनी | १ | ० | ० | १ |
| ८ | लागु औषध | १ | ० | ० | १ |
| ९ | जबरजस्ती करणी तथा कर्तव्य ज्यान | १ | ० | ० | १ |
| १० | ज्यान मार्ने उद्योग | १ | ० | ० | १ |
| जम्मा | | ३६ | ३ | ६ | २७ |

*स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७६*

बाल सुधार गृह डोटीमा जम्मा ३६ जना बालकहरू रहेका छन् । विभिन्न उमेर समूहमा विभाजन गर्दा १४ वर्षमुनिका ३, १४ देखि १५ वर्षभित्रका ६ जना र १६ देखि १८ वर्षका २७ जना बालकहरू रहे को देखिन्छ । यस बाल सुधार गृह भित्रका बालकहरू विभिन्न १० प्रकृतिका मुद्दाहरूमा संलग्न रहेको देखिन्छ । जसमध्ये सबैभन्दा बढी क्रमशः जबरजस्ती करणीमा १४, कर्तव्य ज्यानमा ६, चोरीमा ५, कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योगमा ३, आपराधिक प्रवेश तथा आपराधिक उपद्रवमा २, अपहरण र करणीसम्बन्धी कसुरमा २, आपराधिक उपद्रव आगजनीमा १, लागु औषधमा १, जबरजस्ती करणी तथा कर्तव्य ज्यानमा १ र ज्यान मार्ने उद्योगमा १ जना बालक संलग्न रहेको देखिन्छ ।

उपरोक्त तालिका ५.१.१ र ५.१.२ अनुसार आ.व. २०७५/०७६ असार मसान्तसम्म बाल सुधार गृह सानोठिमी भक्तपुरमा १९३ बालक र २२ जना बालिका गरी जम्मा २१५ जना बालबालिकाहरू रहेका छन् ।

### ५.२. बाल सुधार गृह सराङकोटमा रहेका बालकहरूको विवरण

| क्र.स. | मुद्दाको किसिम | जम्मा प्रतिवादी संख्या | उमेर | | |
|---|---|---|---|---|---|
| | | | १४ वर्ष मुनि | १४ देखि १५ वर्षभित्र | १६ देखि १८ वर्षसम्म |
| १ | जबरजस्ती करणी | ४० | १ | १८ | २१ |
| २ | कर्तव्य ज्यान | १५ | ० | ११ | ४ |
| ३ | लागु औषध | ४ | ० | ० | ४ |
| ४ | ज्यान मार्ने उद्योग | ४ | ० | १ | ३ |
| ५ | जबरजस्ती करणी र चोरी | २ | ० | २ | ० |
| ६ | किर्ते र ठगी | १ | ० | १ | ० |
| | नकबजनी चोरी | १ | ० | ० | १ |
| | **जम्मा** | ६७ | १ | ३३ | ३३ |

*स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७६*

बाल सुधार गृह सराङकोट कास्कीमा जम्मा ६७ जना बालकहरू रहेका छन् । विभिन्न उमेर समूहमा विभाजन गर्दा १४ वर्षमुनिका १ जना, १४ देखि १५ वर्षभित्रका ३३ जना र १६ देखि १८ वर्षका ३३ जना बालकहरू रहेको देखिन्छ । यस बाल सुधार गृहभित्रका बालकहरू विभिन्न ८ प्रकृतिका मुद्दाहरूमा संलग्न रहेको देखिन्छ । जसमध्ये सबै भन्दा बढी क्रमशः जबरजस्ती करणीमा ४०, कर्तव्य ज्यानमा १५, लागु औषधमा ४, ज्यान मार्ने उद्योगमा ४, जबरजस्ती करणी र चोरीमा २, किर्ते र ठगीमा १ र नकबजनी चोरीमा १ जना बालक संलग्न रहेको देखिन्छ ।

### ५.३. बाल सुधार गृह मोरङमा रहेका बालकहरूको विवरण

| क्र.स. | मुद्दाको किसिम | जम्मा प्रतिवादी संख्या | उमेर | | |
|---|---|---|---|---|---|
| | | | १४ वर्ष मुनि | १४ देखि १५ वर्षभित्र | १६ देखि १८ वर्षसम्म |
| १ | जबरजस्ती करणी | ६६ | ० | ४१ | २५ |
| २ | कर्तव्य ज्यान | १९ | ० | ११ | ८ |
| ३ | लागु औषध | १२ | ० | ४ | ८ |
| ४ | ज्यान मार्ने उद्योग | ११ | ० | ६ | ५ |
| ५ | चोरी | ९ | १ | ७ | १ |
| ६ | सवारी ज्यान | ६ | ० | २ | ४ |
| ७ | डाँका | ४ | ० | ३ | १ |
| ८ | जबरजस्ती करणी उद्योग | ३ | ० | २ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | मानव बेचबिखन | १ | ० | ० | १ |
| १० | जबरजस्ती करणी र ज्यान मार्ने उद्योग | १ | ० | १ | ० |
| **जम्मा** | | **१३२** | **१** | **७७** | **५४** |

*स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७६*

बाल सुधार गृह मोरङमा जम्मा १३२ जना बालकहरू रहेका छन् । जसमध्ये विभिन्न उमेर समूहमा विभाजन गर्दा १४ वर्षमुनिका १ जना, १४ देखि १५ वर्षभित्रका ७७ जना र १६ देखि १८ वर्षका ५४ जना बालकहरू रहेको देखिन्छ । यस बाल सुधार गृह भित्रका बालकहरू विभिन्न १० प्रकृतिका मुद्दाहरूमा संलग्न रहेको देखिन्छ । जसमध्ये सबैभन्दा बढी क्रमशः जबरजस्ती करणीमा ६६, कर्तव्य ज्यानमा १९, लागु औषधमा १२, ज्यान मार्ने उद्योगमा ११, चोरीमा ९, सवारी ज्यानमा ६, डाँकामा ४, जबरजस्ती करणी उद्योगमा ३, मानव बेचबिखनमा १ र जबरजस्ती करणी र ज्यान मार्ने उद्योगमा १ जना बालक संलग्न रहेको देखिन्छ ।

### ५.४. बाल सुधार गृह बाँकेमा रहेका बालकहरूको विवरण

| क्र.स. | मुद्दाको किसिम | जम्मा प्रतिवादी संख्या | उमेर | | |
|---|---|---|---|---|---|
| | | | १४ वर्ष मुनि | १४ देखि १५ वर्षभित्र | १६ देखि १८ वर्षसम्म |
| १ | जबरजस्ती करणी | ३९ | ० | १४ | २५ |
| २ | लागु औषध | १७ | ० | २ | १५ |
| ३ | कर्तव्य ज्यान | ६ | ० | २ | ४ |
| ४ | चोरी | ६ | ० | ० | ६ |
| ५ | ज्यान मार्ने उद्योग | ४ | ० | १ | ३ |
| ६ | नकबजनी चोरी | २ | ० | ० | २ |
| ७ | हातहतियार खरखजाना | १ | ० | ० | १ |
| ८ | डाँका चोरी | १ | ० | ० | १ |
| ९ | जबरजस्ती करणी उद्योग | १ | ० | ० | १ |
| १० | कर्तव्य ज्यान तथा डाँका | १ | ० | ० | १ |
| ११ | कर्तब्य ज्यान तथा चोरी | १ | ० | ० | १ |
| १२ | मानव बेचबिखन तथा ओसारपसार | १ | ० | ० | १ |
| १३ | जबरजस्ती करणी तथा कर्तव्य ज्यान | १ | ० | ० | १ |
| **जम्मा** | | **८१** | **०** | **१९** | **६२** |

*स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७६*

बाल सुधार गृह बाँकेमा जम्मा ८१ जना बालकहरू रहेका छन् । विभिन्न उमेर समूहमा विभाजन गर्दा १४ वर्षमुनिका ०, १४ देखि १५ वर्षभित्रका १९ जना र १६ देखि १८ वर्षका ६२ जना बालकहरू रहेको देखिन्छ। यस बाल सुधार गृह भित्रका बालकहरू विभिन्न १३ प्रकृतिका मुद्दाहरूमा संलग्न रहेको देखिन्छ । जसमध्ये सबैभन्दा बढी क्रमशः जबरजस्ती करणीमा ३९, लागु औषधमा १७, कर्तव्य ज्यानमा ६, चोरीमा ६, ज्यान मार्ने उद्योगमा ४, नकबजनी चोरीमा २, हातहतियार खरखजानामा १, डाँका चोरीमा १, जबरजस्ती करणी उद्योगमा १, कर्तव्य ज्यान तथा डाँकामा १, कर्तव्य ज्यान तथा चोरीमा १, मानव बेचबिखन तथा ओसारपसारमा १ र जबरजस्ती करणी तथा कर्तव्य ज्यानमा १ जना बालक संलग्न रहेको देखिन्छ ।

**५.५. बाल सुधार गृह डोटीमा रहेका बालकहरूको विवरण**

| क्र.स. | मुद्दाको किसिम | जम्मा प्रतिवादी संख्या | उमेर | | |
|---|---|---|---|---|---|
| | | | १४ वर्ष मुनि | १४ देखि १५ वर्षभित्र | १६ देखि १८ वर्षसम्म |
| १ | जबरजस्ती करणी | १४ | २ | ४ | ८ |
| २ | कर्तब्य ज्यान | ६ | १ | ० | ५ |
| ३ | चोरी | ५ | ० | २ | ३ |
| ४ | कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग | ३ | ० | ० | ३ |
| ५ | आपराधिक प्रवेश तथा आपराधिक उपद्रव | २ | ० | ० | २ |
| ६ | अपहरण र करणीसम्बन्धी कसुर | २ | ० | ० | २ |
| ७ | आपराधिक उपद्रव आगजनी | १ | ० | ० | १ |
| ८ | लागु औषध | १ | ० | ० | १ |
| ९ | जबरजस्ती करणी तथा कर्तव्य ज्यान | १ | ० | ० | १ |
| १० | ज्यान मार्ने उद्योग | १ | ० | ० | १ |
| जम्मा | | ३७ | ३ | ६ | २८ |

*स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७६*

बाल सुधार गृह डोटीमा जम्मा ३७ जना बालकहरू रहेका छन् । विभिन्न उमेर समूहमा विभाजन गर्दा १४ वर्षमुनिका ३, १४ देखि १५ वर्षभित्रका ६ जना र १६ देखि १८ वर्षका २८ जना बालकहरू रहेको देखिन्छ। यस बाल सुधार गृह त्रिका बालकहरू विभिन्न १० प्रकृतिका मुद्दाहरूमा संलग्न रहेको देखिन्छ। जसमध्ये सबैभन्दा बढी क्रमशः जबरजस्ती करणीमा १४, कर्तव्य ज्यानमा ६, चोरीमा ५, कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योगमा ३, आपराधिक प्रवेश तथा आपराधिक उपद्रवमा २, अपहरण र करणीसम्बन्धी कसुरमा २, आपराधिक उपद्रव आगजनीमा १, लागु औषधमा १, जबरजस्ती करणी तथा कर्तव्य ज्यानमा १ र ज्यान मार्ने उद्योगमा १ जना बालक संलग्न रहेको देखिन्छ ।

## ५.६. बाल सुधार गृह पर्सामा रहेका बालकहरूको विवरण

| क्र.स. | मुद्दाको किसिम | जम्मा प्रतिवादी संख्या | उमेर | | |
|---|---|---|---|---|---|
| | | | १४ वर्ष मुनि | १४ देखि १५ वर्षभित्र | १६ देखि १८ वर्षसम्म |
| १ | लागु औषध | २४ | ० | ७ | १७ |
| २ | जबरजस्ती करणी | १८ | १ | ४ | १३ |
| ३ | डाँका | ८ | ० | ५ | ३ |
| ४ | कर्तव्य ज्यान | ४ | ० | ० | ४ |
| ५ | चोरी | ४ | ० | १ | ३ |
| ६ | सवारी ज्यान | ३ | ० | २ | १ |
| ७ | नकबजनी चोरी | ३ | ० | २ | १ |
| ८ | मरिच चोरी निकासी | १ | ० | १ | ० |
| ९ | मानव बेचबिखन तथा ओसारपसार | १ | ० | ० | १ |
| १० | हातहतियार | १ | १ | ० | ० |
| ११ | आगो लगाई आपराधिक उपद्रव | १ | ० | ० | १ |
| १२ | अपहरण तथा शरीर बन्धक | १ | ० | ० | १ |
| १३ | नकबजनी चोरी र डाँका चोरी | १ | ० | ० | १ |
| १४ | जबरजस्ती करणी र डाँका | १ | ० | ० | १ |
| १५ | अपहरण तथा शरीर बन्धक र ज.क. | १ | ० | ० | १ |
| जम्मा | | ७२ | २ | २२ | ४८ |

*स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७६*

बाल सुधार गृह पर्सामा जम्मा ७२ जना बालकहरू रहेका छन् । विभिन्न उमेर समूहमा विभाजन गर्दा १४ वर्षमुनिका २, १४ देखि १५ वर्षभित्रका २२ जना र १६ देखि १८ वर्षका ४८ जना बालकहरू रहेको देखिन्छ । यस बाल सुधार गृहभित्रका बालकहरू विभिन्न १५ प्रकृतिका मुद्दाहरूमा संलग्न रहेको देखिन्छ । जसमध्ये सबैभन्दा बढी क्रमशः लागु औषधमा २४, जबरजस्ती करणीमा १८, डाँकामा ८, कर्तव्य ज्यानमा ४, चोरीमा ४, सवारी ज्यानमा ३, नकबजनी चोरीमा ३, मरिच चोरी निकासीमा १, मानव बेचबिखन तथा ओसारपसारमा १, हातहतियारमा १, आगो लगाई आपराधिक उपद्रवमा १, अपहरण तथा शरीर बन्धकमा १, नकबजनी चोरी र डाँका चोरीमा १, जबरजस्ती करणी र डाँकामा १ र अपहरण तथा शरीर बन्धक र ज.क. मा १ जना बालक संलग्न रहेको देखिन्छ ।

## ५.७. बाल सुधार गृह रूपन्देहीमा रहेका बालकहरूको विवरण

| क्र.स. | मुद्दाको किसिम | जम्मा प्रतिवादी संख्या | उमेर | | | नखुलेको |
|---|---|---|---|---|---|---|
| | | | १४ वर्ष मुनि | १४ देखि १५ वर्षभित्र | १६ देखि १८ वर्षसम्म | |
| १ | जबरजस्ती करणी | २३ | ० | ८ | १५ | |
| २ | नकबजनी चोरी | १५ | १ | ७ | ७ | |
| ३ | लागु औषध | १३ | ० | ६ | ७ | |
| ४ | कर्तव्य ज्यान | ८ | ० | ४ | ४ | |
| ५ | चोरी | ४ | ० | १ | ३ | |
| ६ | डाँका चोरी | २ | ० | ० | ० | २ |
| ७ | जबरजस्ती करणी उद्योग | १ | ० | ० | १ | |
| ८ | सवारी ज्यान | १ | ० | ० | १ | |
| ९ | सरकारी छाप दस्तखत किर्ते | १ | ० | ० | १ | |
| १० | डाँका | १ | ० | ० | १ | |
| ११ | ज.क. र चोरी | १ | ० | ० | १ | |
| १२ | डाँका चोरी नकबजनी चोरी | १ | १ | ० | ० | |
| १३ | कर्तब्य ज्यान र ज.क.उ. | १ | ० | ० | १ | |
| जम्मा | | ७२ | २ | २६ | ४२ | २ |

*स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७६*

बाल सुधार गृह रूपन्देहीमा जम्मा ७२ जना बालकहरू रहेका छन् । विभिन्न उमेर समूहमा विभाजन गर्दा १४ वर्षमुनिका २, १४ देखि १५ वर्षभित्रका २६ जना र १६ देखि १८ वर्षका ४२ जना र वर्ष नखुलेको २ जना बालकहरू रहेको देखिन्छ । यस बाल सुधार गृहभित्रका बालकहरू विभिन्न १३ प्रकृतिका मुद्दाहरूमा संलग्न रहेको देखिन्छ । जसमध्ये सबैभन्दा बढी क्रमशः जबरजस्ती करणीमा २३, नकबजनी चोरीमा १५, लागु औषधमा १३, कर्तव्य ज्यानमा ८, चोरीमा ४, डाँका चोरीमा २, जबरजस्ती करणी उद्योगमा १, सवारी ज्यानमा १, सरकारी छाप दस्तखत किर्तेमा १, डाँकामा १, ज.क. र चोरीमा १, डाँका चोरी नकबजनी चोरी १ र कर्तव्य ज्यान र ज.क. उद्योगमा १ जना बालक संलग्न रहेको देखिन्छ ।

## ५.८. बाल सुधार गृह मकवानपुरमा रहेका बालकहरूको विवरण

| क्र.स. | मुद्दाको किसिम | जम्मा प्रतिवादी संख्या | उमेर | | |
|---|---|---|---|---|---|
| | | | १४ वर्ष मुनि | १४ देखि १५ वर्षभित्र | १६ देखि १८ वर्षसम्म |
| १ | जबरजस्ती करणी | १४ | १ | ५ | ८ |
| २ | कर्तव्य ज्यान | ६ | ० | ३ | ३ |
| ३ | सवारी ज्यान | ५ | ० | ० | ५ |
| ४ | डाँका चोरी | ५ | ० | ० | ५ |
| ५ | नकबजनी चोरी | ५ | ० | २ | ३ |
| ६ | ज्यान मार्ने उद्योग | ४ | ० | ३ | १ |
| ७ | आपराधिक उपद्रव | ४ | ० | ३ | १ |
| ८ | हाडनाता ज.क. | ३ | ० | १ | २ |
| ९ | ला.औ. नाइट्राभेट | ३ | ० | ३ | ० |
| १० | ला.औ. | ३ | ० | १ | २ |
| ११ | ज्यानसम्बन्धी कसुर | २ | ० | २ | ० |
| १२ | चोरी | १ | ० | ० | १ |
| १३ | ला.औ. गाँजा | १ | ० | १ | ० |
| १४ | विद्युतीय कारोबार | १ | ० | १ | ० |
| १५ | ज्यान मार्ने उद्योग र हातहतियार | १ | ० | १ | ० |
| १६ | ज.क. उद्योग | १ | ० | १ | ० |
| जम्मा | | ५९ | १ | २७ | ३१ |

*स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७६*

बाल सुधार गृह मकवानपुरमा जम्मा ५९ जना बालकहरू रहेका छन् । विभिन्न उमेर समूहमा विभाजन गर्दा १४ वर्षमुनिका १, १४ देखि १५ वर्षभित्रका २७ जना र १६ देखि १८ वर्षका ३१ जना बालकहरू रहेको देखिन्छ । यस बाल सुधार गृह भित्रका बालकहरू विभिन्न १६ प्रकृतिका मुद्दाहरूमा संलग्न रहेको देखिन्छ । जसमध्ये सबैभन्दा बढी क्रमशः जबरजस्ती करणीमा १४, कर्तव्य ज्यानमा ६, सवारी ज्यानमा ५, डाँका चोरीमा ५, नकबजनी चोरीमा ५, ज्यान मार्ने उद्योगमा ४, आपराधिक उपद्रवमा ४, हाडनाता ज.क. मा ३, ला.औ. नाइट्राभेटमा ३, ला.औ. मा ३, ज्यानसम्बन्धी कसुरमा २, चोरीमा १, ला.औ. गाँजामा १, विद्युतीय कारोबारमा १, ज्यान मार्ने उद्योग र हातहतियारमा १ र ज.क. उद्योगमा १ जना बालक संलग्न रहेको देखिन्छ ।

### ५.९. बाल सुधार गृहहरूमा रहेका बालबालिकाहरूको उमेर समूहको विवरण

| क्र.सं. | बाल सुधार गृह | बालबालिकाहरूको संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | १४ वर्ष मुनि | १४ देखि १५ वर्षभित्र | १६ देखि १८ वर्षसम्म | नखुलेको | जम्मा |
| १ | सानोठिमी, भक्तपुर | ३ | ९३ | ११० | ० | २०६ |
| २ | सराङकोट, कास्की | १ | ३३ | ३३ | ३३ | ६७ |
| ३ | पूर्वाञ्चल, मोरङ | १ | ७७ | ५४ | ० | १३२ |
| ४ | जयन्दु, बाँके | ० | १९ | ६२ | ० | ८१ |
| ५ | डोटी | ३ | ६ | २७ | ० | ३६ |
| ६ | पर्सा, बीरगन्ज | २ | २२ | ४८ | ० | ७२ |
| ७ | रुपन्देही | २ | २६ | ४२ | २ | ७२ |
| ८ | मकवानपुर | १ | २७ | ३१ | ० | ५९ |
| जम्मा | | १३ | ३०३ | ४०७ | २ | ७२५ |

*स्रोतः केन्द्रीय बाल न्याय समिति सचिवालय, २०७६*

आर्थिक वर्ष २०७५/२०७६ असार मसान्तसम्म हाल सञ्चालनमा रहेका विभिन्न ८ वटा बाल सुधार गृहहरूमा जम्मा ७२५ जना बालबालिकाहरू रहेको छन् । यी बालबालिकाहरूलाई विभिन्न उमेर समूहमा विभाजन गर्दा १४ वर्षमुनिका १३, १४ देखि १५ वर्षभित्रका ३०३ जना, १६ देखि १८ वर्षका ४०७ र उमेर समूह नखुलेको २ जना रहेको देखिन्छ ।

### ५.१०. बाल सुधार गृहहरूमा रहेका बालबालिकाहरूको लिंगगत विवरण




*स्रोतः केन्द्रीय बाल न्याय समिति सचिवालय, २०७६*

आर्थिक वर्ष २०७५/२०७६ असार मसान्तसम्म विभिन्न ८ वटा बाल सुधार गृहहरूमा जम्मा बालक ७०३ जना र जम्मा बालिका २२ जना गरी जम्मा ७२५ जना बालबालिकाहरू रहेका छन् ।

बालबालिकाको अधिकारको संरक्षरण र संवर्द्धनको लागि सर्वोच्च अदालत सदैव क्रियाशील र प्रतिवद्ध रहेको छ। बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितताको सम्बन्धमा सर्वोच्च अदालतबाट महत्वपूर्ण नजिरहरू प्रतिपादन भएका छन् । यस प्रतिवेदनमा सर्वोच्च अदालतबाट आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ मा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाको संरक्षणको सम्बन्धमा प्रतिपादन भएका केही नजिरहरू समावेश गरिएको छ ।

# परिच्छेद ६

# बाल न्यायको क्षेत्रमा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर

६.१. **सजाय स्थगन सम्बन्धमा:**[४५]

**तथ्य:**

४ वर्षकी परिवर्तित ३१(क-६) विरूद्ध परिवर्तित नाम ३१(क-५) ले ज.क. र अप्राकृतिक मैथुनसम्बन्धी कसुर गरेको। ४ वर्षकी बालिका विरूद्ध त्यस्तो कसुर गरेको हुँदा मु.ऐ. ज.क. महलको ३(१) बमोजिम १० वर्ष सजाय र ९(क) नं. बमोजिम थप १ वर्ष सजाय हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) बमोजिम आधा सजाय हुने हुँदा ५ वर्ष ६ महिना कैद सजाय र क्षतिपूर्तिबापत रू. १०,००० भराउने ठहर भएको। साथै, नाबालक प्रतिवादी कक्षा ९ मा अध्ययनरत रहेको हुँदा निजको शिक्षालगायतका कुरालाई विचार गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम बाबुको जिम्मा रहने गरी फैसला भएका मितिले २ वर्षका लागिसम्म सजाय स्थगन हुने गरी मकवानपुर जिल्ला अदालतबाट फैसला भएको।

पुनरावेदन अदालत हेटौंडाबाट जिल्ला अदालत मकवानपुरको फैसला सदर भएको। पुनरावेदक प्रतिवादीले पुनरावेदन अदालतबाट भएको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ वा कसुर ठहर हुँदाको अवस्थामा बालबालिकासम्बन्धी ऐनको दफा ५०(२) बमोजिम नै बुबाको संरक्षणमा रही तोकिएको सजाय व्यतित गरिपाउँ भनी पुनरावेदक प्रतिवादी लक्ष्मण गौतमले सर्वोच्च अदालतमा पुनरावेदन पत्र दायर गरेको। (२ वर्षको लागि मात्र साजय स्थगन गर्दा मलाई अन्याय परेको)

**ठहर** (**सिद्धान्त**)

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार सोको आधा सजाय ५ वर्ष ६ महिना कैद हुने ठहर गरी हाललाई फैसला भएको मितिले २ वर्षको लागि सजाय स्थगन गरेको तर्फ विचार

४५ कृष्णबहादुर गौतमको छोरा लक्ष्मण गौतम विरुद्ध परिवर्तित नाम ३१(क-५) को जाहेरीले नेपाल सरकार ने.का.प. २०७४, भाग ५९, अंक १२, नि.नं. ९९१०, मुद्दाः ज.क. र अप्राकृतिक मैथुन

गर्दा, प्रतिवादीलाई भएको उक्त सजाय कार्यान्वयन गर्न निजको उमेर पुगेको नदेखिएको, निज प्रतिवादी शिक्षोपार्जन गर्ने उमेरको भएको र अध्ययनरत रहेकोसमेत देखिएकोले उक्त बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० (२) बमोजिम प्रतिवादीलाई बाबुको जिम्मामा रहने गरी दुई वर्षको लागि स्थगन गरेको मिलेकै देखिने भनी सिद्धान्त प्रतिपादन भएको छ ।

६.२. **कैद वापत जरिवाना सम्बन्धमा:**[४६]

**तथ्य**

नाबालक उपर सुर्खेत जिल्ला अदालतमा नकबजनी चोरी मुद्दा चलेको । अदालतबाट २२ र १/२ दिन कैद र रू. ६९,९७५/- जरिवाना हुने गरी फैसला भएको र सोही फैसला अन्तिम भई बसेको । फैसलाबमोजिम लागेको कैदको अवधि भुक्तान भइसकेको र जरिवाना तिर्न बुझाउन नसकी जरिवानाबापत ठेकिएको चार वर्ष कैद भुक्तान गर्न भनी थुनामा राखिएको ।

(दण्ड सजायको ३८(१) कैद वा जरिवाना दुबै सजाय भएकोमा जरिवाना नतिरेबापतको कैद ठेक्दा ४ वर्षभन्दा बढी अवधिको कैद ठेक्न हुँदैन । तर नाबालकलाई जरिवाना नतिरेबापतको कैद ठेक्नुपर्दा उमेर पुगेको व्यक्तिलाई हुने कैदको आधामा नबढ्ने गरी कैद ठेक्नुपर्ने।)

**ठहर** (**सिद्धान्त**)

मुलुकी ऐन, २०२०, दण्ड सजायको महलको ३८(१) नं. को पछिल्लो वाक्यांशबमोजिम २ वर्ष मात्र बालसुधार गृहमा रही कैद भुक्तान गर्ने गरी संशोधित कैदी पुर्जी दिनु भनी विपक्षी सुर्खेत जिल्ला अदालतका नाउँमा परमादेशसमेत जारी हुने ठहर्छ । २ वर्षको कैद अवधि भुक्तानी हुने देखियो तसर्थ निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी रहन परेन । मुलुकी ऐन, दण्ड सजायको महलको ३८ नं. लगायतका प्रचलित कानूनले १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई पनि जरिवाना सजाय हुने व्यवस्था गरेको हुँदा जरिवानाबापत कैद गर्नु पर्दैन भनी अहिले यस अदालतबाट ठहर गर्नु मनासिब देखिँदैन । तथापि, बाल अधिकार र बाल न्यायका सन्दर्भमा विकसित नवीनतम अवधारणाका सन्दर्भहरूप्रति समुचित दृष्टि तदनुरूप व्यवस्था मिलाउन भने वाञ्छनीय देखिन्छ ।

---

४६ बाल सुधार गृह सारङकोटमा थुनामा रहेको वर्ष १५ को टिकाराम बस्यालको हकमा उदय शंकर मण्डल विरुद्ध सुर्खेत जिल्ला अदालत (ने.का.प. २०७५, भाग ६०, बैशाख महिना, अंक १, नि.नं. ९९३०, मुद्दाः बन्दीप्रत्यक्षीकरण)

बालबालिकालाई थुनामा वा कैदमा राख्ने कुरालाई अन्तिम विकल्प (only as a measure of last resort) र न्यूनतम अवधि (for the shortest appropriate period of time) का लागि मात्र प्रयोगमा ल्याउनुपर्ने । बालबालिकाको सर्वोत्तम हितका दृष्टिले हेर्दा जरिवाना तिर्न नसकेको कारणबाट कैदमा राख्नु उपयुक्त नदेखिने । पारिवारिक संरक्षण, सहयोग पाउने अवस्थाका राम्रो आर्थिक हैसियतसमेत भएका बालबालिकाले जरिवानाबापत कैद बस्नु पर्ने स्थिति रहँदैन । तर त्यसप्रकारको अवसर नपाउने अवस्थाका असहाय, कमजोर र विपन्न अवस्थाका बालबालिकाको लागि जरिवाना सजाय पनि अन्ततः कैद सजायमा नै रूपान्तरित हुने अवस्था रहन्छ । सामाजिक र समन्यायियक दृष्टिले यसप्रकारको अवस्था कायम राख्नु उचित हुँदैन । यसबाट अनुचित विभेदको स्थितिसमेत पैदा हुने सम्भावना रहन्छ । यसैले जरिवानाबापत बालबालिकालाई कैदमा राख्ने व्यवस्थामा गम्भीरतापूर्वक पुनरावलोकन गर्नु वाञ्छनीय देखिने । बालबालिकाको सर्वोत्तम हितको संरक्षण होस् भन्ने अभिप्रायले कानूनसँगको द्वन्द्व (in conflict with law) मा आएका बालबालिकाको पहिचान सार्वजनिक गर्न नहुने, गोपनीयता कायम राख्नु पर्ने व्यवस्था बाल अधिकारभित्र पर्ने । बाल अधिकार र बाल न्यायका सम्बन्धमा जारी भएका महासन्धि, संविधानले गरेको व्यवस्था, कानूनमा रहेका प्रावधानहरू र यस अदालतबाट समय समयमा भएका व्याख्या तथा प्रतिपादित सिद्धान्त प्रतिकूल हुने गरी कानूनसँगको द्वन्द्वमा आएका बालबालिकाको पहिचानको गोपनीयता कायम नराख्ने, सजाय निर्धारण गर्दा, कैद ठेक्दा तथा अन्य विविध सन्दर्भमा बालबालिकाको सर्वोत्तम हिततर्फ वाञ्छित संवेदनशीलता नअपनाउने प्रवृत्तिहरूमा सुधार गरिनुपर्ने भनी सिद्धान्त प्रतिपादन भएको छ ।

### ६.३. **पटके कायम नहुने सम्बन्धमा:**[४७]

**तथ्य**

ज.क. उद्योगको कसुरमा १ वर्ष ६ महिना कैद सजाय हुने ठहर्छ र उक्त सजाय बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) अनुसार तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्नेसमेत ठहर्छ भनी बारा जिल्ला अदालतले फैसला गरेको । सजाय हुने ठहर गरे तापनि सजाय स्थगित गर्ने गरी बारा जिल्ला अदालतबाट भएको फैसला कानूनी रूपमा गम्भीर त्रुटिपूर्ण हुँदा उक्त फैसला सो हदसम्म बदर गरी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन । (फैसलामा सजाय स्थगन निश्चित समयसम्मको लागि हो वा अनन्तकालसम्मको लागि हो ? तथा हाल प्रतिवादी १६ वर्ष नाघिसकेको देखिएको अवस्थामा निजलाई भएको सजाय उक्त दफा ५०(२) बमोजिम स्थगन रहन सक्ने हो, होइन ?)

४७ नेपाल सरकार विरुद्ध कुमारप्रसाद (ने.का.प. २०७५, भाग ६०, अंक ११, नि.नं.१०१२७, मुद्दाः ज.क. उद्योग)

**ठहर (सिद्धान्त)**

बाल न्याय प्रणालीमा परम्परागत फौजदारी न्याय प्रणालीभन्दा फरक र विशिष्ट प्रकारका सिद्धान्तहरू छन् । बाल न्यायका आधारभूत मान्यताहरूलाई नजरअन्दाज गरेर फौजदारी न्यायका सामान्य मान्यताहरूकै मापदण्डअनुसार हेर्ने गरियो भने बाल न्यायका उद्देश्य, मान्यता र हासिल गर्न खोजिएका अभिष्ट पूरा हुन सक्दैनन् । सजाय स्थगनको सन्दर्भमा समेत यो कुरा विचारणीय बन्ने । बालबालिकासम्बन्धी एने, २०४८ को दफा ५०(२) को प्रावधानलाई दफा १२ को सापेक्षतामा हेर्दा सजाय स्थगित गरिएकोमा सोही बालकले एक वर्ष नाघेपछि अन्य कुनै कसुर गरेबापत दोषी ठहरी कैदको सजाय पाएमा पनि पहिलो ठहर भएको कैद सजाय (स्थगित भई एक वर्षको अवधि नाघेपछि कसुर गरेको अवस्थामा) कार्यान्वयन गर्नु पर्दैन, पटके पनि कायम हुँदैन, त्यसप्रकारको कैदको लगत सदाका लागि कट्टा गर्नु पर्ने देखिने । कैद स्थगित भई एक वर्षको अवधि नाघिसकेको देखिँदा निज प्रतिवादीको अहिले उमेर पुगेको (अहिले बालिग भएको) कारणबाट सो सजाय असुल गर्नुपर्छ भन्नु बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १२ तथा दफा ५० को उपदफा (२) समेतको प्रतिकूल हुन जान्छ । त्यसैले स्थगित गरिएको सजाय अब असुल (कार्यान्वयन) गर्ने सम्बन्धमा कुनै बेहोरा उल्लेख नगरी भएको पुनरावेदन अदालतको फैसला कानून एवं बाल न्यायका मान्यताअनुकूल नै देखिन आउने भनी सिद्धान्त प्रतिपादन भएको छ ।

# अनुसूचीहरू

अनुसूची १ फारमको ढाँचा

अनुसूची २ बालबालिका सम्बन्धी ऐन, २०७५

अनुसूची ३ बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६

अनुसूची ४ कसूरदार बालबालिकाको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन (२०७५)

*अनुसूची १ फारमको ढाँचा*

## तपसिल

आर्थिक वर्ष २९७४/२०७५ बालइजलासबाट हेरिएका मुद्दाको विवरण

| क्र.सं. | दायरी मिति | मुद्दा नं. | मुद्दा | प्रतिवादी बालबालिकाको | | | | | फैसला मिति (फैसला नभएको भए मुद्दाको अवस्था) | फैसलाको किसिम | | | | | | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | उमेर | लिङ्ग | ठेगाना | | | सजाय स्थगन | कैद | जरिवाना | कैद र जरिवाना | सम्झाई बुझाई | सफाइ | | |
| | | | | | | | स्थायी | वारदातको | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

# बालबालिका सम्बन्धी ऐन, २०७५

<u>प्रमाणीकरण मिति</u>

२०७५।६।२

<u>संवत् २०७५ सालको ऐन नम्बर २३</u>

<u>बालबालिका सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u> :** बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिका सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद–१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम “बालबालिका सम्बन्धी ऐन, २०७५” रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) “अनाथ बालबालिका” भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनु पर्छ।

(ख) “अनुसन्धान अधिकारी” भन्नाले कसूरजन्य कार्यको अनुसन्धान गर्न प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग) "कसूरजन्य कार्य" भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसूर सम्झनु पर्छ।

(घ) "कानूनको विवादमा परेका बालबालिका" भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्झनु पर्छ र सो शब्दले बाल अदालतबाट कसूरजन्य कार्यमा दोषी ठहर भएका बालबालिकाहरूलाई समेत जनाउँछ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "दिशान्तर" भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई दफा २९ मा उल्लिखित कुनै प्रक्रिया अवलम्बन गरी औपचारिक न्यायिक प्रक्रियाभन्दा बाहिर लैजाने कार्य सम्झनु पर्छ।

(छ) "निगरानी कक्ष" भन्नाले दफा २२ बमोजिम स्थापना भएको निगरानी कक्ष सम्झनु पर्छ।

(ज) "परिवार" भन्नाले बालबालिकाका बाबु, आमा, एकासगोलका दाजु, भाइ, दिदी, बहिनी, हजुरबुबा वा हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ।

(झ) "परिषद्" भन्नाले दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ।

(ञ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ट) "बालबालिका विरूद्धको हिंसा" भन्नाले दफा ६६ को उपदफा (२) बमोजिमको कार्य सम्झनु पर्छ।

(ठ) "बाल अदालत" भन्नाले दफा ३० को उपदफा (१) बमोजिम गठन भएको बाल अदालत सम्झनु पर्छ र सो शब्दले सोही दफाको उपदफा (३) बमोजिमको बाल इजलासलाई समेत जनाउँछ।

(ड) "बाल अश्लीलता" भन्नाले बालबालिकाको यौन अङ्ग देखिने गरी वा निजलाई काल्पनिक यौन क्रियाकलापमा संलग्न गराई भिडियो वा तस्वीर खिच्ने वा उतार्ने, पत्रपत्रिका, पोष्टर, छापा, चलचित्र वा अन्य सञ्चारमाध्यमबाट अश्लिल चित्र प्रदर्शन गर्ने गराउने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्ता सामग्रीको उत्पादन, बिक्री वितरण, आयात निर्यात, सङ्कलन वा प्रचार प्रसार गर्ने गराउने कार्यलाई समेत जनाउँछ।

(ढ) "बाल कल्याण अधिकारी" भन्नाले दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्छ।

(ण) "बाल गृह" भन्नाले दफा ५२ बमोजिम स्थापना भएको बाल गृह सम्झनु पर्छ।

(त) "बाल यौन दुर्व्यवहार" भन्नाले दफा ६६ को उपदफा (३) बमोजिमको कार्य सम्झनु पर्छ।

(थ) "बाल सुधार गृह" भन्नाले दफा ४३ बमोजिम स्थापना भएको बाल सुधार गृह सम्झनु पर्छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(द) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(ध) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ।

(न) "संरक्षक" भन्नाले बालबालिकाको हक, हितको संरक्षण गर्न यस ऐन वा प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले संरक्षक नभएको अवस्थामा माथवरलाई समेत जनाउँछ।

(प) "समाजसेवी" भन्नाले दफा ६२ बमोजिमको व्यक्ति सम्झनु पर्छ।"

(फ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## परिच्छेद–२

## <u>बालबालिकाको अधिकार</u>

३. **<u>बाँच्न पाउने अधिकारः</u>** (१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिका माथि हुन सक्ने दुर्घटनाको

रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नेछन्।

४. <u>**नाम, राष्ट्रियता र पहिचानको अधिकारः**</u> (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

(२) बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्म दर्ता गर्नु पर्नेछ।

(३) जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम नाम राख्दा बाबु वा आमा तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा त्यस्ता बालबालिकाले आफूलाई हेरचाह गर्ने निजका परिवारका अन्य सदस्य वा संरक्षकले राखे बमोजिमको नाम पाउनेछ।

(५) प्रत्येक बालबालिकाले जन्मेपछि निजको बाबु आमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(७) पितृत्वको ठेगान नलागेका बालबालिकाले आफ्नो नाम पछाडि आमाको थर प्रयोग गर्न पाउनेछ।

(८) कुनै बालबालिकाको थरको सम्बन्धमा विवाद उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले बाबुको थर प्रयोग गरेको मानिनेछ।

(९) बाबु र आमा दुवैको ठेगान नलागेका बालबालिकाले संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।

(१०) उपदफा (९) बमोजिम संरक्षकले नाम थर राखि दिँदा बालकल्याण अधिकारीलाई जानकारी दिनु पर्नेछ।

(११) कुनै औपचारिक कानूनी काम कारबाही वा लिखतमा कानून बमोजिम बाबु, आमा तथा बाजे, बजैको नाम उल्लेख गर्नु पर्ने भएमा त्यस्ता बालबालिकाको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमाको बाबु, आमाको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरे पुग्नेछ।

(१२) आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न हुँदैन।

५. **<u>भेदभाव विरूद्धको अधिकार</u>**: (१) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गरिने छैन।

(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा, छोरा वा छोरी, छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको छोराछोरीका बीच कुनै भेदभाव गर्नु हुँदैन।

(३) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन।

(४) कुनै महिला र पुरूषको वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरूबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन।

६. **<u>बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार</u>**: (१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ।

तर त्यसरी आदेश दिनु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौकाबाट वञ्चित गर्नु हुँदैन।

(३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

भिन्न वा अलग बसेको बालबालिकालाई बाबु आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रूपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने अधिकार हुनेछ।

(४) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्मदिने बाबु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ।

(५) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्म दिने बाबुआमा वा परिवारसँग भेटघाट गर्न दिनु पर्नेछ।

७. **<u>संरक्षणको अधिकार</u>**: (१) प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ।

(२) बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा बाबुआमाको समान दायित्व हुनेछ। बाबुआमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ।

(३) कुनै पनि बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोराछोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न पाउने छैन।

(४) अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ।

(५) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछूतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरूद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ।

(६) प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरूको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ।

(७) कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइने छैन।

(८) कसैले पनि सशस्त्र द्वन्द्व वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन।

(९) चौध वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्न हुँदैन।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरूको अवलम्बन गर्न तथा मापदण्ड बनाई लागू गर्न सक्नेछन्।

८. <u>**सहभागिताको अधिकार**</u>: आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ।

९. <u>**अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार**</u>: (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ।

१०. <u>**संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार**</u>: (१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बाल क्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम बाल क्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. <u>**गोपनीयताको अधिकार**</u>: (१) प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुनेछ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

निजको व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियोको सिर्जना, सूचना सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन, बिक्री वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्न वा गराउन हुँदैन।

(३) बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारबाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नु पर्नेछ। यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गरिनु हुँदैन।

तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिनेछ।

१२. <u>अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार</u>: (१) अपाङ्गता भएका बालबलिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ।

(२) अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रियरूपले सहभागी हुने तथा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार हुनेछ।

(३) अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालीम, स्वास्थ्य स्याहार सेवा,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ।

(४) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ।

१३. **<u>पोषण तथा स्वास्थ्यको अधिकार</u>**: (१) प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको समेत अधिकार हुनेछ।

(२) गर्भवती महिला र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने, उमेर र परिपक्वता अनुसार शरीर, प्रजनन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई आधारभूत स्वास्थ्य उपचार निःशुल्क रूपमा प्राप्त गर्ने अधिकार हुनेछ।

१४. **<u>खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक अधिकार</u>**: (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रूची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ।

(२) प्रत्येक विद्यालयले पठन पाठन बाहेकको समयमा बालबालिकालाई खेलकुदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकुद स्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नु पर्नेछ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रूची र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ।

१५. **शिक्षाको अधिकार**: (१) छ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधि मार्फत् शिक्षा पाउने अधिकार हुनेछ।

(४) दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## परिच्छेद–३

## बालबालिकाप्रतिको दायित्व

१६. **बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेः** (१) बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा

संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ।

(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ।

(३) यस ऐन बमोजिम बालकल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नु पर्दा, बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(४) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सार्वजनिक र नीजि सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

१७. **परिवार वा संरक्षकको दायित्व**: (१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुनेछ।

(२) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउनु, माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ।

(४) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु हुँदैन।

(५) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन।

१८. **राज्यको दायित्वः** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ।

१९. **सञ्चार क्षेत्रको दायित्वः** बालअधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ।

## परिच्छेद–४

## बाल न्याय सम्बन्धी

२०. **बाल न्याय सम्पादन गर्दा विचार गर्नु पर्ने कुराहरूः** बाल न्याय सम्पादन कार्यमा संलग्न व्यक्ति, पदाधिकारी र बाल अदालतले

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

न्याय सम्पादनको सिलसिलामा यस ऐनमा अन्यत्र उल्लिखित कुराका अतिरिक्त देहायका कुराहरू विचार गर्नु पर्नेछ :–

(क) बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा बुझ्ने,

(ख) बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाई राख्ने अवसर दिने,

(ग) बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र साँस्कृतिक मूल्य मान्यता अनुरूपको बोली, वचन र व्यवहार गर्ने,

(घ) बालबालिकासँग सम्वाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकतानुसार दोभाषेको सहयोग लिने।

२१. <u>**बालबालिकालाई नियन्त्रणमा लिने**</u>: (१) कसूरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले यथाशीघ्र सो कसूरको सम्बन्धमा अनुसन्धान प्रारम्भ गर्नु पर्नेछ। त्यसरी अनुसन्धान गर्दा कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई अनुसन्धानको लागि नियन्त्रणमा नलिई नहुने देखेमा अनुसन्धान अधिकारीले त्यस्तो बालबालिकालाई नियन्त्रणमा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएका बालबालिकालाई नियन्त्रणमा लिइरहन आवश्यक नदेखिएमा

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

निजको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम बालबालिकालाई नियन्त्रणमा लिएमा अनुसन्धान अधिकारीले सो कुराको जानकारी निजको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीले बालबालिकालाई नियन्त्रणमा लिंदा बल प्रयोग गर्न पाउने छैन।

तर बालबालिकालाई नियन्त्रणमा लिन आवश्यक पर्ने न्यूनतम बल प्रयोग गर्न बाधा पर्ने छैन।

(५) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई सम्भव भएमा बाल मनोविज्ञ वा बाल हित सम्बन्धी काम गर्ने व्यक्तिसँग सम्पर्क गराई आवश्यक परामर्श सेवा उपलब्ध गराउनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई दफा २७ बमोजिम आफैंले दिशान्तर गर्न सक्ने भएमा अनुसन्धान अधिकारीले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो बालबालिकासँग आफैंले बयान लिन सक्नेछ।

(७) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई बाल अदालतको अनुमतिले एक पटकमा पाँच दिनमा नबढ्ने गरी एक्काईस दिनसम्म निगरानी कक्षमा राख्न सकिनेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरजन्य कार्यको आरोप लागेको बालबालिकाको शारीरिक अवस्था, उमेर, कसूरजन्य कार्य गर्दाको परिस्थिति वा निगरानी कक्षको अवस्थालाई ध्यानमा राख्दा निजलाई निगरानी कक्षमा राख्न उपयुक्त छैन भन्ने बाल अदालतलाई लागेमा बाल अदालतले खोजेको बखत उपस्थित गराउने शर्तमा त्यस्तो बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको अनुसन्धान गर्ने आदेश दिन सक्नेछ।

(९) अनुसन्धान अधिकारीले नियन्त्रणमा लिएका बालबालिकालाई सोधपुछ गर्दा निजको बाबु आमा वा संरक्षक वा बालकल्याण अधिकारी वा कानून व्यवसायीको उपस्थितिमा बालमैत्री वातावरणमा गर्नु पर्नेछ।

२२. <u>**निगरानी कक्षको स्थापना सम्बन्धी व्यवस्थाः**</u> (१) कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिईएका बालबालिकालाई अनुसन्धान अवधिभर राख्ने प्रयोजनको लागि नेपाल सरकारले निगरानी कक्ष स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निगरानी कक्ष स्थापना नभएसम्मको लागि प्रत्येक जिल्ला प्रहरी कार्यालयमा अलग्गै कक्षको व्यवस्था गरिनेछ।

(३) अनुसन्धानका लागि नियन्त्रणमा लिइएका बालबालिकालाई आवश्यकता अनुसार बालमनोविज्ञको परामर्श तथा मनोसामाजिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) निगरानी कक्षमा राखिने बालबालिकाको सहयोगका लागि त्यस्तो बालबालिकाको परिवारका कुनै सदस्य सँगै बस्न चाहेमा अनुसन्धान अधिकारीले आवश्यकता अनुसार समय र शर्त तोकी सँगै बस्न अनुमति दिन सक्नेछ।

(५) निगरानी कक्षको स्थापना, सञ्चालन, व्यवस्थापन तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **अनुसन्धान तथा अभियोजन सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले बालबालिका उपर आरोप लागेको कसूरजन्य कार्यको अनुसन्धान गर्न छुट्टै एकाई गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम छुट्टै एकाई गठन नभएसम्म नेपाल सरकारले जिल्ला प्रहरी कार्यालयमा कार्यरत बाल न्याय सम्बन्धी तालीम प्राप्त कर्मचारीलाई सो कार्य गर्न तोक्न सक्नेछ।

२४. **पुर्पक्ष सम्बन्धी व्यवस्थाः** (१) कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन र निजसँग धरौटी वा जमानत मागिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा बाल अदालतले कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकालाई कारण खुलाई पुर्पक्षको लागि बाल सुधार गृहमा राख्न सक्नेछः–

(क) बालबालिकाको जीउज्यान जोखिममा पर्ने, निजद्वारा कसैलाई हानि नोक्सानी पुऱ्याउने,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

त्यस्तो बालबालिका भागी जाने वा अन्य कुनै कारणले अन्यत्र राख्न उपयुक्त नहुने पर्याप्त आधार भएमा,

(ख) तीन वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नु पर्ने कसूरजन्य कार्यको अभियोग लागेका बालबालिका तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा।

(३) उपदफा (२) को अवस्थामा बाहेक कसूरजन्य कार्यको अभियोग लागेका अन्य बालबालिकालाई चाहिएको बखत उपस्थित गराउने शर्तमा बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन सकिनेछ।

तर उपदफा (२) बमोजिमको अवस्थाको बालबालिकाको शारीरिक तथा मानसिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थितिलाई ध्यानमा राख्दा निजलाई बाल सुधार गृहमा राख्न उपयुक्त नहुने भन्ने कुरा बाल अदालतलाई लागेमा शर्तहरू तोकी यस उपदफा बमोजिम निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन बाधा पर्ने छैन।

(४) उपदफा (३) बमोजिम बालबालिका जिम्मा लगाउँदा जिम्मा लिने व्यक्ति र बालबालिकालाई तोकिएको

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

शर्तहरू र तिनको पालना नगरेमा निजले व्यहोर्नु पर्ने परिणामको बारेमा जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम कसैको जिम्मा लगाइएका बालबालिकाले बाल अदालतद्वारा तोकिएका शर्तको पालना नगरेमा निजलाई बाल सुधारगृहमा राखी मुद्दाको पुर्पक्ष गर्न सकिनेछ।

२५. **पीडित बालबालिकाका अधिकार**: पीडित बालबालिकालाई अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियाको हरेक चरणमा देहाय बमोजिमका बाल अनुकूल न्यायको अधिकार हुनेछ :—

(क) आफूले बुझ्ने भाषामा जानकारी पाउने,

(ख) सहभागी वा संलग्न हुने,

(ग) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने,

(घ) पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराई पाउने,

तर यस खण्डले पीडितले राज्यबाट क्षतिपूर्ति पाउन सक्ने अवसरलाई सीमित पारेको मानिने छैन।

(ङ) निःशुल्क कानूनी सहायता तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा पाउने र चाहेमा अलग्गै कानून व्यवसायी राख्न पाउने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(च) अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा निःशुल्क दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादको सुविधा पाउने,

(छ) अनुसन्धान गर्ने निकाय वा बाल अदालतले गरेका निर्णय तथा आदेश लगायतका कागजातहरूको प्रतिलिपि निःशुल्क पाउने,

(ज) पीडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने,

(झ) बन्द इजलासबाट आफ्नो मुद्दाको सुनुवाइ हुने,

(ञ) कारबाहीका बखत आवश्यकतानुसार प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन पाउने।

२६. **सुनुवाइको सिलसिलामा बालबालिकालाई प्राप्त अधिकारः** (१) बालबालिकालाई कसूरजन्य कार्यको अनुसन्धान तथा मुद्दाको सुनुवाइको सिलसिलामा प्रचलित कानून तथा यस ऐनमा अन्यत्र उल्लिखित अधिकारका अतिरिक्त देहायको अधिकार प्राप्त हुनेछ :–

(क) आफूविरूद्ध लागेको आरोप, सो उपरको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधै वा परिवार वा संरक्षक मार्फत् प्राप्त गर्ने,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) आफू विरूद्ध लागेको आरोपको प्रतिरक्षाको लागि तत्काल निःशुल्क कानूनी सहायता र अन्य आवश्यक सहयोग प्राप्त गर्ने,

(ग) सक्षम न्यायिक निकायबाट मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने,

(घ) बाल न्याय सम्पादनको सबै प्रक्रियामा आवश्यकतानुसार परिवार वा संरक्षकको उपस्थिति माग गर्ने,

(ङ) बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने,

(च) बाल न्याय सम्पादनको प्रक्रियामा गोपनीयता प्राप्त गर्ने,

(छ) संवैधानिक वा कानूनी हकको बारेमा जानकारी प्राप्त गर्ने,

(ज) बालमैत्री वातावरणमा अनुसन्धान, अभियोजन तथा सुनुवाइ हुने,

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "बालमैत्री वातावरण" भन्नाले बालबालिकाको उमेर, परिपक्वता र मनोविज्ञान सुहाउँदो व्यवहार सम्झनु पर्दछ। जस अन्तर्गत बालबालिकाले बुझ्ने भाषाको प्रयोग, त्रासरहित वातावरणको सिर्जना, आमा, बाबु वा परिवारको अन्य सदस्य वा संरक्षकको उपस्थिति, बालबालिकाको वैयक्तिक

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

आवश्यकताको सम्बोधन र आवश्यकता अनुसार सहजकर्ताको उपलब्धता लगायतको अवस्था सम्झनु पर्छ।

(झ) न्यायिक प्रक्रियाका हरेक चरणमा सहभागी हुने र आफ्नो भनाई स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने,

(ञ) मुद्दाको सुनुवाइमा बालबालिकाले चाहेमा आफूसँगै निजका बाबु आमा, संरक्षकलाई सहभागी गराउने,

(ट) पीडित बालबालिकाको बाबु, आमा, अभिभावक वा संरक्षक नै पीडक भएमा बालबालिकाले चाहेमा पीडकबाट अलग रहन पाउने।

(२) कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई बाल अदालतबाट अन्यथा निर्णय नहुँदासम्म निर्दोष रहेको मानिनेछ र त्यस्तो बालबालिकालाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन।

२७. **<u>दिशान्तर गर्न सक्ने</u>**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न मनासिब देखिएमा देहायको अवस्थामा देहायका अधिकारीले कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई दिशान्तर गर्ने निर्णय गर्न सक्नेछ :–

(क) पाँच हजार रूपैयाँसम्म बिगो भएको वा दुई हजार रुपैयाँसम्म जरिबाना वा एक

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

महिनासम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले,

(ख) दश हजार रूपैयाँसम्म बिगो भएको वा पाँच हजार रूपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकीलले,

(ग) जतिसुकै बिगो भएको वा जतिसुकै जरिबाना वा कैद हुन सक्नेमा बाल अदालतले।

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने मुद्दामा बालबालिकालाई दिशान्तर गर्न सकिने छैन।

(३) दिशान्तरको आदेशमा चित्त नबुझेमा बालबालिका वा संरक्षकले उपदफा (१) को खण्ड (क) र (ख) को हकमा बाल अदालतमा र खण्ड (ग) को हकमा उच्च अदालतमा निवेदन दिन सक्नेछ।

२८. <u>दिशान्तर गर्दा विचार गर्नु पर्ने</u>: दिशान्तर गर्दा देहायका कुरा विचार गर्नु पर्नेछ :–

(क) बालबालिकाले कसूरजन्य कार्य गरेको स्वीकार गरेको,

(ख) सम्बन्धित बालबालिका, निजको बाबु, आमा र बाबु आमा नभए परिवारका अन्य सदस्य वा संरक्षकको सहमति,

(ग) पीडित पक्षको यथासम्भव पुनर्स्थापना हुने गरी निजको सहमति प्राप्त भएको,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) कसूरजन्य कार्यको प्रकृति र सो कार्य गर्दाको परिस्थिति, घटनाको गाम्भीर्यता, बालबालिकाको उमेर, परिपक्वता र बौद्धिक स्तर, पारिवारिक वातावरण तथा पीडितलाई पुगेको क्षति र निजको पुनर्स्थापनालाई आधार लिनु पर्ने।

२९. **<u>दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रिया</u>**: (१) दिशान्तर गर्दा बालबालिकाको इच्छा समेतलाई विचार गरी देहाय बमोजिमको एक वा एकभन्दा बढी उपयुक्त प्रक्रिया अवलम्बन गरिनेछ :–

(क) बालबालिकालाई पीडितसँग मेलमिलाप वा समझदारी कायम गराउने,

(ख) बालबालिकालाई गल्ती महसूस गर्न लगाउने,

(ग) बालबालिका र निजको परिवारलाई आवश्यक परामर्श दिने,

(घ) बालबालिकालाई कुनै सामुदायिक सेवामा पठाउने,

(ङ) बालबालिकाको हेरचाह र संरक्षण गर्न कुनै संस्थामा पठाउने,

(च) बाल कल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी बालबालिकालाई छाड्ने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(छ) बालबालिकालाई बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउने,

(ज) बालबालिकालाई कुनै तालीम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने।

(२) उपदफा (१) को खण्ड (घ), (ङ), (च), (छ) र (ज) बमोजिमको कुनै प्रक्रिया अवलम्बन गरी दिशान्तर गर्दा अवधि समेत तोकिनेछ।

(३) उपदफा (१) को खण्ड (घ), (ङ) र (च) बमोजिमको प्रक्रिया अवलम्बन गरी दिशान्तर गर्दा कसूरजन्य कार्य गरे बापत बालबालिकालाई हुन सक्ने अधिकतम सजायभन्दा बढी अवधि हुने गरी दिशान्तर गरिने छैन।

(४) अनुसन्धान अधिकारी वा सरकारी वकीलले बालबालिकालाई दिशान्तर गर्नु अघि बाल मनोविज्ञ र बाल विशेषज्ञबाट बालबालिकाको शारीरिक तथा मानसिक अवस्था र समाजसेवीबाट बालबालिकाको आर्थिक, सांस्कृतिक अवस्था तथा परिवेशको अध्ययन र विश्लेषण गर्न लगाई प्रतिवेदन लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम अनुसन्धान अधिकारी, सरकारी वकील वा बाल अदालतले बालबालिकालाई दिशान्तर गरेको जानकारी आफ्नो माथिल्लो निकाय र बाल अदालतलाई दिनु पर्नेछ।

(६) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई दिशान्तर गरिएमा त्यस्तो विवादको अन्त्य

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

हुनेछ र सोको औपचारिक न्यायिक प्रक्रिया समाप्त भएको मानिनेछ।

(७) दिशान्तर गर्ने अनुसन्धान अधिकारी, सरकारी वकील वा बाल अदालतले दिशान्तर गरिएको बालबालिका दिशान्तर प्रक्रियामा निरन्तर रूपमा सहभागी भए नभएको कुराको अनुगमन प्रोवेशन अधिकारी मार्फत् गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) बालबालिकालाई दिशान्तर गर्दा पीडितलाई भएको हानि नोक्सानी बापत देहाय बमोजिम गर्न सकिनेछः–

(क) पीडितलाई क्षतिपूर्ति दिने वा वास्तविक हानि नोक्सानी भराई दिने,

(ख) कसूरजन्य कार्यबाट प्राप्त सम्पत्ति, मुनाफा वा सामग्री सम्बन्धित धनीलाई फिर्ता गर्न लगाउने।

(९) दिशान्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **बाल अदालतको गठन**: (१) बालबालिकाले गरेको कसूरजन्य कार्यको शुरू कारबाही, सुनुवाइ र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाल अदालत गठन गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ र त्यस्तो अदालतको प्रादेशिक क्षेत्राधिकार तथा मुकाम सोही सूचनामा तोके बमोजिम हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपदफा (१) बमोजिम बाल अदालत गठन नभएसम्मको लागि बाल अदालतबाट हेरिने कसूरजन्य कार्यको कारबाही, सुनुवाइ र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा बाल इजलास गठन गरिनेछ।

(४) उपदफा (३) बमोजिमको बाल इजलासमा देहायका सदस्यहरू रहनेछन् :–

(क) जिल्ला न्यायाधीश,

(ख) समाजसेवी,

(ग) बालमनोविज्ञ वा बाल विशेषज्ञ।

(५) उपदफा (४) को खण्ड (ख) र (ग) बमोजिमका समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको योग्यता, नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा बाल अदालतबाट कारबाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ र उमेर पुगेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानून बमोजिम मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ।

३१. **<u>बाल अदालतको अधिकार क्षेत्रको प्रयोग</u>**: बाल अदालतको अधिकार क्षेत्रको प्रयोग तोकिए बमोजिम हुनेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

३२. **<u>बाल अदालतबाटै कारबाही हुने</u>:** मुद्दाको कारबाहीको क्रममा बालबालिकाको उमेर अठार वर्ष पूरा भए पनि त्यस्तो मुद्दा बाल अदालतबाटै कारबाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ।

३३. **<u>बाल अदालतमा मुद्दा सर्ने</u>:** यो ऐन प्रारम्भ हुनु अघि कुनै बालबालिका उपर कसूरजन्य कार्यको आरोप लागी प्रचलित कानून बमोजिम जिल्ला अदालत वा अन्य निकायमा शुरू कारबाहीको क्रममा रहेका मुद्दा यो ऐन प्रारम्भ भएपछि सम्बन्धित बाल अदालतमा सर्नेछ।

३४. **<u>सुनुवाइ सम्बन्धी व्यवस्था</u>:** (१) बाल अदालतले बालबालिकाको उमेर र निजको परिपक्वता समेतलाई विचार गरी बालमैत्री वातावरणमा मुद्दाको सुनुवाइ गर्नुपर्नेछ।

(२) बाल अदालतले मुद्दाको सुनुवाइ गर्दा बालबालिकालाई सहभागी बनाउनु पर्नेछ र निजलाई आफ्नो भनाई स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्रदान गर्नु पर्नेछ।

३५. **<u>बन्द इजलासको व्यवस्था</u>:** (१) कसूरजन्य कार्यको आरोप लागेको बालबालिका उपरको मुद्दाको सुनुवाइ तथा कारबाही बाल अदालतले अन्यथा आदेश दिएकोमा बाहेक बन्द इजलासमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम बन्द इजलासमा मुद्दाको सुनुवाइ तथा कारबाही हुँदा सम्बन्धित बालबालिका, निजका परिवारका सदस्य वा संरक्षक, पीडित, सरकारी वकील, सम्बन्धित कानून व्यवसायी र बाल अदालतले अनुमति दिएका व्यक्ति मात्र प्रवेश गर्न सक्नेछन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) बन्द इजलासको कार्यविधि तोकिए बमोजिम हुनेछ।

३६. **<u>सजाय सम्बन्धी व्यवस्था:</u>** (१) कसूरजन्य कार्य गर्दा बालबालिकाको उमेर दश वर्षभन्दा कम भए निज उपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै किसिमको सजाय हुने छैन।

(२) दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम उमेरको बालबालिकाले जरिबाना हुने कसूरजन्य कार्य गरेको भए निजलाई सम्झाई बुझाई छाडिनेछ र कैद हुने कसूरजन्य कार्य गरेको भए कसूरको प्रकृति हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखिनेछ।

(३) चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ।

(४) सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुनेछ।

(५) बाल अदालतले उपदफा (२), (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थिति समेतलाई विचार गरी शर्त तोकी वा नतोकी

निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका कुनै उपयुक्त निर्णय गर्नेछः–

(क) परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने,

(ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,

(ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,

(घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने,

(ङ) सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,

(च) निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(६) कसैले बालबालिकालाई सिकाई, दबाब दिई, अह्राई, प्रलोभनमा पारी वा जुनसुकै तरिकाबाट कसूरजन्य कार्य गर्न लगाएको भए त्यसरी सिकाउने, दबाब दिने, अह्राउने, प्रलोभनमा पार्ने वा सो कार्य गर्न लगाउने व्यक्तिलाई निज आफैंले सो कसूर गरे सरह कानून बमोजिम सजाय हुनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भिर कसूर वा पटके रूपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गरिने छैन।

३७. **मुद्दा किनारा गर्नु पर्ने अवधिः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल अदालतले मुद्दा दायर भएको मितिले सामान्यतया एक सय बीस दिनभित्र मुद्दाको किनारा गर्नु पर्नेछ र यस्ता मुद्दाको कारबाही र किनारा गर्दा निरन्तर सुनुवाइको आधारमा गर्नु पर्नेछ।

३८. **सुधार अवधि घटाउन वा छूट दिन सक्नेः** (१) बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृह, कुनै संस्था वा व्यक्तिको संरक्षण वा निगरानीमा बसेका बालबालिकाको व्यवहारमा सन्तोषजनक सुधार आएमा बाल कल्याण अधिकारीले त्यस्तो बालबालिकाको सुधार अवधि घटाउन वा छुट दिन बाल अदालत समक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको सिफारिस जाँचबुझ गर्दा सुधार अवधि घटाउन वा छुट दिन मनासिब देखिएमा बाल अदालतले बालबालिकाको बाँकी सुधार अवधि घटाउन वा छुट दिन सक्नेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

३९. **<u>पुनर्स्थापकीय न्याय</u>:** (१) बाल न्याय सम्पादन गर्दा पुनर्स्थापकीय न्यायको मान्यता अनुकूल हुने गरी गर्नु पर्नेछ।

(२) पुनर्स्थापकीय न्याय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **<u>अयोग्य नमानिने</u>:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरजन्य कार्य गरेको कारणबाट कुनै पद वा सुविधा प्राप्त गर्न कुनै व्यक्ति कानून बमोजिम अयोग्य हुने रहेछ भने बालबालिका हुँदाको अवस्थामा निजले गरेको कसूरजन्य कार्यको आधारमा निज सो पद वा सुविधा प्राप्त गर्न अयोग्य मानिने छैन।

४१. **<u>सजाय गणना नगरिने</u>:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सजाय गर्ने प्रयोजनको लागि यो ऐन वा प्रचलित कानून बमोजिम पटके कायम गर्दा नाबालिग अवस्थामा गरेको कसूरजन्य कार्यको गणना गरिने छैन।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बालबालिकाले पटक-पटक कसूरजन्य कार्य गरे पनि पटकेको आधारमा निजलाई थप सजाय गरिने छैन।

४२. **<u>नेल, हतकडी लगाउन वा एकान्त कारावासमा राख्न नहुने</u>:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कानूनको विवादमा परेका कुनै बालबालिकालाई नेल वा हतकडी लगाउन वा एकान्त काराबास वा थुना वा कैदमा राख्न हुँदैन।

४३. **<u>बाल सुधार गृह सम्बन्धी व्यवस्था</u>:** (१) नेपाल सरकारले कानूनको विवादमा परेका बालबालिकाको सुधार र पुनर्स्थापना



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

नभएसम्म बालबालिका राख्ने प्रयोजनको लागि आवश्यकता अनुसार बाल सुधार गृहको स्थापना गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि कुनै संस्थाले नेपाल सरकारबाट स्वीकृति लिई बाल सुधार गृहको स्थापना गर्न सक्नेछ।

(३) बाल अदालतले आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र स्थापना भएका बाल सुधार गृहको अनुगमन तथा निरीक्षण गर्न, त्यस्तो बाल सुधार गृहलाई आवश्यक निर्देशन दिन र बाल सुधार गृहमा रहेका बालबालिकाको सुधारको स्थितिका सम्बन्धमा त्यस्तो बाल सुधार गृहलाई प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ।

(४) बाल सुधार गृहमा रहेका बालबालिकाको सो गृहमा रहनु पर्ने अवधि बाँकी हुँदाको अवस्थामा निजको उमेर अठार वर्ष पुगेमा निजको बानी ब्यहोरामा आएको सुधार, आर्जन गरिरहेको सीप तथा शिक्षाको निरन्तरता लगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बाल सुधार गृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नु पर्नेछ।

(५) बाल सुधार गृहको स्थापना, सञ्चालन, अनुगमन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. <u>दीर्घ वा कडा रोग लागेका बालबालिका अन्य ठाउँमा सार्नेः</u> (१) बाल सुधार गृहमा रहेका कुनै बालबालिकालाई कुनै दीर्घ वा कडा रोग लागेको कारण निरन्तर रूपमा उपचार गराई राख्नुपर्ने भएमा वा कुनै बालबालिका मानसिक वा शारीरिक रूपमा अशक्त भई वा निज नशालु पदार्थको कुलतमा लागेको कारण निजलाई अन्यत्र सार्नको लागि

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सम्बन्धित चिकित्सकले सिफारिस गरेमा बाल अदालतले त्यस्तो बालबालिकालाई निश्चित अवधिको लागि अन्य ठाउँमा सार्ने गरी आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेश अनुसार बालबालिकालाई राख्ने संस्था वा व्यक्तिले प्रत्येक छ महिनामा बालबालिकाको स्वास्थ्य सम्बन्धी प्रतिवेदन सम्बन्धित बाल अदालतमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन समेतका आधारमा बालबालिका स्वस्थ्य भएको वा कुलतबाट मुक्त भइसकेको पाइएमा बाल अदालतले त्यस्तो बालबालिकालाई पूर्ववत स्थितिमा फर्काउन आदेश दिन सक्नेछ।

४५. **<u>मनोसामाजिक तथा मनोवैज्ञानिक अध्ययन प्रतिवेदनः</u>** (१) कानूनको विवादमा परेका बालबालिका उपर लागेको आरोपको अनुसन्धान, अभियोजन, कारबाही, सुनुवाइ वा किनारा गर्ने प्रयोजनको लागि छुट्टाछुट्टै मनोसामाजिक तथा मनोवैज्ञानिक अध्ययन प्रतिवेदन तयार गरिनेछ।

(२) उपदफा (१) बमोजिमको अध्ययन प्रतिवेदन तयार गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. **<u>केन्द्रीय बाल न्याय समितिः</u>** (१) बाल न्यायसँग सम्बन्धित काम गर्ने विभिन्न निकायहरू बीच समन्वय गर्ने काम समेतको लागि केन्द्रीयस्तरमा तोकिए बमोजिमको एक केन्द्रीय बाल न्याय समिति रहनेछ।

(२) केन्द्रीय बाल न्याय समितिको बैठक तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४७. **जिल्ला बाल न्याय समिति**: प्रत्येक जिल्लामा एक बाल न्याय समिति रहनेछ र त्यस्तो बाल न्याय समितिको गठन, काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–५

## बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना

४८. **विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाः** (१) देहायका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिनेछन् :–

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूमपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ञ) बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,

(ठ) विपन्न दलित समुदायका बालबालिका,

(ड) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका।

(२) उपदफा (१) बमोजिमका बालबालिकालाई आवश्यकता अनुसार उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत अन्य सेवा तथा सहयोग तोकिए बमोजिम हुनेछ।

४९. **<u>वैकल्पिक हेरचाहको व्यवस्था</u>**: (१) दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) बमोजिमको बालबालिकालाई देहायको प्राथमिकताको आधारमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछः–

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदार,

(ख) बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति,

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था,

(घ) बालगृह।

(३) वैकल्पिक हेरचाह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५०. **बालबालिकाको संरक्षणः** (१) कुनै ठाउँमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका रहे भएको थाहा पाउने व्यक्तिले सो कुराको सूचना बालकल्याण अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएमा बालकल्याण अधिकारीले त्यस्तो बालबालिकाको तत्काल उद्धार गर्नु पर्ने देखेमा उद्धार गरी दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त सूचनाको आधारमा बालकल्याण अधिकारीले जाँचबुझ तथा छानबिन गरी आवश्यक सेवाको व्यवस्था गर्न सक्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) बालकल्याण अधिकारीले उपदफा (३) बमोजिमको आवश्यक सेवा प्रदान गर्न तोकिए बमोजिमको समाजसेवीलाई जिम्मेवारी दिन सक्नेछ।

(५) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि आवश्यक अन्य सेवा सुनिश्चित गर्नु पर्नेछ। त्यसरी विशेष संरक्षण गर्न आवश्यक नदेखिएमा र निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक फेला परेमा बालकल्याण अधिकारीले त्यस्तो बालबालिकालाई निजको जिम्मा लगाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बालकल्याण अधिकारीले बालबालिकालाई निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षकलाई जिम्मा लगाउनको लागि कुनै सहयोग गर्नु पर्ने देखेमा सम्बद्ध निकायसँग समन्वय गरी सहयोग प्रायोजन वा परिवार सहयोग जस्ता आवश्यक सेवाको व्यवस्था मिलाउनु पर्नेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि,–

(क) "सहयोग प्रायोजन" भन्नाले कुनै व्यक्ति, संघ, संस्था वा निकायद्वारा बालबालिकालाई आवश्यक पालन पोषण तथा शिक्षाको लागि दीर्घकालीन तथा अल्पकालीन रूपमा आर्थिक सहयोग उपलब्ध गराउने कार्य सम्झनु पर्छ।

(ख) "परिवार सहयोग" भन्नाले बालबालिकाको परिवारलाई विखण्डनतर्फ लैजाने आर्थिक

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तथा सामाजिक कारणको पहिचान र निराकरण गरी त्यसबाट परिवारको एकता तथा सौहार्दता कायम गराउँदै सम्बन्धित परिवारभित्रैबाट बालबालिकाको संरक्षण हुने वातावरण सिर्जना गर्न गरिने सहयोग सम्झनु पर्छ।

(७) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा वैकल्पिक हेरचाहको आवश्यकता भएको देखिएमा बाल कल्याण अधिकारीले बैकल्पिक हेरचाहको व्यवस्था गर्नु पर्नेछ।

(८) बालबालिका पीडित भएको मुद्दामा पीडित बालबालिकाले चाहेमा वा बाबुआमा, अभिभावक नै पीडक भएमा वा पीडकसँग मिली बालबालिका थप जोखिममा पर्ने सम्भावना देखिएमा वा घटनाको छानबिन, कारबाही तथा सत्य तथ्य बुझ्न बाधा पर्ने देखिएमा बालकल्याण अधिकारीले त्यस्ता पीडित बालबालिकालाई बाबुआमा वा परिवारबाट समेत निश्चित अवधिका लागि अलग गराई अस्थायी संरक्षण सेवामा राख्ने व्यवस्था गर्नु पर्नेछ।

(९) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा बालबालिकाको पितृत्व र मातृत्वको ठेगान नलागेको पाइएमा बाल कल्याण अधिकारीले निजको जन्म दर्ता तथा पहिचान खुल्ने सरकारी परिचयपत्रको लागि सिफारिस गरिदिनु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

५१. **<u>संरक्षक नियुक्त गर्ने वा तोक्ने</u>:** दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको सेवा प्रदान गर्दा प्रचलित कानून बमोजिम संरक्षक नियुक्त गरी वा तोकी हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ।

५२. **<u>बाल गृहको स्थापना तथा सञ्चालन</u>:** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आवश्यकतानुसार बाल गृहको स्थापना गर्नेछन्।

(२) बाल गृहको स्थापना, सञ्चालकको योग्यता, सञ्चालन अनुमति, नविकरण, वर्गीकरण, व्यवस्थापन, सञ्चालन मापदण्ड र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५३. **<u>बाल गृहमा रहने अवधि</u>:** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उपयुक्त पुनर्स्थापना नभएसम्म वा त्यस्तो बालबालिकाको उमेर अठार वर्ष नपुगेसम्म निजलाई बाल गृहमा राखिनेछ।

५४. **<u>पुनर्मिलन गराउनु पर्ने</u>:** (१) बालगृहमा रहेका बालबालिकाको बाबुआमा वा अभिभावक पत्ता लागेमा र बालबालिकाको उच्चतम हित हुने भएमा तोकिए बमोजिम पारिवारिक पुनर्मिलन गराउनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ भएपछि दफा ४९ र ६९ बमोजिम बाहेक बालबालिकालाई बाल गृहमा राख्न पाइने छैन।

५५. **<u>पुनर्स्थापना तथा सामाजिक पुनर्एकीकरण सम्बन्धी दायित्व</u>:** बाल गृह वा बाल सुधार गृहमा रहेका बालबालिकाको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

पुनर्स्थापना तथा सामाजिक पुनर्एकीकरण गर्ने सम्बन्धमा बाल कल्याण अधिकारीलाई सहयोग गर्ने दायित्व सम्बन्धित बाल गृह वा बाल सुधार गृहको हुनेछ।

५६. **संस्थाको प्रमुख जिम्मेवार हुने**: (१) यस परिच्छेद बमोजिम कुनै संस्थाले संरक्षकको जिम्मेवारी पाएको भएमा त्यस्तो संस्था प्रमुख बालबालिकाको हेरचाह तथा पालनपोषणको लागि अन्तिम जिम्मेवार मानिनेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "संस्था प्रमुख" भन्नाले त्यस्तो संस्थाको प्रमुख कार्यकारी अधिकृत वा सो हैसियतमा काम गर्ने अध्यक्ष, प्रबन्ध निर्देशक वा संस्थाको नियमानुसार तोकिएका अन्य कुनै अधिकृत सम्झनु पर्छ।

(२) संरक्षकको जिम्मेवारी पाएको संस्थाले तोकिएको शर्त र प्रक्रिया विपरीत कार्य गरेमा त्यस्तो संस्थालाई बाल कल्याण अधिकारीले कुन शर्त उल्लंघन गरेको हो सो समेत खुलाई बालबालिकाको संरक्षण कार्य गर्न रोक लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रोक लगाइएको संस्थाले अपेक्षित सुधार गरेको कुरा अनुगमनबाट पुष्टि भएमा बाल कल्याण अधिकारीले उक्त संस्थालाई बाल संरक्षण कार्यमा लगाइएको रोक फुकुवा गर्न सक्नेछ।

५७. **बाल संरक्षण सम्बन्धी मापदण्ड**: (१) विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूले बालबालिका विरूद्धको हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कारबाही गर्नको लागि संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएको बाल संरक्षण मापदण्ड कार्यान्वयन गर्नु विद्यालय, प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाका प्रमुखको दायित्व हुनेछ।

५८. **अनुगमन तथा प्रतिवेदनः** (१) यस ऐन बमोजिम बालबालिकाको हेरचाह र पालनपोषण गर्न जिम्मा लिएका व्यक्ति, संरक्षक वा संस्थाले बालबालिका सम्बन्धी विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित बाल कल्याण अधिकारी मार्फत् स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बाल अधिकार समितिले प्रतिवेदन तयार गरी वार्षिक रूपमा प्रदेशस्तरको बाल अधिकार समिति र स्थानीय तहको बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) प्रदेश बाल अधिकार समितिले प्रदेशभित्रका तथा स्थानीय बाल अधिकार समितिले स्थानीय तहभित्रका बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा आवधिक रूपमा निरीक्षण र अनुगमन गर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## परिच्छेद–६

**बाल अधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था**

५९. **राष्ट्रिय बालअधिकार परिषद्**: (१) बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्द्धन गर्न नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा तोकिए बमोजिमको एक राष्ट्रिय बाल अधिकार परिषद् रहनेछ।

(२) परिषद्को बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

६०. **प्रदेश र स्थानीय तहको बाल अधिकार समितिः** (१) प्रत्येक प्रदेशमा प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश बाल अधिकार समिति रहनेछ।

(२) प्रत्येक स्थानीय तहमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति रहनेछ।

(३) उपदफा (१) र (२) बमोजिमका प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समितिमा रहने सदस्य संख्या र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि प्रदेश र स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

६१. **बालकल्याण अधिकारी**: (१) बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बाल संरक्षण कार्य

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

समेत गर्नका लागि स्थानीय तहमा एक जना बाल कल्याण अधिकारी रहनेछ।

(२) उपदफा (१) बमोजिम बालकल्याण अधिकारीको नियुक्ति, काम कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६२. **समाजसेवी तथा बाल मनोविज्ञ**: (१) समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समिति समक्ष तोकिए बमोजिम आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीमा रहेका समाजसेवी तथा बाल मनोविज्ञमध्येबाट स्थानीय तहमा बाल संरक्षण सम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नको लागि आवश्यक संख्यामा समाजसेवी तथा बाल मनोविज्ञ नियुक्त गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्त समाजसेवी तथा बाल मनोविज्ञले बाल कल्याण अधिकारीको प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा काम गर्नेछ।

(४) बाल अदालतलाई आवश्यक पर्ने समाजसेवी तथा बाल मनोविज्ञ उपदफा (१) बमोजिमको सूचीकृत समाजसेवी तथा बाल मनोविज्ञबाट नियुक्त गरिनेछ।

(५) समाजसेवी तथा बालमनोविज्ञको नियुक्ति प्रक्रिया, योग्यता, काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

६३. **बाल कोषः** (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि एक बाल कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :–

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) बाल अदालतबाट भएको जरिबानाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम प्रदेश तथा स्थानीय तहको कानून बमोजिम स्थापना हुने बाल कोषलाई समेत उपलब्ध गराउन सकिनेछ।

(५) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## परिच्छेद–७

## बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन

६४. **स्थानीय तहले बालबालिकाको अधिकार प्रचलन गराउने**: (१) कसैले परिच्छेद–२ बमोजिमको बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा परिच्छेद–३ बमोजिम बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित बालबालिका वा सरोकारवालाले बालबालिका रहे बसेको स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा न्यायिक समितिले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र सम्बन्धित व्यक्तिलाई झिकाई आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सम्बन्धित व्यक्तिले बालबालिकाको अधिकार उल्लङ्घन गरेको वा बालबालिकाप्रतिको दायित्व पूरा गरेको नदेखिएमा न्यायिक समितिमा निवेदन परेको तीस दिनभित्र बालबालिकाको अधिकार प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गर्न स्थानीय तहका सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई आदेश दिनेछ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउने विषय आफ्नो अधिकार क्षेत्रभित्र पर्ने नदेखिएमा न्यायिक समितिले बाल अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउनका लागि सम्बन्धित

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अन्य स्थानीय तहको न्यायिक समितिलाई लेखी पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम लेखी आएमा सम्बन्धित स्थानीय तहको न्यायिक समितिले पनि उपदफा (३) बमोजिम बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(६) यस दफा बमोजिम बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउँदा न्यायिक समितिले बालबालिका, संरक्षक वा परिवारका व्यक्तिलाई आवश्यक सुझाव दिन वा संरक्षक वा परिवारका व्यक्तिलाई सचेत गराउन सक्नेछ।

६५. **बालबालिकाको अधिकार प्रचलन गराउनेः** (१) दफा ६४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले परिच्छेद–२ बमोजिमको बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा परिच्छेद–३ बमोजिमको बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित बालबालिका वा सरोकारवालाले सम्बन्धित उच्च अदालतमा सोझै निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा उच्च अदालतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी बालबालिकाको अधिकारको प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउन सम्बन्धित व्यक्ति, संस्था वा निकायका नाउँमा उपयुक्त आदेश जारी गर्न सक्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा संरक्षक वा परिवारका कुनै सदस्यले बालबालिकाको अधिकारको उल्लङ्घन वा बालबालिकाप्रतिको दायित्व पूरा गरेको नदेखिएमा उच्च अदालतले त्यस्तो संरक्षक वा परिवारका सदस्यलाई बालबालिकाको अधिकारको विषयमा आवश्यक जानकारी गराई पुनः बालबालिकाको अधिकारको उल्लङ्घन नहुने वा निजप्रतिको दायित्व पूरा गर्ने प्रतिबद्धता प्रकट गर्न लगाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम आदेश जारी गर्दा उच्च अदालतले बालबालिकाको अधिकार उल्लङ्घन गर्ने वा बालबालिकाप्रतिको दायित्व पूरा नगर्ने व्यक्ति, संस्था वा निकायका प्रमुखलाई सचेत गराउन वा यस ऐन बमोजिम सजाय गर्न र निजबाट क्षतिपूर्ति भराउने आदेश गर्न सक्नेछ।

## परिच्छेद–८

## <u>बालबालिका विरूद्धको कसूर</u>

६६. **बालबालिका विरूद्धको कसूर**: (१) कसैले उपदफा (२) बमोजिमको हिंसा वा उपदफा (३) बमोजिमको यौन दुर्व्यवहार हुने कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको बालबालिका विरूद्धको कसूर गरेको मानिनेछ।

(२) कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बालबालिका विरुद्ध हिंसा गरेको मानिनेछः-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) धूमपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,

(ख) बालिगहरूका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जनस्थलमा प्रवेश वा प्रयोग गराउने,

(ग) बालिगहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्य दृष्य जस्ता सामग्री देखाउने,

(घ) घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,

(ङ) शारीरिक चोट पटक वा असर पुऱ्याउने, आतंकित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,

(च) विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,

(छ) राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा, हड्ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्ने,

(ज) गैरकानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,

(झ) क्रूर अमानवीय व्यवहार गर्ने वा यातना दिने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ञ) सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने,

(ट) जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने,

(ठ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रितिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेलाँ वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,

(ड) जादू वा सर्कसमा लगाउने,

(ढ) कसूरजन्य कार्य गर्न सिकाउने, तालीम दिने वा त्यस्तो कार्यमा लगाउने,

(ण) बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,

(त) प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने,

(थ) औषधि वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने,

(द) कानून बमोजिम बाहेक बाल गृहमा राख्ने।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बाल यौन दुर्व्यवहार गरेको मानिनेछः-

(क) अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लिलता प्रदर्शन गर्ने वा गराउने,

(ख) बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,

(ग) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने,

(घ) अश्लिल कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,

(ङ) यौनजन्य मनसायले शरीरको संवेदनशील अंगमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अंग प्रदर्शन गर्ने वा गर्न लगाउने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(च) कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबलिकालाई प्रयोग गर्ने वा गराउने,

(छ) यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,

(ज) बाल यौन शोषण गर्ने वा गराउने,

(झ) यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(ञ) यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(ट) वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना तथा शिक्षा प्रदान गर्ने उद्देश्यले अश्लीलता प्रकट नहुने गरी यौन सम्बन्धी विषयमा शब्द, चित्र, श्रव्य, दृश्य साधन तथा वस्तु वा सामग्रीका बारेमा लेखेर, बोलेर, इशारा वा प्रदर्शनको माध्यमबाट कुनै कुरा प्रकट गरेमा वा स्वास्थोपचार वा बालबालिकाको हितका लागि दुर्घटना वा जोखिमबाट बचाउ गर्ने क्रममा असल नियतले गरिएका कार्यलाई यौन दुर्व्यवहार गरेको मानिने छैन।

६७. **<u>योग्य नमानिनेः</u>** (१) सार्वजनिक वा निजी संस्थामा काम गर्ने व्यक्तिले बालबालिका विरुद्धको कसूर गरेको ठहरेमा निजलाई प्रचलित कानून बमोजिम बर्खास्त गरी कसूरको गाम्भीर्यता र प्रकृतिको आधारमा भविष्यमा बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राखी गर्नुपर्ने कार्यका लागि वा त्यस्तो निजी संघ, संस्थामा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नियुक्त, मनोनित वा निर्वाचित हुन दश वर्षसम्म योग्य मानिने छैन।

(२) यस ऐन वा प्रचलित कानून बमोजिम बाल यौन दुर्व्यवहारमा कसूरदार ठहरेको व्यक्तिले नैतिक पतन देखिने फौजदारी कसूर गरेको मानिनेछ।

६८. **सूचना दिनु पर्नेः** (१) बाबु, आमा, संरक्षक तथा बालबालिकालाई प्रत्यक्ष सेवा दिने हेरचाहकर्ता, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कसैले कुनै बालबालिका उपर हिंसा वा बाल यौन दुर्व्यवहार भएको, भइरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरून्त नजिकको प्रहरी कार्यालयमा सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना तत्काल सम्बन्धित प्रहरी कार्यालयले बालकल्याण अधिकारीलाई दिई आवश्यक सहयोग लिन सक्नेछ।

(३) बालबालिकाको संरक्षण गर्ने मनसायले सूचना दिँदा सूचना दिने व्यक्तिलाई सूचना दिएको आधारमा मात्र कुनै कानूनी कारबाही गरिने छैन।

(४) उपदफा (१) बमोजिम सूचना दिने व्यक्तिको पहिचान निजले चाहेमा गोप्य राख्नु पर्नेछ।

६९. **अस्थायी संरक्षण सेवाः** तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नेपाल सरकारले अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

७०. **<u>उद्धार, संरक्षण र स्वास्थ्य परीक्षण गर्नु पर्ने</u>**: (१) बालबालिका विरूद्ध भएको हिंसा वा बाल यौन दुर्व्यवहारको सूचना, उजूरी वा जानकारी प्राप्त भएमा प्रहरी कर्मचारीले आवश्यक विवरण लेखी लेखाई, दर्ता गरी, बालबालिकालाई उद्धार गर्नु पर्ने भए तुरून्त उद्धार गरी पीडित बालबालिकालाई अस्थायी संरक्षण सेवामा पठाउनु पर्नेछ।

(२) प्रहरी कर्मचारीले पीडित बालबालिकालाई शारीरिक वा मानसिक पीडा परेको देखिएमा तत्काल उपचारको लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको स्वास्थ्य परीक्षण र उपचार गराउनु पर्नेछ।

४१. **दिशान्तरको प्रक्रिया परिवर्तन वा पूरा गराउन सक्ने** : ऐनको दफा २७ बमोजिम दिशान्तर गरिएको बालबालिका दिशान्तर प्रक्रियामा निरन्तर रुपमा सहभागी नभएको भनी ऐनको दफा २९ को उपदफा (७) बमोजिम प्रोवेशन अधिकारीले प्रतिवेदन दिएमा दिशान्तर गर्ने अनुसन्धान अधिकारी, सरकारी वकिल वा बाल अदालतले दिशान्तरको प्रक्रिया परिवर्तन गर्न वा पहिलेको प्रक्रियालाई पूरा गर्न वा गराउन सक्नेछ ।

४२. **दिशान्तरको प्रक्रियामा सहयोग उपलब्ध गराउन सकिने** : ऐनको दफा २९ बमोजिम बालबालिकालाई बाल अदालतबाट दिशान्तर गरिएकोमा सो अदालतले र अनुसन्धान अधिकारी वा सरकारी वकिलबाट दिशान्तर गरिएकोमा समितिले दिशान्तरको प्रक्रियामा लाग्ने खर्च ऐनको दफा ६३ बमोजिमको कोषबाट उपलब्ध गराउने गरी आदेश दिन सक्नेछ ।

४३. **प्रोवेशन अधिकारीको बाल न्यायसँग सम्बन्धित काम, कर्तव्य र अधिकार** : ऐन तथा यस नियमावलीमा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रोवेशन अधिकारीको बाल न्यायको सन्दर्भमा अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको मुद्दाको अनुसन्धान सम्बन्धी प्रक्रिया अवलोकन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश गर्ने,

(ख) निगरानी कक्ष, सुधार गृह तथा अन्य सङ्घ संस्थामा राखिएका बालबालिकाको स्थितिबारे अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश गर्ने,

(ग) दिशान्तरको क्रममा अनुसन्धान अधिकारी, अभियोजनकर्ता र बाल अदालतबाट भएको आदेशको पालना भए नभएको सम्बन्धमा अध्ययन गरी उक्त निकायहरूलाई आवश्यक प्रतिवेदन पेश गर्ने,

(घ) बाल अदालतले दिएका आदेशहरूको कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश गर्ने,

(ङ) बालबालिकालाई परिवार तथा समुदायमा पुनर्स्थापना गर्न सहयोग गर्ने,

(च) बाल अदालतले प्रोवेशनमा रहने गरी तोकेका बालबालिकाहरूको सुपरिवेक्षण गर्ने,

(छ) बालबालिका संलग्न कसूरजन्य कार्यको अनुसन्धान वा अभियोजनको क्रममा अनुसन्धान अधिकारी वा अभियोजनकर्ताले मागेको कुनै विवरण वा जानकारी उपलब्ध गराउने,

(ज) बाल अदालतले तोकेको अन्य कार्य गर्ने ।

४४. **दोभाषे राख्न सकिने** : बाल अदालत तथा अनुसन्धान अधिकारीले बालबालिकासँग सोधपुछ गर्दा आवश्यक परेमा दोभाषेको सुविधा उपलब्ध गराई सोधपुछ गर्नु पर्नेछ ।

४५. **निर्देशन दिन सक्ने** : ऐन तथा यस नियमावलीमा उल्लिखित काम कारबाही सुचारू रूपले सञ्चालन गर्न सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र समितिले आफ्ना मातहतका कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछन् ।

४६. **प्रचलित कानून बमोजिम हुने** : ऐन र यस नियमावलीमा लेखिएको कुरामा सोही बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

४७. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने** : सर्वोच्च अदालतले समितिको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

४८. **खारेजी र बचाउ** : (१) बाल न्याय (कार्यविधि) नियमावली, २०६३ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको नियमावली बमोजिम भए गरेका कामकारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(३) यस नियमावली बमोजिम बाल इजलासमा रहने समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञ नियुक्ति नभएसम्म बाल न्याय (कार्यविधि) नियमावली, २०६३ बमोजिम तोकिएका समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकलाई बाल इजलासमा सहभागी गराई न्याय सम्पादन गर्न बाधा पर्ने छैन ।

## अनुसूची-१

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

### कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई नियन्त्रणमा लिँदा दिइने सूचनाको ढाँचा

श्री ..........................

......................

विषय : बालबालिकालाई नियन्त्रणमा लिइएको सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा ............... गाउँपालिका/नगरपालिका .................. वडा नं. ....... बस्ने श्री ................ ले दिनु भएको/प्रहरीलाई अन्य स्रोतबाट प्राप्त ............... कसूरजन्य कार्यको सूचनाको आधारमा अनुसन्धानको कार्य प्रारम्भ गर्नु पर्ने भएको र अनुसन्धानको क्रममा कसूरजन्य कार्यको आरोप लागेका देहायका बालबालिकालाई देहायको कारणबाट नियन्त्रणमा नलिई नहुने अवस्था भएकोले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१ तथा बाल न्याय सम्पादन (कायविधि) नियमावली, २०७६ को नियम ४ बमोजिम आज मिति ...................... ..... बजे ............... जिल्ला, ......... गाउँपालिका/नगरपालिका वडा नं. ..... को .............. (स्थान) बाट नियन्त्रणमा लिइएकोले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१ को उपदफा (३) बमोजिम यो सूचना दिइएको छ । नियन्त्रणमा लिइएको बालबालिकालाई.................(स्थान) मा राखिनेछ ।

नियन्त्रणमा लिइएको बालबालिकाको,

नाम, थर र वतन : ......*(बालबालिकाको साङ्केतिक नामसमेत उल्लेख गर्ने)*

नियन्त्रणमा लिनु पर्ने कारण : ...........

नोट : यसपछिको काम कारबाहीमा निजको साङ्केतिक नाम प्रयोग गरिनेछ ।

नियन्त्रणमा लिने अधिकारीको,-

दस्तखत :

नाम, थर :

दर्जा :

कार्यालय :

मिति :

## अनुसूची-२

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

**बालबालिकाको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउँदा गराउनु पर्ने कागजको ढाँचा**

श्री ............................

........................

विषय : बालबालिकालाई जिम्मा लिएको सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा ............... कसूरजन्य कार्यको आरोपमा अनुसन्धानको सिलसिलामा मिति............... मा नियन्त्रणमा लिइएका बालबालिका (साङ्केतिक नाम....................) लाई नियन्त्रणमा लिई रहन आवश्यक नदेखिएको भनी अनुसन्धान अधिकारीले बालबालिकालाई नियन्त्रण मुक्त गरी मेरो/हाम्रो जिम्मामा दिनु भएकोले उक्त बालबालिकालाई आज मिति............................ ...... बजे ............ (स्थान) बाट बुझिलिई यो कागज गरिदिएको छु/छौं । अनुसन्धान अधिकारीले खोजेका बखत जिम्मा लिएको बालबालिकासहित उपस्थित हुने छु/छौं ।

| बालबालिका जिम्मा लिनेको,- | बालबालिका जिम्मा लगाउनेको,- |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम, थर : | नाम, थर : |
| ठेगाना : | दर्जा : |
| बालबालिकासँगको नाता वा सम्बन्ध : | कार्यालयको नाम र ठेगाना : |
| | मिति : |

## अनुसूची-३

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**निगरानी कक्षमा राखी अनुसन्धान गर्ने अनुमति पाउन दिइने निवेदनको ढाँचा**

श्री.............................. बाल अदालत/बाल इजलास,

............................ जिल्ला ।

मार्फत : .....................................

विषयः निगरानी कक्षमा राखी अनुसन्धान गर्ने अनुमति सम्बन्धमा ।

.......................... को जाहेरी/उजुरी/प्रतिवेदनले वादी .................... र प्रतिवादी ......................... भएको .................... मुद्दामा कसूरजन्य कार्यको आरोप लागेका देहायका बालबालिकालाई निगरानी कक्षमा राखी मुद्दाको अनुसन्धान गर्नुपर्ने भएकोले ............... पटकको लागि मिति .................. देखि ........................ सम्म अनुसन्धानका लागि ......... दिन निगरानी कक्षमा राख्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१ को उपदफा (७) बमोजिम अनुमति पाउन देहायका विवरण र कागजातसहित अनुरोध गरिएको छ :-

(क) अनुसन्धानको लागि निगरानी कक्षमा राख्नु पर्ने बालबालिकाको विवरण (साङ्केतिक नाम):

(ख) कसूरजन्य कार्यको आरोप, त्यसको आधार:

(ग) बयान भए नभएको:

(घ) बाल मनोविज्ञ वा बाल हितसम्बन्धी काम गर्ने व्यक्तिसँग परामर्श सेवा उपलब्ध गराए नगराएको:

(ङ) सम्पन्न भएका अनुसन्धान कार्यको विवरण:

(च) अनुसन्धान गर्न बाँकी रहेको कार्यको विवरण:

(छ) निगरानी कक्षमा राखी अनुसन्धान गर्नु पर्ने कारण:

(ज) संलग्न कागजातहरूको विवरण:

(१) (२) (३)

................................

अनुसन्धान अधिकारी

## अनुसूची-४

(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

निगरानी कक्षमा राख्न अनुमति दिने आदेशको ढाँचा

श्री ..................जिल्ला

बाल अदालत/बाल इजलास

माननीय न्यायाधीश श्री...............................
..................... श्री ...............................
..................... श्री ...............................

आदेश

यसमा ........ को जाहेरी/उजुरी/प्रतिवेदनले वादी ............. र प्रतिवादी ................ भएको ....... मुद्दामा ............. कार्यालयको चलानी नं. ......... मिति ........... को पत्रमा उल्लिखित देहायका बालबालिकालाई ........................................ आधार र कारणबाट मिति ............... देखि .................. सम्म ........... पटक ............ दिन अनुसन्धानको लागि निगरानी कक्षमा राख्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१ को उपदफा (७) बमोजिम अनुमति दिइएको छ ।

निगरानी कक्षमा राख्न अनुमति दिइएको बालबालिकाको साङ्केतिक नाम :

(१) ..........................................
(२) ..........................................
(३) ..........................................
(४) ..........................................
(५) ..........................................

दस्तखत .......... दस्तखत........... दस्तखत ..............
.................... .................... न्यायाधीश

इति संवत्...... साल ......... महिना ....... गते रोज ..... शुभम् ।

## अनुसूची-५

(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

**निगरानी कक्षमा राख्न उपयुक्त नभएको हुँदा परिवार, संरक्षक वा अन्य सङ्घ संस्थाको जिम्मा लगाउने गरी गरिएको आदेशको ढाँचा**

श्री .................जिल्ला

बाल अदालत/बाल इजलास

माननीय न्यायाधीश श्री...............................
..................... श्री ...............................
..................... श्री ...............................

आदेश

यसमा ........ को जाहेरी/उजुरी/प्रतिवेदनले वादी ............. र प्रतिवादी ............... भएको ............. मुद्दामा ............. कार्यालयको चलानी नं. ......... मिति ........... को पत्रमा उल्लिखित देहायका बालबालिकालाई निज/निजहरूको ............................................... अवस्थालाई ध्यानमा राख्दा निज/निजहरूलाई निगरानी कक्षमा राख्न उपयुक्त नदेखिएकोले निगरानी कक्षमा राख्न अनुमति दिइएको छैन । निज बालबालिकालाई यस अदालतले खोजेको बखत उपस्थित गराउने गरी निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक, निजहरू नभएमा बालबालिकाको हक हित संरक्षण गर्ने कार्यमा संलग्न रहेको ............ संस्था वा .......... बाल सुधार गृहको जिम्मा लगाइ सोको कागज गराई मिसिल संलग्न राख्नू भनी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१ को उपदफा (८) बमोजिम यो आदेश गरिदिएको छ ।

दस्तखत ....... दस्तखत......... दस्तखत ...........
.................. .................. न्यायाधीश

इति संवत्....... साल ......... महिना ..... गते रोज ...... शुभम् ।

## अनुसूची-६

(नियम ९ को उपनियम (६) सँग सम्बन्धित)

## अनुसन्धान अधिकारी वा सरकारी वकिलले बालबालिकालाई दिशान्तर गर्दा गर्ने निर्णयको ढाँचा

श्री .................. कार्यालयका अनुसन्धान अधिकारी/सरकारी वकिल श्री ...................ले दिशान्तर गर्ने सम्बन्धमा गरेको निर्णय

१. कसूरसम्बन्धी संक्षिप्त विवरण :-

(क) कसूरबाट पीडितको विवरण :

(ख) कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकाको विवरण :

(ग) कसूरजन्य कार्यको सूचनाको संक्षिप्त विवरण :

(घ) अनुसन्धान तथा सोबाट प्राप्त प्रमाण सम्बन्धी संक्षिप्त व्यहोरा :

(ङ) बालबालिकाउपर लागेको कसूजन्य कार्यको आरोप बमोजिम हुन सक्ने अधिकतम सजाय :

२. अध्ययन प्रतिवेदनको संक्षिप्त विवरण :-

(क) बाल मनोविज्ञ वा बाल विशेषज्ञबाट प्राप्त बालबालिकाको शारीरिक तथा मानसिक अवस्था सम्बन्धी प्रतिवेदनको निष्कर्ष :

(ख) समाजसेवीबाट प्राप्त आर्थिक, सांस्कृतिक अवस्था तथा परिवेशको अध्ययन विश्लेषण सम्बन्धी प्रतिवेदनको निष्कर्ष :

३. दिशान्तर गर्दा विचार गरिएका कुराहरू :-

(क) कुन कानूनको कुन व्यवस्थाबाट दिशान्तर गर्न मिल्ने हो सो कुरा :

(ख) दिशान्तर गर्दा विचार गरिएका विषयहरू र प्राप्त भएका सहमतिसम्बन्धी विवरण :

४. दिशान्तर गर्न कुन प्रक्रिया अवलम्बन गरिएको हो सो सम्बन्धी विस्तृत विवरण :-

५. निर्णय :-

उल्लिखित .................तथ्य, आधार ................ अध्ययन प्रतिवेदन तथा पक्षहरूको .................... सहमति र ............................. कानूनी व्यवस्था बमोजिम प्रस्तुत कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई दिशान्तर गर्न मिल्ने देखिएको र निज श्री ........................ लाई .................... कारणबाट दिशान्तर गर्दा निजको सर्वोत्तम हित कायम हुने देखिएकोले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २९ को उपदफा (१) को खण्ड .................. बमोजिमको ................................ प्रक्रिया अवलम्बन गर्ने गरी यो दिशान्तर गर्ने निर्णय गरिएको छ । ..................... अवस्था भएकोले ................ दिशान्तरको अवधि तोकिदिएको छ । पीडितलाई भएको हानि नोक्सानी बापत सोही ऐनको दफा २९ को उपदफा (८) बमोजिम ............................................ गर्ने निर्णय गरिदिएँ । यस निर्णयमा चित्त नबुझेमा .................... बाल अदालतमा तीस दिनभित्र निवेदन दिनु होला । निर्णयको जानकारी ...................................... (कार्यालय), केन्द्रीय बाल न्याय समिति र .................... बाल अदालतलाई दिनू ।

निर्णय गर्ने अनुसन्धान अधिकृत/सरकारी वकिलको,-

दस्तखत :

कार्यालयको छाप : नाम, थर :

दर्जा :

मिति :

इति संवत् ......... साल ......... गते रोज ....... शुभम् ।

## अनुसूची-७

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

### बाल अदालत/बाल इजलासले बालबालिकालाई दिशान्तर गर्दा गर्ने निर्णयको ढाँचा

श्री .................जिल्ला

बाल अदालत/बाल इजलास

माननीय न्यायाधीश श्री................................
..................... श्री ................................
..................... श्री ................................

### दिशान्तर सम्बन्धी निर्णय

१. अभियोग सम्बन्धी संक्षिप्त विवरण :-

(क) कसूरबाट पीडितको विवरण :

(ख) कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकाको विवरण :

(ग) कसूरजन्य कार्यको सूचनाको संक्षिप्त विवरण :

(घ) अनुसन्धान तथा सोबाट प्राप्त प्रमाणसम्बन्धी संक्षिप्त व्यहोरा :

(ङ) बालबालिकाउपर लागेको कसूरजन्य कार्यको आरोप वा अभियोग मागदाबी बमोजिम हुन सक्ने अधिकतम सजाय वा मागदाबी गरिएको सजाय :

२. अध्ययन प्रतिवेदनको संक्षिप्त विवरण :

(क) बाल मनोविज्ञ वा बाल विशेषज्ञबाट प्राप्त बालबालिकाको शारीरिक तथा मानसिक अवस्था सम्बन्धी प्रतिवेदनको निष्कर्ष :

(ख) समाजसेवीबाट प्राप्त आर्थिक, सांस्कृतिक अवस्था तथा परिवेशको अध्ययन विश्लेषण सम्बन्धी प्रतिवेदनको निष्कर्ष :

३. दिशान्तर गर्दा विचार गरिएका कुराहरू :-

(क) कुन कानूनको कुन व्यवस्थाबाट दिशान्तर गर्न मिल्ने हो सो कुरा :

(ख) दिशान्तर गर्दा विचार गरिएका विषयहरू र प्राप्त भएका सहमति सम्बन्धी विवरण :

४. दिशान्तर गर्न कुन प्रक्रिया अवलम्बन गरिएको हो सो सम्बन्धी विस्तृत विवरण :-

५. निर्णय :-

उल्लिखित ..................तथ्य, आधार ............. अध्ययन प्रतिवेदन तथा पक्षहरूको ............... सहमति र .............................. कानूनी व्यवस्था बमोजिम प्रस्तुत कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई दिशान्तर गर्न मिल्ने देखिएको र निज श्री ................. लाई .............. कारणबाट दिशान्तर गर्दा निजको सर्वोत्तम हित कायम हुने देखिएकोले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २९ को उपदफा (१) को खण्ड ................... बमोजिमको ........................... प्रक्रिया अवलम्बन गर्ने गरी यो दिशान्तर गर्ने निर्णय गरिएको छ । ............... अवस्था भएकोले ............. दिशान्तरको अवधि तोकिदिएको छ । पीडितलाई भएको हानि नोक्सानी बापत सोही ऐनको दफा २९ को उपदफा (८) बमोजिम .................................. गर्ने निर्णय गरिदिएँ । यस निर्णयमा चित्त नबुझेमा .................. उच्च अदालतमा तीस दिनभित्र निवेदन दिनुहोला । निर्णयको जानकारी केन्द्रीय बाल न्याय समितिलाई दिनू ।

| | | |
|---|---|---|
| दस्तखत ........... | दस्तखत......... | दस्तखत ........... |
| .................... | .................... | न्यायाधीश |

## अनुसूची-८

(नियम २६ सँग सम्बन्धित)

### बाल अदालतले गर्ने फैसलाको ढाँचा

श्री ..................जिल्ला
बाल अदालत/बाल इजलास
माननीय न्यायाधीश श्री.................................
.................. श्री.........................................
...................श्री.........................................

फैसला

संवत् .................को स.फौ.नं. ।
दर्ता नं. :
दर्ता मिति :
निर्णय नं.:
मुद्दा : ...................सम्बन्धी कसूरजन्य कार्य ।

वादीको नाम, थर र वतन :........................ प्रतिवादीको नाम, थर र वतन:...........................

| | |
|---|---|
| ऐ.ऐ. को साक्षी : | ऐ.ऐ. को साक्षी : |
| ................................ | ............................ |
| ................................ | ............................ |
| प्रमाण कागज : | प्रमाण कागज : |
| .............................. | ................................ |
| .............................. | ................................ |

अदालतबाट बुझेको
साक्षी :
.............................
.............................
प्रमाण कागज :
.............................
.............................

कानून व्यवसायी

| वादीको तर्फबाट : | प्रतिवादीको तर्फबाट : |
|---|---|
| ............................ | ................................ |
| ............................ | ................................ |

अवलम्बित नजिर :

..........................................................................................

..........................................................................................

न्याय प्रशासन ऐन, २०७३ को दफा ७, बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यस इजलासमा पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

तथ्य खण्ड :

(१) जाहेरी वा प्रतिवेदन, घटनास्थल प्रकृति मुचुल्का, प्रतिवादीको बयान, उमेरको प्रमाण, अनुसन्धानका क्रममा बुझिएका वा सङ्कलन गरिएका सबुद दशी प्रमाण, घटना विवरण कागज, शारीरिक तथा मानसिक परीक्षण प्रतिवेदन, सामाजिक अध्ययन प्रतिवेदन, मनोवैज्ञानिक अध्ययन प्रतिवेदन एवं अन्य प्रमाण कागजहरूको क्रमबद्ध सार संक्षेप ।

(२) अभियोग मागदाबीको संक्षिप्त विवरण ।

(३) प्रतिवादीको इजलासमा भएको बयानको सारसंक्षेप ।

(४) पुर्पक्षको आदेश, अभिभावक वा अन्य सामाजिक संस्थामा जिम्मा लगाएको वा बालसुधार गृहमा राख्न पठाएकोमा प्रोवेशन अधिकारीले दिएको प्रगति विवरण प्रतिवेदन ।

(५) सम्बन्धित पक्षका साक्षी एवं विशेषज्ञको बकपत्र ।

(६) समाजसेवीको राय ।

(७) बाल मनोविज्ञ वा बाल विशेषज्ञको राय ।

ठहर :

(८) सम्बन्धित पक्षको कानून व्यवसायीको परिचय र बहस जिकिरहरू ।

(९) नियम २१ को उपनियम (३) बमोजिम बालबालिकाले इजलाससमक्ष व्यक्त गरेको कुरा ।

(१०) नियम २१ को उपनियम (४) बमोजिम पीडितले इजलास समक्ष व्यक्त गरेको कुरा ।

(११) ठहर गर्नु पर्ने विषय ।

(१२) अभियोग दाबी, प्रतिवादीको बयान, दुवै पक्षको साक्षीहरूको बकपत्रलगायतका तथ्य सबुद प्रमाणहरूको मूल्याङ्कन ।

(१३) समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको रायको विश्लेषण ।

(१४) आरोप प्रमाणित हुने वा नहुने आधार कारणहरू ।

(१५) ठहर गर्दा लिइएका तथ्यगत एवं कानूनी आधार र कारणहरू ।

सजाय निर्धारण

(सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन बमोजिम निर्धारण गर्ने)

(१५) सजाय पूर्वको प्रतिवेदन ।

(१६) सजाय निर्धारणका आधार, कारण र सोको प्रक्रिया ।

(१७) सजाय तथा क्षतिपूर्ति निर्धारण । (झुट्टा बकपत्र गर्नेलाई समेत)

(१८) सुधार एवं पुनर्स्थापनाका बैकल्पिक उपाय सम्बन्धी आदेश।

(१९) अन्य विशेष केही भए सो कुराहरू ।

तपसिल

(१) माथि ठहर खण्डमा लेखिए बमोजिम यस्तो ठहर भएकोले  यसो गर्नु ।

(२) म्यादभित्र पुनरावेदन गर्नू ।

(३) मिसिल अभिलेख शाखामा बुझाई दिनू ।

| | | |
|---|---|---|
| दस्तखत .......... | दस्तखत............. | दस्तखत ........... |
| ..................... | ..................... | न्यायाधीश |

फैसला तयार गर्न सहयोग गर्ने कर्मचारीको,-

नाम, थर :

दर्जा :

इति संवत् ........साल .......गते रोज..........शुभम्...................।

अड्डाको छाप प्रमाणीकरण मिति :

## अनुसूची-९

(नियम ३९ को उपनियम (१) सँग सम्बन्धित)

### सामाजिक/मनोसामाजिक अध्ययन प्रतिवेदनको ढाँचा

श्री .....................

..............................................

विषय : सामाजिक/मनोसामाजिक अध्ययन प्रतिवेदन पेश गरिएको बारे ।

१. कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको विवरण :

(क) बालबालिकामाथि लगाइएको आरोपको व्यहोरा :

............................................

.............................................

(ख) बालबालिकाको व्यक्तिगत र पारिवारिक विवरण :

(१) बालबालिकाको व्यक्तिगत विवरण :

(क) नाम, थर :................................ (ख) उमेर : .....

(ग) लिङ्ग : ........

(घ) स्थायी ठेगाना : ...........................................

(ङ) अस्थायी ठेगाना : ........................................

(च) पहिले कुनै संस्थामा बसेको भए त्यसको विवरण : ............

(२) पारिवारिक विवरण :

(क) बाबुको :-

नाम :............... पेशा :.................

ठेगाना : ..............................

आफ्नो बाबु बाहेक आमाले अर्को विवाह गरेको भए सो सम्बन्धी व्यहोरा :-

(ख) आमाको :-

नाम : ............ पेशा:.......... ठेगाना : ....................

आफ्नो आमा बाहेक बाबुले अर्को विवाह गरेको भए सो सम्बन्धी ब्यहोरा :-

नाम : .............. पेशा :............ ठेगाना : ................

(ग) संरक्षक भए निजको नाम, पेशा र ठेगाना :

(घ) पाल्ने वा हुर्काउने अरु कोही भए :

(ङ) दाजु, भाइ :

(च) दिदी, बहिनी :

(छ) सँगै बसेका अन्य नातेदार :

(३) सामाजिक र आर्थिक स्थिति :

(४) परिवारको अन्य सदस्यहरूलाई अदालत वा अन्य निकायबाट फौजदारी कसूरमा अभियोग लागेको वा सजाय पाएको भए सो सम्बन्धी विवरण :

(५) जीविकोपार्जनको स्तर :

(६) बाबु, आमा तथा परिवारको अन्य सदस्यको आपसी सम्बन्ध (पारिवारिक विखण्डन भए सो कुरा) :

(७) बालबालिकाको अन्य विवरण :

(क) शारीरिक स्थिति :

(ख) बानी ब्यहोरा, रुचि, चाख (आचरणसम्बन्धी उल्लेखनीय कुरा) :

(ग) खास विशेषता वा व्यक्तिगत स्वभाव :

(घ) साथी संगतसँगको सम्बन्ध र उनीहरूको प्रभाव :

(ङ) घर छाडेर आएको भए सोको विवरण :

(च) विद्यालय र शैक्षिक विवरण (विद्यालय जान छाडेको भए सो सम्बन्धी ब्यहोरा) :

(छ) काम गरेको भए कामको प्रकृति र सो सम्बन्धी अन्य विवरण :

(ज) काम छाडेको भए सोको कारण :

खण्ड ६९) संख्या ९ नेपाल राजपत्र भाग ३ मिति २०७६।२।२०

(झ) छिमेकी र बालबालिकालाई चिनेका व्यक्तिहरूको भनाइ :

(ञ) घर तथा विद्यालयमा अनुशासन प्रतिको दृष्टिकोण :

(ट) थप केही कुरा भएमा :

७. प्रतिवेदनको निष्कर्ष वा प्रतिवेदनकर्ताको राय र त्यसका आधार :

(क) संवेगात्मक तथ्य :

(ख) शारीरिक अवस्था :

(ग) बौद्धिक क्षमता वा स्तर :

(घ) सामाजिक तथा आर्थिक पक्ष :

(ङ) समस्या देखिनुका कारक तत्व :

(च) कसूरजन्य कार्य गर्ने प्रवृत्ति बढ्नुको कारण :

(छ) बालबालिकालाई सुधार गर्न सकिने सम्भावना :

(ज) बालबालिकाको कुनै अपेक्षा भए सो सम्बन्धी विवरण :

(झ) सुधारको सम्भावना भएको भए सुधारको लागि अवलम्बन गर्न सकिने उपाय सम्बन्धी सुझाव :

उल्लिखित प्रतिवेदनको व्यहोरा ठीक साँचो छ।

प्रतिवेदन दिनेको,-

दस्तखत :

नाम, थर :

मिति :

## अनुसूची-१०

(नियम ३९ को उपनियम (२) सँग सम्बन्धित)

### मनोवैज्ञानिक अध्ययन प्रतिवेदनको ढाँचा

श्री ....................

.........................................

विषय : मनोवैज्ञानिक अध्ययन प्रतिवेदन पेश गरिएको बारे ।

बालबालिकाको नाम वा सङ्केत : उमेर: लिङ्ग:

शैक्षिक स्थिति: जाति: पारिवारिक अवस्था:

खण्ड क : मनोवैज्ञानिक अवस्था :

निम्न प्रश्नहरूको उत्तरको आधारमा बालबालिकाको मनोवैज्ञानिक अवस्थाको विश्लेषण गर्ने:

१. तपाईं के गर्ने गर्नुहुन्छ ?

☐ घरायसी कामकाज ☐ विद्यार्थी ☐ आघातपीडित ☐ अन्य (खुलाउने):

२. तपाईंले यसअघि कुनै रोग वा स्वास्थ्य समस्या भएर स्वास्थ्योपचार गराउनु भएको छ ?

☐ छ ☐ छैन

भए के कस्तो ?

...................................................................................

.....................................................................................

...........................................................................

३. तपाईंको जीउ वा कुनै अङ्ग दुख्ने वा पीडा हुने समस्या छ/थियो ?

☐ कहिल्यै दुख्दैन ☐ कहिलेकाहीँ दुख्छ ☐ प्राय: दुखिराख्छ

४. तपाईं बढी समय एक्लै बिताउने गर्नुहुन्छ/हुन्थ्यो ?

☐ कहिल्यै बिताउन्न ☐ कहिलेकाहीँ ☐ प्राय:

५. तपाईं यसै गलेको वा थकित भएको अनुभव गर्नुहुन्छ/हुन्थ्यो?

☐ कहिल्यै गरेको छैन ☐ कहिलेकाहीँ ☐ प्राय:

६. तपाईंलाई छटपटी (एकै ठाउँमा थिर लागेर बस्न नसक्ने) वा एकाग्र हुन नसक्ने हुन्छ ?

☐ हुँदैन ☐ कहिलेकाहीँ ☐ प्राय:

७. तपाईंको आमाबाबु दाजुभाइ दिदीबहिनी वा शिक्षकसँग कुनै खटपट परेको छ/थियो ?

☐ थिएन ☐ कहिलेकाहीँ ☐ प्राय:

८. नयाँ परिस्थिति आइपर्दा तपाईंलाई डर लाग्छ ?

☐ लाग्दैन ☐ कहिलेकाहीँ ☐ प्राय:

९. तपाईंलाई कहिलेकाहीँ त्यत्तिकै खिन्न (स्याड) भएजस्तो लाग्छ?

☐ लाग्दैन ☐ कहिलेकाहीँ ☐ प्राय:

१०. तपाईंलाई कहिलेकाहीँ त्यत्तिकै झर्को लाग्ने वा रिस उठ्ने गरेको छ ?

☐ कहिल्यै छैन ☐ कहिलेकाहीँ ☐ प्राय:

११. तपाईंलाई कहिलेकाहीँ आफूं बेकार भएको लाग्छ वा निराश हुने गर्नु भएको छ ?

☐ लाग्दैन ☐ कहिलेकाहीँ ☐ प्राय:

१२. तपाईंलाई निन्द्रा नलाग्ने वा निद्रा लागे पनि डरलाग्दा सपना देखिने वा साह्रै धेरै निद्रा लाग्ने समस्या छ ?

☐ छैन ☐ कहिलेकाहीँ ☐ प्राय:

१३. तपाईंलाई आफ्नै बारेमा वा अरूको बारेमा कुनै कुरामा चिन्ता लागि राख्ने गर्छ ?

☐ गर्दैन ☐ कहिलेकाहीँ ☐ प्राय:

१४. तपाईँलाई आफूं एक्लो भएजस्तो वा अरूले आफूंलाई खराब ठानेको जस्तो लाग्छ ?

☐ लाग्दैन ☐ कहिलेकाहीँ ☐ प्रायः

१५. तपाईँलाई खतरा वा खराब काम पनि गरूँगरूँ जस्तो लाग्छ?

☐ लाग्दैन ☐ कहिलेकाहीँ ☐ प्रायः

१६. तपाईँलाई आफ्नो कुरा अथवा भावना अरूलाई नसुनाउँ नभनौं जस्तो लाग्छ ?

☐ लाग्दैन ☐ कहिलेकाहीँ ☐ प्रायः

१७. तपाईँलाई आफ्ना कठिनाइका लागि अरू नै दोषी हुन् जस्तो लाग्छ ?

☐ लाग्दैन ☐ कहिलेकाहीँ ☐ प्रायः

१८. तपाईँलाई आफूंमा आनीबानी सम्बन्धी वा भावनात्मक समस्या भएको र अरूको सहयोग आवश्यक भएजस्तो लाग्छ ?

☐ लाग्दैन ☐ कहिलेकाहीँ ☐ प्रायः

१९. तपाईँलाई कुनै काम गर्न चाख वा मजा लाग्दै नलाग्ने हुन्छ ?

☐ हुँदैन ☐ कहिलेकाहीँ ☐ प्रायः आधा दिनभन्दा बढी

२०. तपाईँलाई हतास वा असहाय भएजस्तो लाग्छ ?

☐ लाग्दैन ☐ कहिलेकाहीँ ☐ प्रायः आधा दिनभन्दा बढी

२१. तपाईँलाई खान मन नलाग्ने वा रुचि कम हुने गरेको छ ?

☐ छैन ☐ कहिलेकाहीँ ☐ प्रायः आधा दिनभन्दा बढी

२२. तपाईँलाई आफ्नो कुनै अर्थ नरहेको, बरु मरेको भए हुने वा आफैंलाई सताउँजस्तो लाग्छ ?

☐ लाग्दैन ☐ कहिलेकाहीँ ☐ प्रायः आधा दिनभन्दा बढी

२३. तपाईं कहिल्यै बेहोस हुनुभएको वा त्यत्तिकै मुर्छा पर्नु (नर्भस) भएको छ ?

☐ छैन ☐ कहिलेकाहीँ ☐ प्रायः आधा दिनभन्दा बढी

२४. तपाइँ कुनै कुरामा साह्रै चिन्तित हुने र आराम लिनै नसक्ने गरी छटपटिई राख्ने गर्नुभएको छ ?

☐ छैन ☐ कहिलेकाहीँ ☐ प्राय: आधा दिनभन्दा बढी

२५. तपाइँ कुनै नराम्रो वा अनौठो घटना भइहाल्छ भनेर डराउने गर्नु भएको छ ?

☐ छैन ☐ कहिलेकाहीँ ☐ प्राय: आधा दिनभन्दा बढी

२६. तपाइँले कुनै दुर्घटना, आक्रमण वा प्राकृतिक प्रकोपको आघातमा पर्नु भएको छ ?

☐ छ ☐ छैन

२७. त्यस्तो कुराको झझल्को आएर झस्कने तर्सने गर्नु भएको छ ?

☐ छ ☐ छैन

खण्ड ख : लेखाजोखा र मूल्याङ्कन :

१. समस्याको सन्दर्भ र मात्रा :

समस्याको समय वा अवधि :

..............................................................

समस्याको गम्भीरता :

.........................................................................

अवलोकित मुख्य मनोवैज्ञानिक समस्या :

..............................................................................

..............................................................................

..............................................................................

..............................................................................

२. बालबालिकाको समर्थता:



[watermark]

३. परिवार/अभिभावक/संरक्षकको समर्थता:

☐ बालबालिकाबारे जायज अपेक्षा ☐ बालबालिकालाई मद्दत गर्न उत्साहित/उत्सुक

☐ पारिवारिक घनिष्टता ☐ अन्य (खुलाउने):

४. बालबालिका कसूरजन्य कार्यमा संलग्न हुनुको कारण:

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

५. बालबालिकामा समस्या देखिएको भए बालबालिकालाई उपलब्ध गराउनु पर्ने आवश्यक सेवासम्बन्धी सुझाव:

उल्लिखित प्रतिवेदनको व्यहोरा ठीक साँचो छ।

प्रतिवेदन दिनेको,-

दस्तखत :

नाम थर :

मिति :

**आज्ञाले,**

**लालबहादुर कुँवर**

**रजिस्ट्रार**

**सर्वोच्च अदालत**

*अनुसूची ४*

# कसूरदार बालबालिकाको साजय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन
# २०७५

**(सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७५।११।८।४ मा स्वीकृत भएको)**

## कसूरदार बालबालिकाको सजाय निर्धारण सामान्य मार्गदर्शनको आवश्यकता

मुलुकको सामान्य फौजदारी कानूनको रुपमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले तथा विशेष कानूनको रुपमा फौजदारी कसूर सम्बन्धी विभिन्न कानूनहरुले अवाञ्छित कार्यहरुलाई अपराधीकरण गरी सजायको व्यवस्था गरेको छ। त्यस्तै सजाय निर्धारण सम्बन्धी सामान्य कानूनको रुपमा रहेको फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ ले कसूरदारलाई सजाय निर्धारण सम्बन्धी विस्तृत व्यवस्था गरेको छ।

अपराध संहिताको दफा ५ मा कुनै खास कामलाई कुनै विशेष ऐनद्वारा छुट्टै कसूर मानी सजाय गर्ने व्यवस्था भएको रहेछ भने त्यस्तो कसूरका सम्बन्धमा सोही ऐन लागू हुनेछ भन्ने व्यवस्था रहेको छ भने फौजदारी कार्यविधि संहिताको दफा ३ मा कुनै खास कसूरको अभियोजन, अनुसन्धान, पूर्पक्ष, सुनुवाई, फैसला कार्यान्वयन वा अन्य कुनै कारबाही वा मुद्दा हेर्ने अधिकारीहरुका सम्बन्धमा छुट्टै ऐनद्वारा विशेष व्यवस्था भएको रहेछ भने त्यस्तो विषयमा सोही ऐनमा व्यवस्था भए बमोजिम हुनेछ र त्यस्तो विषयमा यस ऐनको व्यवस्थाले असर पार्ने छैन भन्ने व्यवस्था रहेको छ।

बालबालिकाको अधिकारको सम्मान, संरक्षण प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न विशेष ऐनको रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भएको र सोही ऐनको दफा ८४ मा यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ।

बालबालिका सम्बन्धी ऐन, २०७५ मा कतिपय अवाञ्छित कार्यहरुलाई कसूर घोषित गरी अपराध संहिता तथा प्रचलित कानून बमोजिम हुने सजायभन्दा फरक मात्राको सजायको व्यवस्था भएको छ भने बालबालिका उपरको मुद्दामा मुद्दा हेर्ने अधिकारी लगायत विभिन्न विषयमा फौजदारी कार्यविधि संहिता तथा सजाय निर्धारण ऐनभन्दा फरक व्यवस्था रहेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ मा बाल न्याय सम्पादन सम्बन्धी विशिष्ट सिद्धान्तहरु, मुद्दाको सुनुवाई सम्बन्धमा बालबालिकाको विशेष अधिकार, बाल न्याय सम्पादन गर्दा विचार गर्नु पर्ने कुराहरु, उमेरलाई आधार मानी बालबालिकाको आपराधिक दायित्व निर्धारण, बालबालिकाको उमेर कायम गर्ने आधार, बालबालिका दोषि ठहर भएको कसूरजन्य कार्यमा सजाय निर्धारण र कार्यान्वयन गर्दा विचार गर्नु पर्ने थप विषयहरु समेत व्यवस्था भएको सन्दर्भमा कसूरजन्य कार्यमा कसूरदार ठहर भएका बालबालिकालाई सजाय निर्धारण गर्दा अन्य कसूरदारको लागि निर्धारण गरिएका विषयगत मापदण्डमा रहेका सबै व्यवस्थाहरु सान्दर्भिक नहुने तथा बालबालिकाको हकमा कतिपय विषयमा थप कुराहरुसमेत विचार गर्नुपर्ने भएको हुँदा सम्बद्ध कानूनका व्यवस्थाहरुलाई समग्रतामा विचार गरी कसूरदार ठहर भएका बालबालिकालाई उपयुक्त सजाय निर्धारण गर्न मार्गदर्शनको लागि सर्वोच्च अदालतले यो कसूरदार बालबालिकाको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन बनाएको छ।

## सामान्य मार्गदर्शनको प्रयोग

- यो सामान्य मार्गदर्शन कसूरदार ठहर भएका बालबालिकालाई सजाय निर्धारण गर्दा मार्गदर्शकको रूपमा रहनेछ।
- यो सामान्य मार्गदर्शन १८ वर्ष उमेर पूरा नभएको कसूरदारलाई सजाय निर्धारण गर्दा प्रयोग हुनेछ।
- यस सामान्य मार्गदर्शनमा सजाय निर्धारण गर्ने प्रयोजनको लागि सम्बद्ध कानूनहरूमा रहेका सम्बन्धित व्यवस्थाहरूलाई समग्रमा अध्ययन गरी कसूरदार ठहर भएका बालबालिकालाई हुन सक्ने सजायमा छूटलाई समेत समावेश गरिएको छ।
- कुनै मुद्दामा ठहर भएको कसूरदार बालबालिका रहे/भएमा निजलाई सजाय निर्धारण गर्दा सम्बन्धित विषयगत सामान्य मार्गदर्शन अतिरिक्त परिपूरकको रूपमा प्रयोग गर्ने गरी यो सामान्य मार्गदर्शन तयार गरिएको छ।

# संक्षिप्त शब्द सूची

| | |
|---|---|
| अपराध संहिता- | मुलुकी अपराध (संहिता) ऐन, २०७४ |
| फौजदारी कार्यविधि संहिता- | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ |
| बालबालिका सम्बन्धी ऐन- | बालबालिका सम्बन्धी ऐन, २०७५ |
| सजाय निर्धारण ऐन- | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ |

## भाग–१

## बाल न्याय सम्बन्धी सिद्धान्तहरु

कानूनको विवादमा परेका बालबालिका उपरको मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्दा बाल अदालतले देहायका आधारमा गर्नु पर्ने:-

- अपराध संहिताको दफा ११ बमोजिम दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर नमानिने।
- अपराध संहिताको दफा २८ बमोजिम कसैले कुनै बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएको रहेछ भने त्यसरी कसूर गर्न लगाउने व्यक्तिलाई निज आफैले त्यस्तो कसूर गरे सरह सजाय हुने।
- बालबालिका सम्बन्धी ऐनको दफा १६ बमोजिम बाल अदालत लगायत बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारवाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई बालमैत्री प्रकृया अपनाउनु पर्ने।
- बालबालिका सम्बन्धी ऐनको दफा २६ को उपदफा (२) बमोजिम कसूर जन्य कार्यको अभियोग लागेको बालबालिकालाई बाल अदालतबाट अन्यथा निर्णय नभएसम्म निर्दोष रहेको मानिने र त्यस्तो बालबालिकालाई आफ्नो विरुद्ध साक्षी हुन कर नलगाइने।
- बालबालिका सम्बन्धी ऐनको दफा ३० बमोजिम बालबालिकाले गरेको कसूरजन्य कार्य सम्बन्धी मुद्दाको सुरु कारवाही, सुनुवाई र किनारा बाल अदालतबाट गर्नु पर्ने,
- बाल अदालत गठन नभएसम्म बालबालिकाले गरेको कसूरजन्य कार्य सम्बन्धी मुद्दाको सुरु कारवाही, सुनुवाई र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा बाल इजलास गठन गरिने,
- बाल इजलासमा जिल्ला न्यायाधीश, समाजसेवी र बालमनोविज्ञ वा बाल विशेषज्ञ सदस्य रहने।
- बालबालिका सम्बन्धी ऐनको दफा ३२ बमोजिम मुद्दाको कारवाहीको क्रममा बालबालिकाको उमेर अठार वर्ष पूरा भए पनि त्यस्तो मुद्दा बाल अदालतबाटै सुरु कारवाही, सुनुवाई र किनारा गर्नु पर्ने,
- बालबालिका सम्बन्धी ऐनको दफा ३४ बमोजिम बालबालिकाको उमेर र निजको परिपक्वता समेतलाई विचार गरी बाल मैत्री वातावरणमा मुद्दाको सुनुवाई गर्नु पर्ने,
- बालबालिका सम्बन्धी ऐनको दफा ३५ बमोजिम बाल अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसूरजन्य कार्यको आरोप लागेको बालबालिका उपरको मुद्दाको सुनुवाई तथा कारवाही बन्द इजलासमा गर्नु पर्ने,
- बालबालिका सम्बन्धी ऐनको दफा ८० बमोजिम बालबालिकाको विरुद्ध लगाइएको कसूरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नियुक्त नभएसम्म बाल अदालतले त्यस्तो मुद्दाको कारवाही र किनारा नगर्ने र कानून व्यवसायी नियुक्त नभएको अवस्थामा वैतनिक कानून व्यवसायी वा अन्य कुनै निःशुल्क कानून व्यवसायीको सेवा उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने,
- बाल न्याय सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको जानकारी लिई अनुशरण गर्नु पर्ने।

## भाग- २

## मुद्दाको सुनुवाई सम्बन्धमा बालबालिकाको अधिकार

(क) बालबालिका सम्बन्धी ऐनको दफा २६ बमोजिम मुद्दाको सुनुवाईका सम्बन्धमा बालबालिकालाई देहायका अधिकारहरु प्राप्त हुने:-

- आफू विरुद्ध लागेको आरोप, सो उपरको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधै वा परिवार वा संरक्षक मार्फत प्राप्त गर्ने,
- आफू विरुद्ध लागेको आरोपको प्रतिरक्षाको लागि तत्काल निशुल्क कानूनी सहायता र अन्य आवश्यक सहयोग प्राप्त गर्ने,
- बाल न्यायको सबै प्रक्रियामा आवश्यकता अनुसार परिवार वा संरक्षकको उपस्थिति माग गर्ने,
- बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने,
- बाल न्याय सम्पादनको प्रक्रियामा गोपनीयता प्राप्त गर्ने,
- बालमैत्री वातावरणमा अनुसन्धान अभियोजन तथा सुनुवाई हुने,
- न्यायिक प्रक्रियाका हरेक चरणमा सहभागी हुने र आफ्नो भनाई स्वतन्त्र रुपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने,
- मुद्दाको सुनुवाईमा बालबालिकाले चाहेमा आफूसँगै निजका बाबु, आमा, संरक्षकलाई सहभागी गराउने।

(ख) सजाय निर्धारण ऐनको दफा १२ को उपदफा (४) बमोजिम सजाय पूर्वको प्रतिवेदन प्राप्त भएपछि अदालतले त्यस्तो प्रतिवेदन सम्बन्धित सरकारी वकिल, कसूरदार र निजको कानून व्यवसायीलाई तथा कसूरदार बालबालिका भए निजको संरक्षकलाई उपलब्ध गराउनु पर्ने।

(ग) फौजदारी कार्यविधि संहिताको दफा १७० को उपदफा (१) को खण्ड (ख) बमोजिम अदालतले बालबालिका पक्ष रहेको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा प्राथमिकता दिनु पर्ने।

(घ) बालबालिका सम्बन्धी ऐनको दफा ८२ बमोजिम बाल अदालत बाहेक अन्य अदालतमा परेको बालबालिका वादी वा प्रतिवादी भएको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा प्राथमिकता दिनु पर्ने।

## भाग-३

## बाल न्याय सम्पादन गर्दा विचार गर्ने कुरा र दिशान्तर

(क) बालबालिका सम्बन्धी ऐनको दफा २० बमोजिम बाल न्याय सम्पादन गर्दा देहायका कुराहरू विचार गर्नु पर्ने:-

- बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा सुन्ने,
- बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाई राख्ने अवसर दिने,
- बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र सांस्कृतिक मूल्य मान्यता अनुरूपको बोली वचन र व्यवहार गर्नु पर्ने,
- बालबालिकासँग सम्वाद गर्दा निजले चाहेको भाषमा गर्ने र आवश्यकता अनुसार दोभाषेको सहयोग लिने।

(ख) बालबालिका सम्बन्धी ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ग) र उपदफा (२) बमोजिम बाल अदालतले ३ वर्ष वा सोभन्दा कम कैदको सजाय हुने मुद्दामा बालबालिकालाई दिशान्तर गर्न सक्ने।

## भाग-४

## बालबालिकाको आपराधिक दायित्व

अपराध संहिताको दफा ४५ तथा बालबालिका सम्बन्धी ऐनको दफा ३६ बमोजिम बालबालिकाको आपराधिक दायित्व देहाय बमोजिम हुने:-

| बालबालिकाको उमेर | आपराधिक दायित्व |
|---|---|
| १० वर्षभन्दा कम | सजाय नहुने |
| १० वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम | ▪ जरिवाना हुने कसूर गरेको भए सम्झाइ बुझाई छाडिने<br>▪ कैद हुने कसूर गरेको भए ६ महिनासम्म कैद गर्ने वा १ वर्षसम्म बालसुधार गृहमा राखिने |
| १४ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा कम | उमेर पुगेको कसूरदारलाई हुने सजायको आधा सजाय |
| १६ वर्ष वा सोभन्दा माथि र १८ वर्ष वा सोभन्दा कम | उमेर पुगेको कसूरदारलाई हुने सजायको दुई तिहाई सजाय |

## भाग-५

## बालबालिकाको उमेर कायम गर्ने आधार

(क) बालबालिका सम्बन्धी ऐनको दफा ८३ बमोजिम बालबालिकाको उमेर कायम गर्दा देहायका कुरालाई आधार मान्नु पर्नेः-

- अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्ममिति,
- अस्पतालबाट जारी भएको जन्मदर्तामा जन्ममिति नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,
- स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्ममिति,
- त्यस्तो प्रमाणपत्र वा जन्ममिति पनि नभएमा अस्पतालबाट प्रमाणित उमेर सम्बन्धी प्रमाणपत्रमा उल्लिखित मिति,
- सो पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबु, आमा, संरक्षक वा परिवारका अन्य सदस्यले कुलाई दिएको उमेर वा अन्य यस्तै सम्बद्ध प्रमाण।

भाग- ६

## बालबालिकालाई सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरू

(क) सजाय निर्धारण ऐनको दफा १६ बमोजिम बालबालिकालाई सजाय निर्धारण गर्दा देहायका कुराहरूलाई समेत विचार गर्नु पर्ने:–

- निजको सर्वोत्तम हित,
- कसूरको गम्भीरता र दोषको मात्रा,
- बालबालिकाको उमेर, शिक्षा, पारिवारिक स्थिति, सामाजिक अवस्था, कसूरको किसिम, कसूरबाट पुग्न गएको हानि नोक्सानी र कसूर गर्नुको उद्देश्य समेतका कुरा सहितको निजको व्यक्तिगत परिस्थिति,
- पीडितलाई निज प्रस्ताव गरिएको क्षतिपूर्ति,
- अपराधप्रतिको पश्चात्ताप,
- असल र उपयोगी जीवन जिउने चाहना ।
- सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भीर कसूर वा पटके रूपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु नहुने।

(ख) सजाय निर्धारण ऐनको दफा २४ को उपदफा (५) बमोजिम बालबालिकाको हकमा सजाय निलम्बन गर्दा निजको उमेर तथा कसूर गर्दाको परिस्थिति समेतलाई विचार गरी शर्त तोकी वा नतोकी देहाय बमोजिम निर्णय गर्न सकिने:–

- परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल आचरणीय व्यवहारका सम्बन्धमा सम्झाउन तथा बुझाउन लगाउने,
- सेवा प्रदान गर्ने संघसंस्था वा व्यक्तिहरूबाट बालबालिकालाई अभिमुखीकरण गर्न लगाउने,
- एकल, सामुहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन लगाउने,
- परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्तहरू पालना गर्ने गरी निश्चित अवधिका लागि निजहरूको संरक्षकत्वमा राख्न लगाउने।

(ग) बालबालिका सम्बन्धी ऐनको दफा ४१ बमोजिम उक्त ऐन वा प्रचलित कानून बमोजिम पटके कायम गर्दा नाबालिग अवस्थामा गरेको कसूरजन्य कार्यको गणना नगरिने र बालबालिकाले पटक पटक कसूरजन्य कार्य गरे पनि पटकेको आधारमा निजलाई थप सजाय नगरिने।

(घ) अपराध संहिताको दफा ४६ को उपदफा (२) बमोजिम कसूरदार बालबालिकालाई जरिवाना बापत कैद गर्दा देहाय बमोजिम गर्नु पर्ने:-

- जरिवाना मात्र हुने वा कैद वा जरिवानामध्ये कुनै एक सजाय हुने कसूरमा जरिवाना नतिरेकोमा कैद नगरी जरिवाना मिनाहा गर्नु पर्ने,
- कैद वा जरिवाना वा दुवै सजाय हुने कसूरमा जरिवाना मात्र सजाय भएकोमा त्यस्तो जरिवाना नतिरे बापत कैद सजाय निर्धारण गर्नु पर्दा तीन महिनाभन्दा बढी नहुने गरी कैद गर्नु पर्ने,
- चौध वर्ष उमेर पुगेको तर अठार वर्षभन्दा कम उमेर भएको व्यक्तिलाई जरिवाना नतिरे बापत कैद सजाय निर्धारण गर्नु पर्दा अठार वर्ष उमेर पुगेको व्यक्तिलाई गर्नु पर्ने कैद सजायको आधाभन्दा बढी नहुने गरी कैद गर्नु पर्ने ।

(ङ) सजाय निर्धारण ऐनको दफा ३१ बमोजिम १८ वर्षभन्दा कम उमेरको बालबालिका कसूरदारलाई कैद बापत शारीरिक श्रममा लगाउन नसकिने।

## भाग-५

## कसूरदार बालबालिकाउपरको सजायको कार्यान्वयन

(क) बालबालिका सम्बन्धी ऐनको दफा ३६ को उपदफा (५) बमोजिम कसूर बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिलाई विचार गरी कसूरदार बालबालिकाको हकमा देहायको कुनै उपयुक्त निर्णय गर्नेः-

- कुनै शर्त तोकी वा नतोकी सजाय स्थगन गर्ने,
- परिवारका सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन वा बुझाउन लगाउने,
- एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,
- परिवारका सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्त पालना गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने,
- सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,
- निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने।

(ख) फौजदारी कार्यविधि संहिताको दफा १५४ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम अठार वर्ष उमेर नपुगेको बालबालिका कसूरदार ठहरिएकोमा निजलाई कैद सजायको भुक्तानीको लागि नेपाल सरकारले व्यवस्था गरेको कुनै बाल सुधार गृह वा यस्तै अन्य गृहमा राख्नु पर्ने।

### सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन तयारी समिति

| | |
|---|---|
| डा. आनन्दमोहन भट्टराई, न्यायाधीश, सर्वोच्च अदालत | संयोजक |
| अनिलकुमार सिन्हा, न्यायाधीश, सर्वोच्च अदालत | सदस्य |
| टेकप्रसाद ढुङ्गाना, न्यायाधीश, उच्च अदालत पाटन, हेटौंडा इजलास | सदस्य |
| दुर्गाप्रसाद दुवेल, न्यायाधीश, मोरङ जिल्ला अदालत | सदस्य |
| डा. श्रीप्रकाश उप्रेती, न्यायाधीश, भक्तपुर जिल्ला अदालत | सदस्य |
| सञ्जीवराज रेग्मी, सह-न्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| लालबहादुर कुँवर, रजिस्ट्रार, सर्वोच्च अदालत | सदस्य सचिव |

**सन्दर्भ सामाग्री**


- नेपालको अन्तरिम संविधान, २०६३
- नेपालको संविधान
- मुलुकी ऐन, २०२०
- बालबालिकासम्बन्धी ऐन, २०४८
- मुलुकी अपराध संहिता, २०७४,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४
- बालबालिकासम्बन्धी ऐन, २०७५
- बाल न्याय (कार्यविधि) नियमावली, २०६३
- बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६
- कसुरदार बालबालिकाको सजाय निर्धारणसम्बन्धी सामान्य मार्गदर्शन (२०७५)
- बाल न्याय स्रोत सामाग्री, २०७६, महान्यायाधिवक्ताको कार्यालय, सिंहदरबार, काठमाडौं
- नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०७१, बाल न्याय समन्वय समिति सचिवालय, हरिहरभवन, ललितपुर
- नेपाल कानून पत्रिका २०७४/२०७५


अनुसूची १ बाल इजलासबाट माग गरिएको तथ्याङ्कसम्बन्धी फारमको ढाँचा

अनुसूची २ बालबालिकासम्बन्धी ऐन, २०७५

अनुसूची ३ बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६

अनुसूची ४ कसुरदार बालबालिकाको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन (२०७५)

Serial No. 5


सम्पर्क : केन्द्रीय बाल न्याय समितिको सचिवालय
श्रीमहल, पुल्चोक, ललितपुर, नेपाल ।
फोन नं. ०१-५०१०१५५, ०१-५०१००४१
फ्याक्सः ०१-५०१०१५५
Website: www.cjcc.gov.np